# मध्यमकालीन खर्च संरचना

## आ.व. २०८२/८३ - २०८४/८५

**[Medium Term Expenditure Framework F.Y. 2025/026 – 2027/028]**



# शैलुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

दोलखा, बागमती प्रदेश

## Shailung Municipality

**Office of Rural Municipal Executive**

**Dolakha, Bagamati Province**

२०८२ असार

# मध्यमकालीन खर्च संरचना

**आ.व. २०८२/८३ - २०८४/८५**

सर्वाधिकार : **शैलुङ गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
२०८२ आषाढ

सम्पर्कका लागि : **गाउँ कार्यपालिकाको कार्यालय**
दोलखा, बागमती प्रदेश, नेपाल

फोन: ०४९ ४३०००४

**Email : ito.shailungmun@gmail.com,**
**info@shailungmun.gov.np**

# विषयसूची


| बिषय | पेज नं |
|---|---|
| **परिच्छेद १: परिचय** | **१ – ६** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा | २ |
| १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य | ३ |
| १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू | ३ |
| १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया | ४ |
| **परिच्छेद २: मध्यमकालीन खर्च संरचना** | **७ –१५** |
| २.१ पृष्ठभूमि | ७ |
| २.२ चुनौती तथा अवसर | ८ |
| २.३ सोच तथा उद्देश्य | ९ |
| २.४ मध्यमकालीन आर्थिक खाका | ९ |
| २.५ मध्यमकालीन नतिजा खाका | १० |
| २.६ मध्यमकालीन बजेट खाका | ११ |
| २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट | १२ |
| २.८ विषय क्षेत्रगत बाँडफाँट | १४ |
| **परिच्छेद ३: आर्थिक क्षेत्र** | **१६-३२** |
| ३.१ कृषि, खाद्य सुरक्षा तथा सिंचाई | १६ |
| ३.२ पशुपन्छी सेवा विकास | १८ |
| ३.३ उद्योग, व्यापार र आपुर्ती व्यवस्था | २१ |
| ३.४ पर्यटन तथा सम्पदा विकास | २३ |
| ३.५ भूमि व्यवस्था, सहकारी र वित्तिय सेवा | २८ |
| ३.६ श्रम, रोजगारी र गरिबी निवारण | ३० |
| **परिच्छेद ४ : सामाजिक क्षेत्र** | **३३-४४** |
| ४.१ शिक्षा, कला, भाषा र साहित्य | ३३ |
| ४.२ जनस्वास्थ्य तथा पोषण | ३६ |
| ४.३ खानेपानी तथा सरसफाई | ३८ |
| ४.४ महिला, बालबालिका र सामाजिक समावेशीकरण (परिषद् समेत) | ४० |
| ४.५ युवा, खेलकुद, रोजगारी तथा नवप्रवर्तन | ४२ |

**परिच्छेद ५: पुर्वाधार क्षेत्र** **४५-५३**
५.१ आवास तथा बस्ति विकास ४५
५.२ सडक, पुल तथा यातायात ४७
५.३ सूचना, सञ्चार तथा प्रविधि पूर्वाधार ४९

**परिच्छेद ६: वन, वातावरण तथा विपद व्यवस्थापन** **५४-६२**
६.१ वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण ५४
६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ५८
६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ६०

**परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र** **६३-६८**
७.१ नीति, कानून, न्याय तथा सुशासन ६३
७.२ सङ्गठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह ६५
७.३ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ६७

**अनुसूचीहरू** **६९-७७**
अनुसूची १: मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल ६९
अनुसूची २: मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन ७०
अनुसूची ३: खर्च तथा स्रोतको अनुमान, कार्यक्रम/आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण ७७

# तालिका सूची

| तालिका | पेज नं |
|---|---|


| | |
|---|---|
| तालिका १: मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा) | ९ |
| तालिका २: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य | १० |
| तालिका ३: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण | ११ |
| तालिका ४: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण | १२ |
| तालिका ५: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण | १२ |
| तालिका ६: लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण | १३ |
| तालिका ७: जलवायु सङ्केतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण | १३ |
| तालिका ८: आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण | १४ |

# परिच्छेद १

# परिचय

## १.१ मध्यमकालीन खर्च संरचनाको अवधारणा

नेपालको संविधानको भाग ५ को धारा ५६ र ५७ ले तीन तहको राज्य संरचनाको निर्माण गरी तीनवटै तहलाई आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने समेतका अधिकार दिएको छ। यसैगरी नेपालको संविधानको धारा २३० ले गाउँपालिकाको हकमा प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून वमोजिम गाउँ सभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले पनि गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। साथै वार्षिक अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विश्लेषण गर्नु आवश्यक रहेको छ।

त्यस्तैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार तथा प्रदेश र स्थानीय तहले अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। सो ऐनको दफा १७ अनुसारको स्थानीय सरकारले समेत यसै ऐनको दफा १६ अनुसारको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने कानुनी व्यबस्था छ। यस्तो खर्च संरचनामा समावेश हुन कार्यक्रमका विषयमा योजनाको उद्देश्य, योजनाको संभाव्यता अध्ययन वा खर्चको आवश्यकताको विवरण, कार्यान्यनमा आउने आर्थिक वर्ष तथा त्यसपछिका दुई वर्षमा प्राप्त हुने प्रतिफल र उपलब्धी, योजना लागु गर्न आवश्यक पर्ने खर्च विवरण, खर्च व्यहोर्ने स्रोत र प्रतिफल तथा उपलब्धी प्रक्षेपण, मध्यम अवधिको खर्च रणनीति र वार्षिक खर्चसँगको तादाम्यता र चालु आयोजना भए गत वर्षको खर्च र लक्ष प्राप्तिको अवस्था जस्ता विषयहरू समावेश हुनुपर्दछ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य गाउँपालिकामा उपलव्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालिमा वित्तीय अनुशासन कायम गर्नु हो। मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा खर्च संरचनामा समावेश हुने योजना, कार्यक्रम तथा परियोजनाको उद्देश्य, आगामी वर्ष तथा त्यसपछिका दुई वर्षमा प्राप्त हुने अनुमानित प्रतिफल उपलब्धी समेत समावेश हुन्छ। तसर्थ मध्यमकालीन खर्च संरचनाले सरकारले परिचालन गर्न सक्ने स्रोत साधनको वैज्ञानिक ढङ्गले अनुमान लगाई त्यस्तो साधनलाई आवधिक योजनाले प्राथमिकतामा राखेका क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गरी साधनको प्रयोगको प्रभावकारिता बढाउनमा मद्दत गर्दछ।

## १.२ मध्यमकालीन खर्च संरचनाको औचित्य

स्थानीय तहको प्रक्षेपित खर्च र स्रोतवीच सन्तुलन कायम गर्नु, वित्तीय अनुशासन कायम गर्नु, गैर–बजेटरी अभ्यासमा नियन्त्रण हुनु, कार्यक्रम तथा आयोजनाको लागि साधन र स्रोतको सुनिश्चितता हुनु, बजेट तर्जुमाको प्रकृया बैज्ञानिक तथा भरपर्दो र विश्वसनीय हुनु अपरिहार्य छ। बजेट विनियोजन र विनियोजित साधनको प्रयोगमा कुशलतामा अभिवृद्धि आई र स्थानीय गौरवका आयोजनाको लागि स्रोत विनियोजनमा सुनिश्चितता हुनु आवश्यक देखिन्छ। स्थानीय तहको बजेट, नीति तथा कार्यक्रमले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको समेत आवधिक योजना सापेक्ष रहेर सबै लक्ष्यहरू हासिल गर्ने ध्येय राख्नु आवश्यक छ। त्यसैगरी नेपाल पक्ष भएका अन्तरराष्ट्रिय प्रतिवद्धता पुरा गर्ने दायित्व सङ्घ, प्रदेश र स्थानीय तहमा निहित रहेको छ। यसर्थ, यस गाउँपालिकाले समेत आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरूलाई दिगो विकास लक्ष्यमैत्री हुने गरी रुपान्तरण गर्दै बजेटको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने हुन्छ। गाउँपालिकामा मध्यमकालीन खर्च संरचना तर्जुमाको प्रक्रिया देखि नै कार्यक्रम र बजेटलाई दिगो विकास लक्ष्यसँग तादम्यता मिलाउदै लगेको खण्डमा बजेटको कार्यान्वयन मार्फत दिगो विकासका लक्ष्यहरू समेत हासिल गर्न सक्ने अवस्था सिर्जना हुने विश्वास लिइएको छ।

मध्यमकालीन खर्च संरचनाले नीतिगत प्राथमिकतालाई वार्षिक कार्यक्रममा रुपान्तरण गर्दै आयोजनाको प्राथमिकीकरण समेत गरी स्रोतको सुनिश्चितता मार्फत सार्वजनिक खर्चको कुशल अभ्यास गराउने औजारको रूपमा रहेकाले यस मार्फत गाउँपालिकामा दिगो विकासका लक्ष्य समेतलाई आन्तरिकीकरण गर्न सकिने विश्वास लिइएको छ। वित्तिय सङ्घीयताको कार्यान्वयन र सार्वजनिक वित्तको अभ्यासमा समेत गाउँपालिका सरकार नागरिकसँग अति सन्निकट भई कार्य गर्ने भएकाले सबै प्रकारका विकासका लक्ष्यहरूलाई मध्यमकालीन खर्च संरचना मार्फत शैलुङ गाउँपालिकाले सबै कार्यक्रम तथा आयोजनामा आन्तरिकीकरण भई कार्यान्वयनमा लैजाने अपेक्षा गरिएको छ।

स्थानीय सरकारले समेत आवधिक तथा वार्षिक लक्ष्य हासिल गर्ने विषयलाई दिगो विकासका लक्ष्यसँग आन्तरिकीकरण गरी तदनुरूपका रणनीति र सूचकहरूलाई सापेक्ष बनाउँदै लैजानु आवश्यक छ। नेपालले समेत दिगो विकासको प्रतिवद्धता अनुसार मुलुकलाई सन् २०३० सम्ममा अदम्य उत्साह एवं क्रियाशील स्वस्थ वातावरणमा बसोबास गर्ने मध्यम वर्गीयहरूद्वारा चलायमान, व्यवसायमैत्री, न्यून (एक अङ्कको) र घट्दो निरपेक्ष गरिबी एवम् मध्यम आय भएको देशको रूपमा स्थापित गर्ने दुरदृष्टि लिएको छ। यो सन्दर्भमा स्थानीय सरकारले मध्यमकालीन खर्च संरचनालाई मुलुकले अन्तर्राष्ट्रियस्तर स्तरमा जाहेर दिगो विकासका लक्ष्य हासिल गर्ने कार्यको प्रतिवद्धतामा परोक्ष योगदान पुग्ने किसिमले औजारको रूपमा उपयोग गर्नु आवश्यक छ।

तसर्थ, यस मध्यमकालीन खर्च संरचनामा कार्यक्रम, आयोजना वा उपक्षेत्रको प्राथमिकीकरणमा अङ्क निर्धारण गर्दा दिगो विकासको लक्ष्य प्राप्तिमा योगदानको अङ्कभारमा आधारित भई छनौट र प्राथमिकीकरण गरिएको, दिगो विकासका लक्ष्यका सूचकसँग तादम्यता हुने गरी मध्यमकालीन नतिजा खाका तयार गरिएको र खर्च एवं स्रोतको अनुमान एवं समेत दिगो विकासका लक्ष्यहरूसँग आधारित भई बाँडफाँट गरिएको छ। साथै दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गर्ने ध्येयले उपक्षेत्रगत रूपमा समेत मध्यमकालीन नतिजा सूचक र लक्ष्यहरूलाई सम्भव भएसम्म

दिगो विकासका लक्ष्य सूचकहरूसँग सन्निकट रहने गरी कायम गरिएकोले शैलुङ गाउँपालिकाको यस मध्यमकालीन खर्च संरचना महत्वपूर्ण दस्तावेजको रूपमा रहने अपेक्षा गरिएको छ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

यस मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य गाउँपालिकामा उपलव्ध स्रोत साधनलाई नीति, योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालिमा वित्तीय अनुशासन कायम गर्नु हो । साथै गाउँपालिकाको सर्वाङ्गिंण, सन्तुलित, फराकिलो र दिगो विकासका लागि सार्वजनिक खर्चको व्यबस्थापनलाई उत्पादनमुखी, अनुसाशित र प्रभावकारी बनाउनु र वित्तीय स्रोतको उपलब्ध सीमा भित्रै बसेर प्राथमिकताको क्रम अनरूप वार्षिक योजना कार्यान्वयनको लागी स्रोतको सुनिश्चितता गर्दै समष्टिगत आर्थिक स्थायित्वलाई दिगो तथा भरपर्दो बनाउने प्रयास मध्यमकालीन खर्च संरचनाले गरेको छ। यस पृष्ठभूमिमा यस मध्यमकालीन खर्च संरचनाका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

(क) योजना र वार्षिक विकास योजनालाई बजेटसँग तादाम्यता कायम गरी स्रोत–साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउँदै आगामी दुई वर्षको बजेट खाका प्रक्षेपण गर्नु,

(ख) गाउँपालिकको कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको सुनिश्चितता गर्नु,

(ग) गाउँपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र अन्य स्रोतहरूको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु,

(घ) गाउँपालिकाको सार्वजनिक खर्चको प्रभावकारी परिचालन गरी लक्षित प्रतिफल सुनिश्चित गर्नु,

(ङ) गाउँपालिकाका वार्षिक बजेट अनुमानलाई उपलब्ध स्रोतहरू र खर्चको क्षमताको दृष्टिले यथार्थपरक बनाउनु, र

(च) गाउँपालिकाको सार्वजनिक खर्चलाई मितव्ययी, नतिजामुखी, जवाफदेहिता र आर्थिक अनुशासन कायम गर्दै समग्र वित्तीय व्यवस्थापनको कार्यलाई जोखिममुक्त बनाउनु।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू

गाउँपालिकाको यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा नेपालको संविधान र अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४, नेपाल सरकारको सोह्रौ योजना, दिगो विकासका लक्ष्य समेतका रणनीतिहरू, वाग्मती प्रदेशको आवधिक योजना (२०८१/०८२ - २०८५/८६), राष्ट्रिय योजना आयोगबाट तयार गरिएको सङ्घ, प्रदेश तथा स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाहरूको वर्गिकरण तथा बाँडफाँट मापदण्ड २०७६, वाग्मती प्रदेशका विभिन्न ऐन कानून र निर्देशिका एवं योजना सम्वन्धि दस्तावेजहरूका अतिरिक्त गाउँपालिकाका देहाय बमोजिमका दस्तावेज तथा कानूनहरूलाई आधार लिइएको छ।

१. शैलुङ गाउँपालिकाको विगतका अर्थ सम्वन्धि व्यवस्था गर्न बनेका आर्थिक ऐनहरू,
२. शैलुङ गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको आर्थिक कार्यविधि ऐनहरू,
३. शैलुङ गाउँपालिकाको विगतका विनियोजन ऐनहरूले लिएका सिद्धान्त, प्राथमिकता र प्रमुख नीति,

४. शैलुङ गाउँपालिकाका विगत वर्षका नीति तथा कार्यक्रमहरू,
५. शैलुङ गाउँपालिकाका नवनिर्वाचीत प्रतिनिधीज्यूहरूसँग भएका छलफलहरू, र
६. शैलुङ गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय, मध्यमकालीन खर्च संरचना कार्यदल र विषयगत योजना तर्जुमा समितिका निर्णयहरू आदि ।

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

मध्यमकालीन खर्च संरचनाले योजना र वार्षिक बजेटबीच तादत्म्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यस मध्यमकालीन खर्च संरचना तर्जुमामा देहाय बमोजिमको विधि तथा प्रक्रिया अबलम्बन गरिएको छ:

### १.५.१. अभिमुखीकरण र कार्यशाला आयोजना

मध्यमकालीन खर्च संरचनाको यसको अबधारणा, सैद्धान्तिक एवं कानुनी पक्ष र तर्जुमा बिधि तथा प्रक्रियाको बारेमा जनप्रतिनिधि, सम्पूर्ण बिषयगत समिति, बिषयगत शाखाहरूको जानकारीको लागि गाउँपालिकाले ..... दिने अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ । साथै मध्यमकालीन खर्च संरचनाको ढाँचा, बिषयगत क्षेत्रगत खर्च संरचना तर्जुमा र बिषयगत समिति एवं शाखाहरूको जिम्मेवारी तथा कार्ययोजनामा समेत केन्द्रित भई थप ............... दिने बृहद कार्यशाला आयोजना सम्पन्न भएको थियो ।

### १.५.२. योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा

यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा योजना, योजनाका लक्ष्य, विषयगत क्षेत्रगत उपलव्धि, उद्देश्य र प्राथमिकता तथा वार्षिक विकास कार्यक्रम कार्यान्वयनको अवस्था सहितको समीक्षा गरिएको थियो । सो समीक्षाका आधारमा विगतको उपलब्धि, आय र खर्चको प्रवृत्ति विश्लेषण गरी यस खर्च संरचनाको आर्थिक खाका तयार गरिएको छ । आर्थिक खाकामा स्थानीय उत्पादन बार्षिक रूपमा (कृषि क्षेत्र र गैरकृषि - उद्योग, सेवा र सार्वजनिक), औपचारिक क्षेत्रमा रोजगारी उपलब्धता दर (कुल सक्रिय जनसंख्यामा), प्रतिव्यक्ति वार्षिक औसत आय र बेरोजगारी दर समाबेश गरिएको छ ।

### १.५.३. त्रि–वर्षीय खर्च प्रक्षपेण सहित कुल बजेटको आकार र स्रोतको आँकलन

यस दस्ताबेजमा आन्तरिक आयको प्रक्षेपण स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको अनुसार प्रस्तुत गरिएको छ, जसलाई प्रक्षेपणको विस्तृत कानुनी तथा अन्य आधारहरू सहित परिच्छेद २ (२.६) मा समाबेश गरिएको छ । बजेट सीमामा सङ्घ तथा प्रदेशले अन्तर वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान विनियोजन गरे अनुसार र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम तथा रोयल्टी रकमलाई विगतको वर्षहरूमा प्राप्त रकमलाई आधार मानि प्रस्तुत गरिएको छ। साथै विषयगत क्षेत्र/उपक्षेत्रगत खर्चको अनुमान तथा प्रक्षेपण समेत गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र तिनवर्षको खर्चको आवश्यकताका आधारमा गरिएको छ । साथै स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आन्तरिक तथा बाह्य वित्तीय साधनको सम्भावना, राजस्व तथा व्ययको प्रक्षेपण र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्ष सहित थप २ आर्थिक वर्षको बजेट आकार निर्धारण गरेको छ ।

### १.५.४. बजेट सीमा निर्धारण तथा बाँडफाँट

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी वर्षको कुल स्रोत तथा खर्चको प्रक्षेपणको आधारमा तीन वर्षको बजेट सीमा प्रक्षेपण गरिएको छ। बजेट सीमा निर्धारण तथा स्रोतको बाँडफाँट गर्दा विषय क्षेत्रगत रणनीति, लक्ष्य तथा उपलब्धिलाई आधार लिइएको छ। क्रमागत कार्यक्रम तथा आयोजनाहरूको सन्दर्भमा तिनको कार्यान्वयनको अवस्था र आयोजनाको पूर्व तयारीका कार्यहरू जस्तै सम्भाव्यता अध्ययन वा लागत एकीन भएका कार्यक्रम तथा विस्तृत आयोजना प्रतिवेदन तयार सम्पन्न भैसकेकाहरूको हकमा सो समेत स्रोतको बाँडफाँटमा संलग्न गरिएको छ।

### १.५.५. बजेट सीमा एवं मार्गनिर्देशनको स्वीकृति र विषयक्षेत्रगत मस्यौदा

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी तीन वर्षको कुल स्रोत तथा खर्चको अनुमान र प्रक्षेपण, विषय क्षेत्र/उपक्षेत्रगत बजेट सीमा र मार्गनिर्देशन (अनुसूची २) उपर कार्यपालिकामा छलफल गरी स्वीकृत भएको छ। साथै, स्वीकृत बजेट सीमामा रहेर सम्बन्धित विषयगत महाशाखा/शाखाहरूबाट विषयक्षेत्रगत रूपमा समेत गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र ११ महिनाको यथार्थ खर्चको आधारमा आगामी आर्थिक वर्ष  र थप २ आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रक्षेपण सहित खर्च संरचनाको मस्यौदा तयार भएको हो।

### १.५.६. प्रारम्भिक मस्यौदा र विषयगत समितिहरूमा छलफल

विषयक्षेत्रगत रूपमा मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीसँगै गाउँपालिकाको पूर्ववत तर्जुमा भइसकेका विषय क्षेत्रगत रणनीतिक योजनाको लक्ष्य र उपलब्धि सूचक र बिगतको नीति कार्यक्रमका आधारमा विषय क्षेत्रगत मध्यमकालीन नतिजा खाका तयार गरिएको छ। त्यसैगरी गाउँपालिकाको समग्र विकासका लागि आवश्यक देखिएका कार्यक्रम तथा आयोजना एवं पुर्ब तयारीका कार्यहरू सम्पन्न भैसकेका क्रमागत अथवा बहुबर्षीय आयोजनाहरू समेत समावेश गरी कार्यक्रम आयोजना विवरण तयार भएको छ।

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी पश्चात कार्यक्रम तथा आयोजनाहरूको रणनीतिक स्तम्भ, प्राथमिकीकरण, दिगो विकास लक्ष्य, जलवायु सङ्केत एवम् लैंगिक सङ्केतको आधारमा सांकेतीकरण गरिएको छ। उल्लिखित विषयहरूका अतिरिक्त स्थानीय गौरवका आयोजना र विषय क्षेत्रगत रूपमा कार्यक्रम तथा आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण गरीएको छ। विषयगत महाशाखा/शाखाहरूले तयार गरेको विषयगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर कार्यदलमा छलफल समेत गरी सम्बन्धित विषयगत समितिमा पनि विषयगत छलफलका लागि प्रस्तुत गरिएको थियो।

कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको मस्यौदा र आगामी आर्थिक बर्षको बजेटमाथि सम्बन्धित विषयगत समितिमा छलफल गरिएको छ। छलफलमा बिशेषत नेपालको संविधानिक व्यवस्था, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार क्षेत्र, राष्ट्रिय योजना (१६ औं योजना), दिगो विकास लक्ष्य, प्रादेशिक तथा स्थानीय तहको योजना साथै गाउँपालिकाको आवस्यकता र सम्भावनाहरूमा केन्द्रित भएको थियो।

### १.५.७. मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा

यस मध्यमकालीन खर्च संरचनामा आर्थिक खाका गाउँपालिकाको विषय क्षेत्रगत अपेक्षित उपलब्धि प्राप्त गर्न सहयोग पुग्ने गरी विगतको उपलब्धि, आय र खर्चको प्रवृत्ति विश्लेषण गरी तयार गरिएको छ। त्यसैगरी नतिजा खाका तयार गर्दा गत आर्थिक वर्षको यथार्थ अवस्था, चालु आर्थिक वर्षको अनुमानित उपलब्धिको आधारमा आगामी आर्थिक वर्ष र वाँकी २ वर्षको लक्ष्य निर्धारण गरिएको छ। त्यसैगरी बजेट खाका तर्जुमा गर्दा विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमलाई आधार लिइएको छ।

विषयगत समितिमा छलफल पश्चात कार्यक्रम/आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना बिषयगत समिति र बजेटको एकीकृत मस्यौदा बजेट तथा कार्यक्रम तर्जुमा समितिले गरेको हो। साथै बजेट तथा कार्यक्रम तर्जुमा समितिले आर्थिक खाका, नतिजा खाका तथा बजेट खाका सहित विषय क्षेत्रगत खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयार गरेको हो।

### १.५.८. मध्यमकालीन खर्च संरचनाको स्वीकृती

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल गरी स्वीकृत भएको हो। कार्यपालिकामा स्वीकृत प्रतिबेदन शैलुङ गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट दस्ताबेजको साथमा गाउँ सभामा पेश गरिएको छ।

# परिच्छेद २

# मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

प्रस्तुत पृष्ठभूमिमा पछिल्लो समय मुलुकको समग्र अर्थतन्त्रमा सिथिलता देखिएको सन्दर्भमा गाउँपालिकाको आर्थिक क्रियाकलापलाई गतिशील बनाउनको लागि गाउँ क्षेत्रमा पर्याप्त उद्योग व्यबसायको प्रवद्र्धन गर्ने, थला परेका उद्योग व्यबसायको पुनर्रुत्थान गर्ने, थप रोजगारी सिर्जना गर्न व्यबसायको नवप्रबर्दन गर्ने कार्यहरूले अपेक्षा अनुसार हुन सकेका छैनन् । यी समग्र आर्थिक चुनौतीहरूको समेत सम्बोधन गर्दै मध्यमकालीन खर्च संरचनाको खाका सहित आर्थिक वर्ष २०८२/८३ र थप २ बर्षको बजेट तर्जुमा गर्नुपर्ने दायित्व गाउँ कार्यपालिकाको छ । गाउँको अर्थतन्त्रको अवस्थालाई मध्यनजर गर्दै त्यसको थप असर तथा प्रभावलाई न्यूनीकरण गर्ने, रोजगारी, सुधार र पुनरुत्थान समेतका कार्यक्रममा जोड दिदै अपेक्षित दरमा आर्थिक वृद्धि हुनेगरी मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । यस पृष्ठभूमिमा नेपालको संविधानले परिकल्पना गरे बमोजिमको समाजवाद उन्नुख कल्याणकारी अर्थ व्यवस्था कायम गर्ने सोचलाई मनन गर्दै गाउँ सरकारको नीति तथा कार्यक्रममा उल्लिखित दीर्घकालीन लक्ष्य हासिल गर्न तथा नेपाल सरकारको सोच, लक्ष्य तथा प्राथमिकतासँग सामञ्जस्य हुने गरी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ ।

## २.२ चुनौती तथा अवसर

नेपालको संबिधानले आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्नुका अतिरिक्त लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने लक्ष्य लिएको छ । संविधानले परिलक्षित गरेको सुशासन, विकास र समृद्धिको आकांक्षा त्यतिबेला मात्र पुरा हुन्छ जतिबेला स्थानीय सहित सबै तहका सरकारले जनताको आकांक्षासँग जोडिएका आर्थिक, सामाजिक एवं पूर्वाधार सम्बन्धी आवश्यकताहरूलाई तिनिहरूको सघनता र गहनता अनुसार प्राथमिकिकरण गरी उपलब्ध साधन र स्रोतको समुचित व्यवस्थापन, परिचालन र उपयोग गर्न सक्दछन् । तर सार्वजनिक स्रोतको विनियोजन गर्ने क्रममा स्रोतको सिमिततालाई ख्याल गरी प्राथमिकता एवं आवश्यकताको दृष्टिकोणले सम्बन्धित विषयमा मितव्ययी रूपले बजेट खर्च गर्ने प्रणालिको विकास गर्ने कार्य आज पनि स्थानीय लगायत सबै तहका सरकारहरूको लागि चुनौतीपूर्ण रहेको छ । सार्वजनिक स्रोतको समुचित विनियोजन गरी सो रकमको प्रभावकारी ढङ्गले उपयोग गर्न, कार्यक्रम तथा आयोजनाको स्रोत सुनिश्चित हुने परिपाटी स्थापित गर्न एवं सार्वजनिक वित्तको अभ्यास र व्यबस्थापनलाई उत्पादनमुखी बनाउन मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भुमिका रहने भएपनि यसको निर्दिष्ट सोच र उद्देश्यलाई वार्षिक विकास कार्यक्रम समेत तादम्यता गर्ने अभ्यास स्थापित हुन नसक्नु अर्को चुनौती देखिएको छ ।

त्यसैगरी स्थानीय तह भित्रका जीवन्त स्रोत र सम्भावनाहरूको पहिचान गरी तिनिहरूलाई प्रतिफल योग्य वनाउनु, विषय क्षेत्रगत रणनीतिको कार्यान्वयन गरी आम्दानीको वितरणलाई समतामुलक बनाउनु, चालु खर्चलाई मितव्ययी एवं पूँजीगत खर्चलाई नतिजापरक बनाउनु, जनसांख्यिकीय लाभका दृष्किोणले उमेर समुहका युवाशक्तिको समुचित परिचालनमार्फत स्थानीय विकासका कार्यमा तिव्रता दिनु, दिगो विकासको लक्ष्य एवं रणनीतिसँग तालमेल गरी स्रोत

उपयोगको हक भविष्यका पुस्तामा हस्तान्तरण गर्नु, स्थानीय तह विशेषताका आधारमा परम्परागत विधिमा आधारीत उद्यमशिलताको संरक्षण तथा त्यसलाई परिस्कृत बनाउँदै आर्थिक लाभलाई गुणात्मक बनाउनु, आधुनिक प्रविधिलाई उत्पादनमुखी कार्यसँग जोड्दै नवप्रवर्तनका कार्यहरूलाई समेत उत्पादकत्व वृद्धिको कार्ययोजनामा आवद्ध गराउनु र मध्यमकालीन खर्च संरचना अनुसारका विषयगत क्षेत्रगत सोच, लक्ष्य र रणनीति अनुसार संस्थागत क्षमता अभिवृद्धि गर्दै पूर्ण रूपमा वित्तिय सङ्घीयताको अभ्यासमा स्थानीय तह सक्षम बनाउने कार्य चुनौतीपूर्ण छ।

संविधानले नै कार्यक्षेत्र, अधिकार र जिम्मेवारीको स्पष्ट बाँडफाँट गरेकाले उपलव्ध स्रोतहरूको उच्चतम परिचालन र लगानी गर्दै प्रतिफल लिनसक्ने अवसर स्थानीय तहलाई प्राप्त छ। नेपालको वित्तिय सङ्घीयताको अभ्यासमा तुलनात्मक रूपमा स्थानीय सरकारको प्रभावकारिता र कार्यक्षमता अन्य तहको भन्दा धेरै औचित्यपूर्ण देखिएको छ। स्थानीय सरकार जनताको दैनिकीसँग परोक्षरूपमा पहुच राख्ने भएकाले समेत सार्वजनिक वित्तको अभ्यासमा सहभागितामुक कार्यक्रम सञ्चालन गर्ने कार्यमा पनि स्थानीय तह तुलनात्मक रूपमा सक्षम देखिएका छन्। यस अर्थमा उपलव्ध स्रोतको परिचालन गरी आर्थिक, सामाजिक एवं पूर्वाधार विकास मार्फत समुन्नत र समृद्ध समाजको जग बसाउने र **"समृद्ध नेपाल, सुखी नेपाली"** को आधारस्तम्भहरू तयार गर्ने अवसर र जिम्मेवारी स्थानीय तहलाई प्राप्त छ। तसर्थ स्थानीय अर्थतन्त्रलाई समेत संविधानको लक्ष्य अनुसार मुलुकलाई समाजवाद उन्मुख, आत्मनिर्भर, स्वतन्त्र तथा उन्नयनशील बनाउने र दिगो विकास लक्ष्य हासिल गरी समृद्धिको मार्गमा अग्रसर गराउने कार्यमा स्थानीय तहले समेत टेवा दिनु अपरिहार्य छ, जुन कार्यलाई अबसरको रूपमा उपयोग गर्नु आवश्यक छ।

शैलुङ गाउँपालिका क्षेत्र उच्च मात्रामा जीवन्त स्रोत र सम्भावनाहरू रहेको, पर्यटन पूर्वाधारको विकासमा मिनी ग्रेट वाल निर्माण सहित नमुना कार्यहरु सम्पन्न गरेको, ग्रामिण उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान हुने गरी रुपान्तरण हुने क्रममा रहेको, पर्यटन विकासको दृष्टिकोणले थप सेवा एवं पूर्वाधारहरू परिपूर्ति गर्ने परियोजनाहरू समेत सञ्चालन भैरहेको, परोक्ष बजारको पँहुच पुगेकोले कृषि, पर्यटन, व्यापार व्यवसाय र अन्य आयआर्जनको गतिविधिहरू वृद्धि भैरहेकोले स्थानीय अर्थतन्त्रको विकास गर्ने कार्यमा सबै प्रकारका स्रोतहरू अवरोधमुक्त भई समुचित उपयोग गर्न सकिने परिस्थितिलाई पनि अवसरको रूपमा लिइएको छ।

## २.३ सोच तथा उद्देश्य

### २.३.१ सोच

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन पूर्वाधार: समृद्ध शैलुङ निर्माणको आधार "

### २.३.२ उद्देश्य

क) कृषि तथा पशुपंक्षीपालनलाई व्यवसायीकरण तथा आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,

ख) स्थानीय उत्पादान, मौलिक संस्कृति, धार्मिक तथा ऐतिहासिक सम्पदा सहितको पर्यटन प्रवर्द्धन गरी स्थानीय आय वृद्धि गर्नु,

ग) नागरिकहरुलाई गुणस्तरीय आधारभूत शिक्षा र स्वास्थ्य सेवा सनिश्चत गरी उत्पादनशील, सुसंस्कृत र स्वस्थ तुल्याउनु,

घ) गाउँपालिकाभित्र सुरक्षित, व्यवस्थित, विपद् उत्थानशिल सिँचाई, सडक, पुल, वस्ती, खानेपानी, उर्जा, सञ्चार तथा सूचना प्रविधि आदिका पूर्वाधारहरु विकास गरी आर्थिक तथा सामाजिक विकासको आधार तयार गर्नु,

ङ) गाउँपालिका क्षेत्रभित्रका वन तथा जैविक विविधतालाई संरक्षण र सन्तुलित उपयोग, खानी तथा खनिजको दीगो उपयोग र व्यवस्थापन गर्दै, वातावरण संरक्षण, जलवायु अनुकुलन र विपद् व्यवस्थापनमा लगानी बढाई नागरिकहरुको जीवन सुरक्षा तथा सन्तुलित जीवनको सुनिश्चितता अभिवृद्धि गर्नु,

च) गाउँपालिकाको उपयुक्त संस्थागत संरचना तथा प्रणाली, सक्षम तथा सीपयुक्त जनशक्ति र प्रविधिमैत्री सेवा प्रवाह मार्फत नागरिकमा सुशासनको अनुभुति गराउनु ।

## २.४ मध्यमकालीन आर्थिक खाका

नेपाल सरकारको दिर्घकालिन सोच २१००: **समृद्ध नेपाल, सुखी नेपाली** तथा सोह्रौ योजनाको सोच **सुशासन, सामाजिक न्याय र समृद्धी**ले लिएका आर्थिक उद्देश्यहरू हासिल गर्नमा सहायक सिद्ध हुने गरी मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्यहरू तय गरिएको छ । साथै यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ सम्मको उपलब्धि र आर्थिक वर्ष २०८१/८२ सम्मको अनुमानित उपलब्धिको विश्लेषण गरी आगामी तीन वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख समष्टीगत आर्थिक लक्ष्यका रूपमा मध्यमकालीन आर्थिक खाका देहाय बमोजिम निर्धारण गरिएको छ ।

***तालिका १: मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा)***

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०८०/८१ यथार्थ | २०८१/८२ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | **बार्षिक उत्पादन/आय** | **रू लाखमा** | | | | | |
| १.१ | कृषि क्षेत्रको उत्पादन/आय | रू लाखमा | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको |
| १.२ | गैर कृषि (उद्योग, सेवा र सार्वजनिक) क्षेत्रको उत्पादन/आय | रू लाखमा | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको |
| २ | औपचारिक क्षेत्रमा रोजगारी उपलब्धता दर Baseline: NDA 2021 | प्रतिशत | ६.६ | ७ | ८ | ९ | १० |
| ३ | प्रतिव्यक्ति वार्षिक औसत आय | अ. डलर | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको |

*स्रोतः गाउँपालिकाको विभिन्न प्रतिबेदनहरु, केन्द्रिय तथ्यांक विभागको प्रतिवेदनहरू, नेपाल सरकारको आर्थिक सर्भेक्षण, तथा अन्य दस्तावेजहरू ।*

## २.५ मध्यमकालीन नतिजा खाका

स्तुत मध्यमकालीन समष्टिगत नतिजा खाका नेपाल सरकारको सोहौ योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी निर्धारण गरिएको छ । यस गाउँपालिकाको मध्यमकालीन समष्टिगत नतिजा खाका निर्धारणका अन्य आधारहरू देहाय बमोजिम रहेकाछन्:

१. शैलुङ गाउँपालिकाको बिगतको नीति, कार्यक्रम, बजेट लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धिहरू,

२. दिगो विकासका लक्ष्यलाई गाउँपालिकामा आन्तरिकीकरण गर्ने ध्येय सहित सापेक्षिक रूपमा दिगो विकासका लक्ष्य सूचकहरूसँग सन्निकट रहने गरि आधार वर्ष आर्थिक बर्ष २०८१/८२ सम्ममा प्राप्त विषय क्षेत्रगत सूचकहरू,

३. विगतका आर्थिक वर्षहरूको उपलब्धि र चालु वर्ष २०८१/८२ को अनुमानित उपलब्धिको अवस्थाहरू।

उल्लिखित आधारहरूलाई दृष्टिगत गरि आर्थिक बर्ष २०८२/८३ देखि २०८४/८५ सम्मको प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य देहाय बमोजिम प्रस्तुत गरिएको छ:

***तालिका २: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य***

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ यथार्थ | २०८१/८२ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८२/८३ | २०८३/८४ |
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको |
| २ | मानव विकास सूचकांक, Baseline HDI 2019, 0.45 | सूचक | ०.५२ | ०.५३ | ०.५४ | ०.५५ | ०.६ |
| ३ | कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको |
| ४ | सेवा क्षेत्रको वृद्धिदर | प्रतिशत | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको |
| ५ | पक्कि सडक | कि.मि | ९.६ | ११ | ३० | ३७ | ४५ |
| ६ | ग्राभेल सडक /सडक सोलिंग | कि.मि | १०३ | १२१ | १३१ | १४५ | १७० |
| ७ | २३ महिना भित्र पुर्ण खोप प्राप्त गरेका बालबालिका | प्रतिशत | ७९ | ७१.६३ | ८० | ८५ | ९० |
| ८ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ६५.१ | ६७ | ७० | ७२ | ७४ |
| ९ | महिला साक्षरता दर | प्रतिशत | ५७.७८ | ५९ | ६२ | ६५ | ६८ |
| १० | घर आँगनमै खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ३८.५२ | ४० | ४५ | ५० | ५५ |
| ११ | खाना पकाउन परम्परागत उर्जा काठ वादाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ९१.७९ | ९० | ८८ | ८५ | ८२ |
| १२ | नविकरणीय उर्जा (वायोग्यास) खाना पकाउन प्रयोग गर्ने परिवार | प्रतिशत | ०.१० | ०.५ | १ | १.५ | २ |
| १३ | महिलाको स्वामित्वमा रहेको घर/जग्गाको अनुपात | प्रतिशत | २५.७ | २६ | २७ | २८ | २९ |

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ यथार्थ | २०८१/८२ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८२/८३ | २०८३/८४ |
| १४ | प्रोटोकल अनुसार ८ पटक गर्भवती जाँच गराउने महिला (जीवित जन्ममा) | प्रतिशत | ३५.७५ | ३५.०९ | ४०.६ | ६० | ८० |

*स्रोतः गाउँपालिकाको तथा केन्द्रिय तथ्यांक विभागको प्रतिवेदनहरू र अन्य दस्तावेजहरू ।*

## २.६ मध्यमकालीन बजेट खाका

मध्यमकालीन बजेट खाकाको तयारीका लागि स्रोतको अनुमान तथा प्रक्षेपण गर्दा बजेट सीमा तथा मार्गदर्शन (अनुसूची २) लाई आधार लिइएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट देहाय बमोजिम रहेको छ।

***तालिका ३: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु.हजारमा)***

| क्र.सं. | सूचक | २०८०/८१ यथार्थ | २०८१/८२ अनुमान | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | तीन वर्षको कुल |
| **१** | **खर्च** | **५०५,६७८** | **६०१,३२१** | **५७७,५०५** | **६१०,८७५** | **६४७,००१** | **१,८३५,३८१** |
| १.१ | चालु खर्च | ३०३,२२९ | ३६०,६७० | ३४६,५०३ | ३६६,५२५ | ३८८,२०१ | १,१०१,२२९ |
| १.२ | पुँजीगत खर्च | २०२,४४९ | २४०,६५१ | २३१,००२ | २४४,३५० | २५८,८०० | ७३४,१५२ |
| १.३ | वित्तीय व्यवस्था | - | - | - | - | - | _ |
| **२** | **आय** | **४४२,३२९** | **६०१,३२१** | **५७७,५०५** | **६१०,८७५** | **६४७,००१** | **१,८३५,३८१** |
| **२.१** | **आन्तरिक आय** | **५,६१०** | **५२,८९२** | **१५,०००** | **१५,७५०** | **१६,५३८** | **४७,२८८** |
| **२.२** | **राजस्व तथा रोयल्टी बाँडफाँटबाट प्राप्त रकम** | **६९,३६८** | **११३,३४५** | **११३,३००** | **११३,३००** | **११३,३००** | ३३९,९०० |
| **२.४** | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **३३१,९२४** | **३५६,४४४** | **३८८,६००** | **४१९,२७२** | **४५२,१३४** | **१,२६०,००६** |
| | वित्तीय समानीकरण अनुदान | १०३,४१६ | १११,८०० | ११२,४०० | १२१,३९२ | १३१,१०३ | ३६४,८९५ |
| | सशर्त अनुदान चालू | १७९,६९७ | १९४,६४४ | १९८,५०० | २१४,३८० | २३१,५३० | ६४४,४१० |
| | शसर्त अनुदान पुँजीगत | १७,४४० | २०,००० | २४,१०० | २६,००० | २८,००० | ७८,१०० |
| | समपूरक अनुदान | ५,००० | १०,००० | २१,५०० | २३,५०० | २५,५०० | ७०,५०० |
| | विशेष अनुदान | २६,३७१ | २०,००० | ३२,१०० | ३४,००० | ३६,००० | १०२,१०० |
| **२.५** | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **३४,८८९** | **५९,२८७** | **६०,६०५** | **६२,५५३** | **६५,०३०** | १८८,१८८ |
| | वित्तीय समानीकरण अनुदान | ११,५६२ | ११,४०६ | ११६०५ | ११९५३ | १२३१२ | ३५,८७० |
| | सशर्त अनुदान चालू | ११,२५८ | ६,८८१ | ७००० | ७२१० | ७४२६ | २१,६३६ |
| | शसर्त अनुदान पुँजीगत | ३,९६१ | १३,००० | १३००० | १३३९० | १३७९२ | ४०,१८२ |
| | समपूरक अनुदान | ८,१०८ | २०,००० | २०,००० | २०५०० | २१५०० | ६२,००० |
| | विशेष अनुदान | - | ८,००० | ९००० | ९५०० | १०००० | २८,५०० |
| **२.६** | **आन्तरिक ऋण** | **-** | **-** | | | | _ |
| **२.७** | **अन्य** | **-** | **-** | | | | _ |
| **२.८** | **जनसहभागिता** | **-** | **-** | | | | _ |

| क्र.सं. | सूचक | २०८०/८१ यथार्थ | २०८१/८२ अनुमान | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | तीन वर्षको कुल |
| २.९ | अन्तर स्थानीय/जिल्ला साझेदारी रकम | – | – | | | | – |
| २.१ | मौज्दात रकम# | ५३८ | १९,३५३ | | | | – |
| | बचत (+) न्यून (-) | ६३,३४९ | – | – | – | – | – |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

### क. प्राथमिकताक्रमको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका ५ मा प्रस्तुत गरिएको छ।

***तालिका ४ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| क्र.सं. | प्राथमिकताक्रम | संख्या | २०८२/८३ को प्रस्तावित | | २०८३/८४ को प्रस्तावित | | २०८४/८५ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | पहिलो (P1) | | ३८९,३१६ | ६७.३० | ४१९,९३४ | ६८.६७ | ४३४,०८० | ६७.०२ |
| २ | दोस्रो (P2) | | १८९,१६३ | ३२.७० | १९१,६३५ | ३१.३४ | २१३,६३६ | ३२.९८ |
| | प्राथमिकताक्रम निर्धारण नगरिएको | | | | | | | |
| कुल जम्मा | | | ५७८,४७९ | १००.०० | ६११,५६९ | १००.०० | ६४७,७१६ | १००.०० |

### ख. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका ६ मा प्रस्तुत गरिएको छ।

***तालिका ५: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | संख्या | २०८२/८३ को प्रस्तावित | | २०८३/८४ को प्रस्तावित | | २०८४/८५ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| SDG1 | गरिबीको अन्त्य | | ३८७६ | ०.६७ | ४५७० | ०.७५ | ४०७०.२२४९ | ०.६३ |
| SDG2 | शून्य भोकमरी | | २१५३२ | ३.७२ | २२६४५ | ३.७० | २२६५६.३१२ | ३.५० |
| SDG3 | स्वस्थ जीवन | | ३७२५७ | ६.४४ | ४०९३६ | ६.६९ | ४१४६४.२०५ | ६.४० |
| SDG4 | गुणस्तरीय शिक्षा | | १३२२७४ | २२.८७ | १३७६५३ | २२.५१ | १४७२०२.३२ | २२.७३ |
| SDG5 | लैङ्गिक समानता | | ७४८३ | १.२९ | ८७१४ | १.४२ | ८३३१.७९१८ | १.२९ |
| SDG6 | स्वच्छ पानी र सरसफाइ | | २५९१० | ४.४८ | २६२१० | ४.२९ | २८८३७.२४१ | ४.४५ |
| SDG7 | आधुनिक ऊर्जामा पहुँच | | १०१५ | ०.१८ | १६८२ | ०.२८ | ११०१.०४६ | ०.१७ |
| SDG8 | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | | १७३८ | ०.३० | २४९६ | ०.४१ | १९३७.४५३१ | ०.३० |
| SDG9 | उद्योग नविन खोज र पूर्वाधार | | १६०५ | ०.२८ | २३५२ | ०.३८ | १७८९.८७७९ | ०.२८ |
| SDG11 | दिगो शहर र बस्ती | | २१४७०० | ३७.११ | २१५६३२ | ३५.२६ | २३३६७३.६६ | ३६.०८ |

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | संख्या | २०८२/८३ को प्रस्तावित | | २०८३/८४ को प्रस्तावित | | २०८४/८५ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| SDG12 | दिगो उपभोग र उत्पादन | | ३३५२ | ०.५८ | ४२४३ | ०.६९ | ३७३३.९८३ | ०.५८ |
| SDG13 | जलवायु परिवर्तन अनुकुलन | | ३१३३ | ०.५४ | ४००७ | ०.६६ | ३४९०.९६९९ | ०.५४ |
| SDG16 | शान्ति, न्याय र सबल संस्था | | १२२३०१ | २१.१४ | १३७३६७ | २२.४६ | १४६९०८.४९ | २२.६८ |
| SDG17 | दिगो विकासको लागि साझेदारी | | २३०४ | ०.४० | ३०६१ | ०.५० | २५१८.४७५५ | ०.३९ |
| कुल जम्मा | | | ५७८,४७९ | १०० | ६११,५६९ | १०० | ६४७,७१६ | १०० |

## ग. लैंगिक सङ्केतको आधारमा बाँडफाँट

लैंगिक सङ्केत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका ७ मा छ ।

***तालिका ६ : लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| सङ्केत नम्बर | लैङ्गिक सङ्केत | संख्या | २०८२/८३ को प्रस्तावित | | २०८३/८४ को प्रस्तावित | | २०८४/८५ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ०१ | निर्दिष्ट | | ८९,९३६ | १५.५५ | ९८,९३० | १६.१८ | १०८,८१६ | १६.८० |
| ०२ | सहयोगी | | ४५७,७७२ | ७९.१३ | ४७७,४८६ | ७८.०८ | ४९६,५३९ | ७६.६६ |
| ०३ | तटस्थ | | ३०,७७१ | ५.३२ | ३५,१५४ | ५.७५ | ४२,३६१ | ६.५४ |
| कुल जम्मा | | | ५७८,४७९ | १००.०० | ६११,५६९ | १००.०० | ६४७,७१६ | १००.०० |

## घ. जलवायु सङ्केतको आधारमा बाँडफाँट

जलवायु सङ्केत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका ८ मा प्रस्तुत छ ।

***तालिका ७ : जलवायु सङ्केतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| सङ्केत नम्बर | सङ्केत | संख्या | २०८२/८३ को प्रस्तावित | | २०८३/८४ को प्रस्तावित | | २०८४/८५ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ०१ | निर्दिष्ट | | १७५,७८० | ३०.४ | १९१,११५ | ३१.२५ | २२३,३७४ | ३४.४९ |
| ०२ | सहयोगी | | ७१,६४७ | १२.४ | ८२,५६२ | १३.५० | ६७,६४८ | १०.४४ |
| ०३ | तटस्थ | | ३३१,०५२ | ५७.२ | ३३७,८९२ | ५५.२५ | ३५६,६९४ | ५५.०७ |
| कुल जम्मा | | | ५७८,४७९ | १०० | ६११,५६९ | १०० | ६४७,७१६ | १०० |

## २.८ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रूपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ९ मा प्रस्तुत गरिएको छ। विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची ३ समावेश गरिएको छ।

***तालिका ९ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)***

| क्र.स. | विषय क्षेत्र | २०८२/८३ को खर्च प्रक्षेपण | | | | २०८३/८४ को खर्च प्रक्षेपण | | | | २०८४/८५ को खर्च प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पूँजीगत | वित्तिय व्यवस्था | कूल | चालु | पूँजीगत | वित्तिय व्यवस्था | कूल | चालु | पूँजीगत | वित्तिय व्यवस्था |
| **१. आर्थिक क्षेत्र** | | **२०,३००** | **२०,३००** | **-** | **-** | **२१,३१५** | **२१,३१५** | **-** | **-** | **२२,३८१** | **२२,३८१** | **-** | **-** |
| १ | कृषि तथा खाद्य सुरक्षा | ६,००० | ६,००० | - | - | ६,३०० | ६,३०० | - | - | ६,६१५ | ६,६१५ | - | - |
| २ | पशुपंछि विकास | ३,८०० | ३,८०० | - | - | ३,९९० | ३,९९० | - | - | ४,१९० | ४,१९० | - | - |
| ३ | उद्योग, व्यापार र आपूर्ती | १,००० | १,००० | - | - | १,०५० | १,०५० | - | - | १,१०३ | १,१०३ | - | - |
| ४ | पर्यटन तथा सँस्कृति | ३,५०० | ३,५०० | - | - | ३,६७५ | ३,६७५ | - | - | ३,८५९ | ३,८५९ | - | - |
| ५ | भूमी, सहकारी र वित्त व्यवस्था | ५०० | ५०० | - | - | ५२५ | ५२५ | - | - | ५५१ | ५५१ | - | - |
| ६ | श्रम, रोजगार र गरिवी निवारण | ५,५०० | ५,५०० | - | - | ५,७७५ | ५,७७५ | - | - | ६,०६४ | ६,०६४ | - | - |
| **२. सामाजिक क्षेत्र** | | **२३६,७१२** | **२१४,७१२** | **२२,०००** | **-** | **२४८,५४८** | **२२५,४४८** | **२३,१००** | **-** | **२६०,९७५** | **२३६,७२०** | **२४,२५५** | **-** |
| ७ | शिक्षा, कला, भाषा र साहित्य | १६७,२३३ | १६७,२३३ | - | - | १७५,५९५ | १७५,५९५ | - | - | १८४,३७४ | १८४,३७४ | - | - |
| ८ | जनस्वास्थ्य र पोषण | ४३,७४० | ३८,७४० | ५,००० | - | ४५,९२७ | ४०,६७७ | ५,२५० | - | ४८,२२३ | ४२,७११ | ५,५१३ | - |
| ९ | खानेपानी र सरसफाई | १७,००० | २,००० | १५,००० | - | १७,८५० | २,१०० | १५,७५० | - | १८,७४३ | २,२०५ | १६,५३८ | - |
| १० | महिला, बालबालिका र सामाजिक समावेशीकरण | ६,७३९ | ४,७३९ | २,००० | - | ७,०७६ | ४,९७६ | २,१०० | - | ७,४३० | ५,२२५ | २,२०५ | - |
| ११ | युवा, खेलकुद तथा नवप्रवर्तन | २,००० | २,००० | - | - | २,१०० | २,१०० | - | - | २,२०५ | २,२०५ | - | - |
| **३. पुर्वाधार क्षेत्र** | | **१५६,५०५** | **५००** | **१५६,००५** | **-** | **१७४,४९७** | **६,५२५** | **१६७,९७२** | **-** | **१८८,४९०** | **६,५५१** | **१८१,९३८** | **-** |
| १२ | भवन, आवास, वस्ति/शहरी विकास | ७,५०० | - | ७,५०० | - | ७,८७५ | - | ७,८७५ | - | ८,२६९ | - | ८,२६९ | - |
| १३ | सडक, पुल तथा यातायात | १४७,५०५ | - | १४७,५०५ | - | १६५,०४७ | ६,००० | १५९,०४७ | - | १७८,५६७ | ६,००० | १७२,५६७ | - |
| १४ | सूचना र संचार प्रविधि | १,५०० | ५०० | १,००० | - | १,५७५ | ५२५ | १,०५० | - | १,६५४ | ५५१ | १,१०३ | - |
| **४. वन, वातावरण र विपद् व्यवस्थापन** | | **१३,०००** | **३,५९३** | **९,४०७** | **-** | **१३,६५०** | **३,७७३** | **९,८७७** | **-** | **१४,३३३** | **३,९६१** | **१०,३७१** | **-** |
| १५ | वन, भूसंरक्षण तथा जैविक विविधता | ११,००० | १,५९३ | ९,४०७ | - | ११,५५० | १,६७३ | ९,८७७ | - | १२,१२८ | १,७५६ | १०,३७१ | - |
| १६ | वातावरण तथा फोहोर व्यवस्थापन | १,००० | १,००० | - | - | १,०५० | १,०५० | - | - | १,१०३ | १,१०३ | - | - |

| क्र.स. | विषय क्षेत्र | २०८२/८३ को खर्च प्रक्षेपण | | | | २०८३/८४ को खर्च प्रक्षेपण | | | | २०८४/८५ को खर्च प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पूँजीगत | वित्तिय व्यवस्था | कूल | चालु | पूँजीगत | वित्तिय व्यवस्था | कूल | चालु | पूँजीगत | वित्तिय व्यवस्था |
| १७ | विपद् जोखिम व्यवस्थापन तथा जलवायु | १,००० | १,००० | - | - | १,०५० | १,०५० | - | - | १,१०३ | १,१०३ | - | - |
| **५. संस्थागत विकास तथा सुशासन** | | **१५१,९६२** | **१५०,९६२** | **१,०००** | **-** | **१५३,५६०** | **१५२,५१०** | **१,०५०** | **-** | **१६१,५३८** | **१६०,४३५** | **१,१०३** | **-** |
| १८ | नीति, कानुन, न्याय र सुशासन | १,००० | १,००० | - | - | १,०५० | १,०५० | - | - | १,१०३ | १,१०३ | - | - |
| १९ | सङ्गठन/क्षमता विकास, जन शक्ति व्यवस्थापन र सेवा प्रवाह | १४९,४६२ | १४८,४६२ | १,००० | - | १५०,९३५ | १४९,८८५ | १,०५० | - | १५८,७८२ | १५७,६७९ | १,१०३ | - |
| २० | तथ्याङ्क प्रणालि र योजना/विकास व्यवस्थापन | १,५०० | १,५०० | - | - | १,५७५ | १,५७५ | - | - | १,६५४ | १,६५४ | - | - |
| **कूल जम्मा** | | ५७८,४७९ | ३९०,०६७ | १८८,४१२ | - | ६११,५६९ | ४०९,५७० | २०१,९९९ | - | ६४७,७१६ | ४३०,०४९ | २१७,६६७ | - |

आर्थिक वर्ष २०८२/८३ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट **परिच्छेद ३** देखि **परिच्छेद ७** सम्म प्रस्तुत गरिएको छ।

# परिच्छेद ३

# आर्थिक क्षेत्र

यस परिच्छेद अन्तर्गत (१) कृषि, खाद्य सुरक्षा र सिचाई, (२) पशुपन्छी विकास, (३) उद्योग व्यापार तथा आपूर्ति, (४) पर्यटन तथा संस्कृति र (५) भूमि व्यवस्था तथा सहकारी गरी ५ वटा उप–क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र जोखिम पक्ष तथा अनुमानहरू समावेश गरिएको छ ।

## ३.१ कृषि, खाद्य सुरक्षा र सिचाई

### ३.१.१ पृष्ठभूमि

शैलुङ गाउँपालिका दोलखा जिल्लाको पहाडी क्षेत्र हो, जहाँ अधिकांश बासिन्दाहरूको मुख्य जीविकोपार्जन कृषि तथा पशुपालन हो । कुल १२८.६७ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस पालिकामा धान, मकै, गहुँ, कोदो, फापरजस्ता अन्नबालीहरू प्रमुख छन् भने आलु, तरकारी, फलफूलजस्ता बालीहरू व्यवसायिक रूपमा विस्तार हुँदैछन्। यहाँको जलवायु र माटो विभिन्न बालीका लागि अनुकूल भए पनि उत्पादन प्रणाली अझै परम्परागत र वर्षामा भर पर्ने छ। सिँचाइ, प्राविधिक ज्ञान, गुणस्तरीय बीउ तथा मलको अभावले कृषिमा पूर्ण उत्पादन क्षमताको उपयोग हुन सकेको छैन। बजार व्यवस्थापनको कमी, कृषि यान्त्रिकीकरणको अभाव, र युवाको वैदेशिक पलायनले चुनौती थपेका छन्। तर, जैविक खेती, कृषि पर्यटन, र सहकारीको माध्यमबाट कृषि क्षेत्रलाई आत्मनिर्भर र व्यावसायिक बनाउने उच्च सम्भावना छ। नीति तथा योजना निर्माणमा कृषि क्षेत्रलाई प्राथमिकता दिइएको खण्डमा शैलुङ गाउँपालिका समृद्ध र दिगो कृषि प्रणालीतर्फ अग्रसर हुन सक्छ।

### ३.१.२ समस्या तथा चुनौती

- असमान वर्षा, असिनापात, चुरोटे झरी, र पहिरो जस्ता जलवायुजन्य समस्याले खेती प्रणाली अस्थिर बनाएको छ, जसले बालीनाली उत्पादन र खाद्य सुरक्षामा प्रत्यक्ष असर पुऱ्याउँछ।
- कृषकले उत्पादन गरेको वस्तुको उचित मूल्य पाउन नसक्नु, बिचौलियाको नियन्त्रण, तथा स्थायी बजार व्यवस्थापनको अभावले कृषक निराश छन्।
- सिंचाइ, कृषि सडक, भण्डारण, चिस्यान केन्द्र, र बजार पहुँच अभावका कारण कृषकले उत्पादन गरेको वस्तु समयमै बिक्री गर्न सक्दैनन्, जसले उत्पादनमा हतोत्साहित गराउँछ।
- विदेश रोजगारीको बढ्दो प्रवृत्तिका कारण कृषि क्षेत्रमा संलग्न सक्रिय जनशक्तिको कमी हुँदै गएको छ, जसले आधुनिक कृषि प्रणालीको कार्यान्वयनमा बाधा पुऱ्याएको छ।

### ३.१.३ उद्देश्य

- कृषि उत्पादन तथा उत्पादकत्वको वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु ।
- व्यवसायिक कृषिको माध्यमवाट रोजगार एवं आयमा वृद्धि गरी समग्र पालिकाको आर्थिक उनत्तिमा योगदान गर्नु ।

➢ कृषि क्षेत्रलाई नाफामुलक, गुणस्तरीय, दिगो एवं व्यवसायिक प्रणालिमा रुपान्तरण गर्नु ।

➢ स्थानीय स्रोत साधनको अधिकतम उपयोग गरी दिगो, व्यवसायिक तथा जलवायु अनुकूल कृषि प्रणालीको विकास गर्नु

### ३.१.४ रणनीति

➢ कृषि उत्पादनलाई बजारमुखी बनाउँदै सहकारी संस्था र निजी क्षेत्रसँग सहकार्य गरी मूल्य श्रृंखला (Value Chain) विकास गर्ने।

➢ कृषि यान्त्रिकीकरण प्रवर्दन गर्दै प्लास्टिक टनेल, सिँचाइ प्रणाली, ड्रिप इरिगेसनजस्ता आधुनिक प्रविधिको प्रयोग बढाउने।

➢ कृषिजन्य उत्पादनको प्रशोधन, प्याकेजिङ, ब्राण्डिङ तथा बजार विस्तार गर्न कृषि केन्द्र तथा हाटबजार स्थापना गर्ने।

➢ जलवायु–स्मार्ट प्रविधि, माटो संरक्षण तथा मौसमअनुकूल बाली छनोट गर्ने।

➢ विपद जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली र कृषि बीमा कार्यक्रम सञ्चालन गर्ने।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को यथार्थ | २०८१/८२ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| मुला उत्पादन | मे.टन | ५६८९८.४९ | ५६८९८.४९ | ५६९९८.४९ | ५७१००.४९ | ५७२००.४९ |
| बन्दा उत्पादन | मे.टन | २७१९.३९ | २७२०.४१ | २८००.४१ | २८२०.४१ | २८३०.४१ |
| काउली उत्पादन | मे.टन | ४८६१.२६ | ४८९९ | ४९०० | ४९२० | ४९४० |
| मकै उत्पादन | मे.टन | १६४६.९४ | १६५० | १६५० | १७०० | १७५० |
| धान उत्पादन | मे.टन | ३०१६.०२ | ३११५.५ | ३११५.५ | ३१३०.५ | ३१४५.५ |
| तरकारी व्यवसायिक उत्पादन | मे.टन | ६५४८२ | ६८५०० | ६८५२० | ६८५५० | ६८५७० |
| फलफूल उत्पादन | मे.टन | १७२० | १८०० | १८५० | १८७० | १९०० |
| सक्रिय व्यवसायिक कृषि समुह | संख्या | ५४ | ५७ | ६७ | ७५ | ९० |
| पकेट क्षेत्र विकास | संख्या | १ | ३ | ५ | ७ | १० |
| कृषि सहकारी संस्था | संख्या | ११ | ११ | १३ | १५ | १७ |
| कृषि उपज संकलन केन्द्र | संख्या | - | - | १ | ३ | ५ |

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ:

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | बजेटको स्रोत (हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | ६,००० | ६,००० | - | | ६,००० | २,५०० | ३,५०० |

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | बजेटको स्रोत (हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | ६,३०० | ६,३०० | – | – | ६,३०० | २,६२५ | ३,६७५ |
| २०८४/८५ | ६,६१५ | ६,६१५ | – | – | ६,६१५ | २,७५६ | ३,८५९ |

### ३.१.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्र अन्तर्गत कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ:

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (हजारमा) | नतिजा |
|---|---|---|---|---|---|
| १. | | | | | |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

शैलुङ गाउँपालिकामा कृषि तथा ग्रामीण विकास कार्यक्रम कार्यान्वयन गर्दा विभिन्न जोखिमहरू देखा पर्न सक्छन्। सिँचाइ पूर्वाधार निर्माणमा भूगोलजन्य समस्या, कृषकको न्यून सहभागिता, गुणस्तरीय बीउ र मलको अभाव, बजारको अनिश्चितता, तथा युवाको कृषिमा कम चासो प्रमुख चुनौती हुन्। त्यस्तै, कृषकहरूमा नयाँ प्रविधि र तालिमप्रति चासोको कमी हुनु अर्को चुनौती हो, जसलाई प्रोत्साहनात्मक कार्यक्रम, कृषक विद्यालय (Farmer Field School) र सफल कृषकहरूको उदाहरणमार्फत सम्बोधन गर्न सकिन्छ , साथै जलवायु परिवर्तन, रोग प्रकोप र सरकारी नीति तथा बजेटको अनिश्चितता पनि जोखिमका रूपमा रहेका छन्। यस्ता समस्याहरू समाधान गर्न प्राविधिक अध्ययन, तालिम, सहकारी सशक्तिकरण, बीउ–मल बैंक, जलवायु–स्मार्ट प्रविधि, बीमा कार्यक्रम र दीर्घकालीन कार्ययोजना आवश्यक छन्। समन्वय र सहभागितामूलक योजनाबाट यी जोखिम न्यूनीकरण गर्न सकिन्छ।

## ३.२ पशुपन्छी सेवा विकास

### ३.२.१ पृष्ठभूमि

संबिधानत कृषि तथा पशुपालन, कृषि उत्पादनको व्यबस्थापन, पशु स्वास्थ, सहकारी, कृषि सडक, साना सिचाई लगायत कृषि प्रसार कार्यक्रमको संचालन, व्यबस्थापन र सोको नियमन कार्य स्थानीय सरकारको एकल अधिकारको रुपमा व्यवस्था भएको र सोही आधारमा संघीय व्यबस्थापिका संसदले स्थानीय सरकार संचालन ऐन, २०७४ पारित गरी स्थानीय तहको एकल अधिकारलाई थप विस्तृतीकरणका साथ व्यवस्थित गरेको छ। यसै परिप्रेक्षमा गाउँपालिकाले संबिधान र ऐनद्वारा व्यवस्थित अधिकारको प्रयोग गरी पशुपन्छी तथा मत्स्य ब्यबसायीकरण र कृषि उद्यमशीलताको विकास गरी स्थानीय तहमा नै रोजगारीका अबसरहरुको सृजना गर्दै कृषकहरुको आयस्तर वृद्धि गर्ने लक्ष्यलाई पुरा गर्न गाउंपालिकाभित्र प्राथमिकताका आधारमा पशुपन्छी बिकास कार्यक्रम तर्जुमा, सोको प्रभावकारी रुपमा सञ्चालन तथा व्यबस्थापन गर्दै कृषकहरुको माग र आबश्यकता अनुसारका उपयुक्त कृषि प्रबिधिहरु लगायत सो सँग सम्वन्धित सेवाहरु सर्बशुलभ रुपमा उपलब्ध गराउदै आएको छ।

### ३.२.२ समस्या तथा चुनौती

समय सापेक्ष कृषकहरुको मागलाइ सम्बोधन गर्न नसकिएको अवस्था यसै बीच पशुपन्छी तथा मत्स्य पालक कृषकहरुले जनचेतना तथा अन्य विभिन्न कारण संचालन भएका कार्यक्रमहरुमा पनि कृषकहरुको न्यून सहभागिता रहने गरेको अवस्था छ भने कतिपय कार्यक्रम कृषकहरुको हेलचेक्र्याइँको कारणले गर्दा कार्यक्रमहरु प्राभाबकारी रुपमा कार्यन्वयन गर्न चुनौती रहेको छ।

### ३.२.३ सोच

कृषि,पर्यटन र पूर्वाधार शैलुङ निर्माणको आधार

### ३.२.४ उद्देश्य

- पशुपन्छी तथा मस्त्य जन्य बस्तुको उत्पादन तथा उत्पादकत्वको वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु।
- व्यवसायिक पशुपन्छी पालनको माध्यमवाट रोजगार एवं आयमा वृद्धि गरी समग्र गाउँपालिकाको आर्थिक उन्नतिमा योगदान गर्नु।
- पशुपालनको क्षेत्रलाई नाफामुलक, गुणस्तरीय, दिगो एवं व्यवसायिक प्रणालिमा रुपान्तरण गर्नु।
- पशुपालन ब्यबसायलाई प्रोत्सहन गर्न नस्ल सुधार,कृत्रिम गर्भाधान तथा पशुपालनको पकेट क्षेत्र/उपक्षेत्र छनौट गरि कार्यक्रमलाइ निरन्तरता दिनु।

### ३.२.५ रणनीति

१. व्यवसायिक पशुपन्छी पालन बाट उत्पादन भएका पशुपन्छी तथा मत्स्यजन्य उत्पादनलाई मूल्य श्रृखलामा आवद्ध गर्ने।

२. स्थानीय स्तरमा संचलन भएका पशुपन्छी तथा मत्स्य पकेट क्षेत्रका उत्पादनको ब्राण्डिङ र बजारीकरण गर्ने।

३. भूगोल र परिवेश अनुसारका पशुपालन सम्बन्धि असल अभ्यास संचालन गर्ने

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ को यथार्थ | ०८१/८२ को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| दुग्ध चिस्यान केन्द्र | संख्या | - | १ | १ | २ | २ |
| व्यवसायिक पशु फार्म (सक्रिय) | संख्या | - | ६४ | ७० | ८० | १०० |
| एग्रोभेट (सक्रिय) | संख्या | ३ | ३ | ३ | ५ | ८ |
| उन्नत घासँको उत्पादन क्षेत्र | रोपनी | - | - | १०० | १५० | २०० |
| कुखुरा तथा पंक्षीको वार्षिक मासु उत्पादन | मे.टन | ३० | ७८ | ८० | ९० | १०० |
| खसी, बोका, भेडा र च्यांग्राको वार्षिक मासु उत्पादन | मे.टन | ८० | ८० | ८० | ९० | १०० |
| नश्ल सुधारका लागी कृतिम गर्भाधान | संख्या | - | १३ | १५ | २० | ३० |
| पशुपालनमा संलग्न कृषक | संख्या | - | - | १०००० | १२००० | १३००० |

| सूचक | एकाइ | ०८०/८१ को यथार्थ | ०८१/८२ को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| वार्षिक दुध उत्पादन | लिटर | ६६००० | ९३००० | ९५००० | १००००० | ११०००० |
| विभिन्न रोग विरुद्धका खोप | डोज | १३००० | १६००० | २०००० | २५००० | ३०००० |
| व्यावसायिक फर्मको संख्या | संख्या | - | ६४ | ७० | ८० | १०० |
| समूहमा आवद्ध पशुपंक्षीपालन कृषक | संख्या | - | - | ५०० | १००० | १२०० |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ:

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | बजेटको स्रोत (हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | ३,८०० | ३,८०० | - | | ३,८०० | २,३०० | १,५०० |
| २०८३/८४ | ३,९९० | ३,९९० | - | - | ३,९९० | २,४१५ | १,५७५ |
| २०८४/८५ | ४,१९० | ४,१९० | - | - | ४,१९० | २,५३६ | १,६५४ |

### ३.२.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्र अन्तर्गत कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ:

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | नतिजा |
|---|---|---|---|---|
| १ | पशुपन्छीमा खोप लगाउने कार्यक्रम | पशुहरुलाई विभिन्न महामारीजन्य रोग हरु लाग्न नदिनु | २०७९ देखि २०८८ सम्म | २०८८ सम्म यस गाउँपालिका पूर्ण खोप कभरेज युक्त गाउँपालिका बन्नेछ |
| २ | गाउँपालिका लाइ दुध मासु र अन्डा उत्पादनमा आत्मनिर्भर बनाउने कार्यक्रम | गाउँपालिका लाइ दुध मासु र अन्डा उत्पादनमा आत्मनिर्भर बनाउनु | २०७९ देखि २०८८ सम्म | २०८८ सम्म यस गाउँपालिका दुध मासु र अन्डा उत्पादनमा आत्मनिभर बन्नेछ |
| ३ | खोर गोठ सुधार कार्यक्रम | आधुनिक खोर गोठ निर्माण गरि उत्पादनमा वृद्धि गर्ने | २०७९ देखि २०८३ सम्म | यस अवधि सम्म व्यवसायिक पशुपन्छी फर्महरुको आधुनिक खोर हुनेछ । |
| ४ | नस्ल सुधार कार्यक्रम | उन्नत जात बाट नस्ल सुधार गर्ने | २०८१ देखि ८५ सम्म | यस अवधि सम्म गाउँपालिका भित्र विभिन्न उन्नत क्रस जातका पशुहरुको उत्पादन हुनेछ |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

पशुपन्छी पालन तथा मत्स्य  सम्बन्धि विकास आयोजना तथा कार्यक्रमहरूको निम्ति पर्याप्त साधन स्रोत, क्षमता र प्रविधिको प्रभावकारी परिचालन हुन नसकेमा र उत्पादनमा यन्त्र उपकरण,दाना,तथा आहारा उपलव्ध हुन नसकेको अवस्थामा निर्धारित उद्देश्यहरू पूरा नहुने जोखिम छ ।

कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतको कार्यको लागि पर्याप्त दक्ष, विज्ञ तथा प्राबिधिक उपलब्ध हुने स्थितिमा लक्षित उपलब्धिहरू हासिल हुने  अनुमान गरिएको छ ।

## ३.३ उद्योग, व्यापार र आपुर्ती व्यवस्था

### ३.३.१ पृष्ठभूमि

उद्यम व्यवसाय एउटा त्यस्तो पेशा हो जसमा आफूमा भएको विशेषता, ज्ञान, क्षमता, गुण, सीप, अठोट, लगनशीलता आदिका आधारमा सफलता वा असफलता भर पर्नुका साथै मेहनतअनुसार प्रतिफल प्राप्त हुने हुँदा आर्थिक उन्नतिको लागि राम्रो स्रोतको रूपमा लिन सकिन्छ । त्यसकारण “व्यवसाय भनेको ग्राहकलाई सन्तुष्टि प्रदान गरी नाफा आर्जन गर्नका लगि कुनै व्यक्ति वा समूहले गर्ने सम्पूर्ण व्यापारिक तथा औद्योगिक क्रियाकलाप हो ।”

व्यक्तिको आर्थिक तथा सामाजिक पक्षमा सुधार ल्याउनमा उद्योग व्यवसायको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको परिप्रेक्षमा हेर्दा वेरोजगारी समस्या एउटा भयावह समस्याको रुपमा खडा भएको छ । अर्को पक्षलाई हेर्दा देशको आर्थिक अवस्थामा सुधार ल्याउन र विदेशी मुद्रा आर्जन गर्न एक मात्र विकल्पको रुपमा स्थानीय स्रोत तथा साधनको प्रयोगबाट व्यवसाय संचालन गर्नु रहेको छ । व्यवसायबाट यस्ता धेरै पक्षमा सुधार ल्याउन सहयोग पु¥याउँछ ।

### ३.३.२ समस्या तथा चुनौती

१. पुजी लगानीको प्रयाप्त अभाव : उद्योग स्थापना र विकासका लागि पर्याप्त लगानीको अभाव छ । लगानीका लागि प्रेरक वातावरण पनि छैन । जोखिम मोलेर उद्योग स्थापना गर्दा पनि भविष्य सुरक्षित छैन । देशमा उद्योग व्यवसायको विकासका लागि सरकारले उद्योगमैत्री नीति–निर्माण गर्न सकेको छैन ।

२. कच्चापदार्थको अभाव : उद्योगका पर्याप्त कच्चापदार्थको अभाव छ । चिनीमिल, चुरोट कारखाना, जुट उद्योग, डेरी उद्योग लगायतका उद्योग सञ्चालनका लागि स्वदेशमा उत्पादित कच्चापदार्थले काम गर्दछ भने मोटर, धातु, कपडा, सिमेन्ट लगायतका उद्योगका लागि कच्चापदार्थ अन्य देशबाट आयात गर्नुको विकल्प छैन । नेपालको औद्योगिकीकरणमा कच्चापदार्थमा भएको कमीले अत्यन्तै दूरगामी प्रभाव पारेको छ ।

३. कमजोर सरकारी नीति : समय अनुसार मजदुरहरूको पारिश्रमिक उद्योग व्यवसायीहरूले बढाउनुपर्छ भने मजुदरहरू पनि नियम, नियमितता तथा अनुशासनको दायरामा रहनु जरुरी छ । तर, हाम्रो मुलुकमा यसको व्यवस्थापनमा कमीका कारण र कमजोर नीतिले उद्योग व्यवसाय धराशयी हुँदै गएको देखिन्छ । उद्योगी व्यवसायीहरू आकर्षित गर्न स्पष्ट कार्यनीति र रणनीतिका आधारमा कार्ययोजना बनाउन खाँचो छ । उद्योगी, व्यापारी भनेको देशको आर्थिक मेरुदण्ड हो भन्ने सच्चाइलाई आत्मसात गर्दै हर समय यिनीहरूलाई प्रोत्साहित गरी राख्नुपर्दछ । अनि मात्र स्वदेशी तथा विदेशी लगानकर्ताहरू ढुक्क भएर यो क्षेत्रमा आउनेछन् ।

४. दक्ष जनशक्तिको अभाव : प्राविधिक ज्ञान तथा सीप भएका जनशक्तिको नेपालमा अभाव छ । उच्च शिक्षा हासिल गरेका युवा जनशक्ति प्रतिभा पलायनको रूपमा विदेश भासिने क्रममा रोकावट आएको छैन ।

५. बजारीकरणको अभाव : उत्पादन गरिएका सामान बिक्री गर्न नसकेकोमा वा आपूर्ति गर्न नसकिरहेको कारणले नेपालमा उद्योगधन्दा कुनै बाधा अवरोध बिना अघि बढ्न सकिरहेको छैन । औद्योगिक उत्पादनले बजार पाउनु पर्दछ । एकातिर पुँजीको

अभाव छ भने अर्कोतिर उद्योग सञ्चालनका लागि आवश्यक उपकरण तथा सामग्रीको अभाव पनि छ। राज्यले उद्योग सम्बन्धी नीतिमा व्यापक हेरफेर ल्याउन र परिवर्तन गरिएका कानून, नीति तथा नियम व्यवहारमा लागू गर्न त्यत्तिकै दिलचश्पी दिन आवश्यक छ।

### ३.३.३ सोच

लघु उद्यम मार्फत उत्पादनशील पूर्वाधार निर्माण गरी दिगो औद्योगिकरण प्रवर्द्धन

### ३.३.४ उद्देश्य

१. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको व्यावसायिक उपयोग गरी रोजगारीका अवसरहरू सिर्जना गर्ने।

२ स्वदेशी श्रम, सीप र स्रोतको उपयोग गरी उद्योगको विकास गर्ने।

३. परम्परागत कुटिर, लघु, घरेलु एवम् साना हस्तकलाका उद्योगहरूको संरक्षण तथा सम्बर्द्धन गर्ने।

४. उद्योग विकासको लागि विभिन्न प्रबर्द्धनात्मक कार्यहरू गर्ने।

५. दीगो औद्योगिक विकासको लागि आवश्यक कार्यहरू गर्ने।

६. उद्योगको विकास, विस्तार, संरक्षण तथा सम्बर्द्धन गर्ने।

७. व्यापार तथा व्यवसायलाई स्वच्छ, प्रतिस्पर्धी र व्यवस्थित बनाई उपभोक्ता तथा व्यापार व्यवसायमैत्री वातावरण सिर्जना गर्ने।

### ३.३.५ रणनीति

- स्थानीय स्तरमा उपलव्ध श्रोत र साधनलाई उद्यममा परिवर्तन गरी वस्तु उत्पादन गर्न एक विस्तृत योजनाको छुट्टै खाका तयार गर्नेछ।
- गरीवी घटाउन लघु उद्यम, घरेलुतथा साना उद्यमहरुको माध्यमबाट रोजगारी श्रजृना गर्न ठूलो भूमिका हुन्छ। तसर्थ यसका लागि विस्तृत गरु योजना निर्माण गर्ने।
- हरेक स्थानीय तहमा १ औद्योगीक केन्द्र स्थापना गर्ने नीति बनाउन पहल गर्ने।
- छरिएर रहेका श्रोत साधनलाई अभिलेख वनाई व्यवस्थितरुपमा स्थलगत उद्यम विकास योजना निर्माण गर्न यसको आवश्यकता पहिचान गर्ने।
- गाउँ नगर उद्यम विकास योजनाले दीर्घकालीन रणनीति वनाई श्रोत साधनको प्रक्षेपण गर्दछ। त्यसको लागि लघु उद्यम प्रबद्र्धन, विस्तार, प्रशोधन, भण्डारण गर्ने लगायतका उत्पादनको ब्राण्डिङ र बजारिकरणका लागि उपयुक्त श्रोत र साधनको पक्षमा योजना वनाउने, र परिचालन गर्नेछ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| सिप मुलक तालिम लिने महिला | संख्या | ६७ | १५० | ४५ | ६० | १०० |
| लघु तथा घरलु उद्योगहरू | संख्या | १० | १२ | १५ | १७ | २० |
| उद्यम विकास तालिम लिने युवा | संख्या | ८५ | ४५ | ४५ | ५० | ६० |
| उत्पादनमुलक उद्योग | संख्या | ४ | १० | १० | १२ | १५ |
| उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | ० | २ | २ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उद्यम सृजना र विकास सम्बन्धी तालिम लिने उद्यमी | संख्या | ४५ | ४५ | ४६ | ५० | ६० |
| उद्योग व्यवसाय क्षेत्रमा थप रोजगार व्यक्ति | जना | ३० | ४० | ४० | ५० | ६० |

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | १,००० | १,००० | | | १,००० | १,००० | | - | |
| २०८३/८४ | १,०५० | १,०५० | - | - | १,०५० | १,०५० | - | - | - |
| २०८४/८५ | १,१०३ | १,१०३ | - | - | १,१०३ | १,१०३ | - | - | - |

### ३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | बजेट | नतिजा |
|---|---|---|---|---|---|
| १ | साझा सुविधा केन्द्र | उत्पादित वस्तु संकलन तथा विक्री वितरण | २०८०/८१ देखि २०८२/८३ सम्म | | साझा सुविधा केन्द्र निर्माण सम्पन हुने |
| २ | सुधारिएको घट्ट | स्थानीय उत्पादन पिठो तयार गर्नु | २०८०/८१ देखि २०८२/८३ सम्म | | सुधारिएको घट्ट |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

उद्योग ब्यबसाय तथा औद्योगिक आयोजना कार्यक्रमहरूको निम्ति पर्याप्त साधन स्रोत, क्षमता र प्रविधिको प्रभावकारी परिचालन हुन नसकेमा र उत्पादनमा आवश्यक कच्चापदार्थ उपलब्ध, पूजीको स्रोत, सरकारी नीति निर्माण, उचित बजार ब्यबस्थापन, दक्ष जनशक्ति उत्पादनको लागि उद्यमशिल तालिम, सिप विकास तालिम, प्रविधिको हस्तान्तरन गर्न नसकेको अवस्थामा अवस्थामा निर्धारित उद्देश्यहरू पूरा नहुने जोखिम छ।

कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतको कार्यको लागि पर्याप्त दक्ष, विज्ञ तथा प्राबिधिक उपलब्ध हुने स्थितिमा लक्षित उपलब्धिहरू हासिल हुने अनुमान गरिएको छ।

## ३.४ पर्यटन तथा सम्पदा विकास

### ३.४.१ पृष्ठभूमि

शैलुङ गाउँपालिका, दोलखा जिल्लामा अवस्थित, प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र धार्मिक महत्त्वले भरिपूर्ण एक महत्वपूर्ण पर्यटकीय गन्तव्य हो। यहाँको प्रमुख आकर्षण शैलुङ डाँडा हो, जहाँबाट ३६० डिग्री कोणमा हिमशृङ्खला अवलोकन गर्न सकिन्छ। १०८ वटा साना ठूला थुम्काहरूले सजिएको यो क्षेत्र धार्मिक, सांस्कृतिक र पर्यावरणीय दृष्टिले अतुलनीय छ। शैलुङलाई हिन्दू र बौद्ध दुवै धर्मावलम्बीहरूले पूजाअर्चना गर्ने स्थलका रूपमा मानिन्छ।

गाउँपालिकाभित्र विभिन्न जातजातिहरू मुख्यतः तामाङ, नेवार क्षेत्री र मगर समुदाय बसोबास गर्ने भएकाले यहाँको संस्कृति र परम्परा अत्यन्तै समृद्ध छ। तामाङ समुदायको सोनाम ल्होछार, गुरुङहरूको तमु ल्होछार, धामीझाँक्री

संस्कृति, परम्परागत नाचगान, लोककला, भजन मण्डलीजस्ता सांस्कृतिक पक्षहरू पर्यटकहरूका लागि आकर्षणका केन्द्र हुन सक्छन्।

यस क्षेत्रको जैविक विविधता, हरियाली पहाड, धार्मिक स्थल र मौलिक संस्कृतिको समायोजनले शैलुङ गाउँपालिकालाई एक महत्वपूर्ण पर्यटन तथा सम्पदा विकासको सम्भावनायुक्त गन्तव्य बनाएको छ। यिनै पक्षहरूको संरक्षण र प्रवर्द्धन मार्फत शैलुङको समग्र विकास सम्भव छ। गाउँपालिकाभित्र रहेका अन्य महत्वपूर्ण स्थलहरूमा शैलुङ्गेश्वर महादेव मन्दिर, धर्मद्वार, गुफा,शैलुङ डाँडा, कालापानी शैलुङ मिनिग्रेटवाल, महादेव गुफा, शैलुङ भ्युटावर, गोल्माराजा गोल्मारानी मुर्ति, किरातेश्वर महादेव मन्दिर, जुँगेश्वरी मन्दिर, सिताको चुलो, चर्नावती धाम, कृष्ण मन्दिर,चैत्यहरू, छयोर्तेनहरू, रहेले महादेव मन्दिर, थामि गुम्बा, धावा वाङ्गेल पार्क र ऐतिहासिक पाटीपौवा रहेका छन्। यी स्थानहरूले धार्मिक, प्राकृतिक र सांस्कृतिक पर्यटनको समृद्ध सम्भावना प्रस्तुत गर्छन्।

### ३.४.२ समस्या तथा चुनौती

शैलुङ गाउँपालिकाको पर्यटन तथा सम्पदा विकासमा अनेकौँ समस्या र चुनौतीहरू छन्, जसले यसको दिगो विकासमा अवरोध पुऱ्याइरहेका छन्। प्रमुख समस्यामध्ये पूर्वाधारको अभाव सबैभन्दा गम्भीर हो। अधिकांश पर्यटकीय स्थलसम्म पुग्ने सडकहरू अव्यवस्थित, अपूर्ण वा वर्षायाममा प्रयोग गर्नै नसकिने अवस्थामा छन्। विद्युत्, खानेपानी, सञ्चार तथा आवास सुविधाको अभावले पर्यटकहरूको आकर्षण घटाउँछ।

सांस्कृतिक सम्पदा संरक्षणमा स्थानीय जनचेतनाको कमी, पुराना परम्परा लोप हुँदै जानु, तथा आधुनिकताको प्रभावले मौलिक संस्कृति र परम्परागत सीपहरू संकटमा परेका छन्। युवा पुस्तामा परम्परागत कला, नाचगान र भाषाप्रतिको रुचि घट्दो क्रममा छ। साथै, धार्मिक तथा प्राकृतिक स्थलहरूको संरक्षणमा पर्याप्त ध्यान नदिंदा तिनीहरूको मौलिकता धमिलिँदै गएको छ।

संस्थागत योजना, बजेट र स्रोतको अभावले दीर्घकालीन पर्यटन रणनीति कार्यान्वयनमा कठिनाइ भइरहेको छ। प्रशिक्षित जनशक्ति, स्थानीय नेतृत्वको समन्वयको कमी, र निजी क्षेत्रको लगानी आकर्षित गर्न नसक्नु पनि ठूला चुनौतीहरू हुन्। यी समस्या समाधान गर्न दीर्घकालीन योजना, जनसहभागिता, पूर्वाधार विकास, र सांस्कृतिक जागरण आवश्यक छ।

### ३.४.३ सोच

**"शिक्षा, स्वास्थ्य,कृषि,पर्यटन र पूर्वाधार; समृद्ध शैलुङ निर्माणको आधार"**

### ३.४.४ उद्देश्य

शैलुङ गाउँपालिकाको पर्यटन तथा सम्पदा विकास (कला, संस्कृति समेत) को उद्देश्यहरू निम्नानुसार छन्:

- **स्थानीय सम्पदा संरक्षण र प्रवर्द्धन**: ऐतिहासिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको संरक्षण गर्दै तिनको पहिचान र प्रचार–प्रसार गर्नु।
- **दिगो पर्यटन विकास**: वातावरणीय, सामाजिक र सांस्कृतिक सन्तुलन कायम गर्दै दीर्घकालीन पर्यटन गतिविधिहरूको विकास र व्यवस्थापन गर्नु।
- **आर्थिक सशक्तीकरण**: पर्यटनमार्फत रोजगारी सिर्जना गरी स्थानीय समुदायको आम्दानी बढाउनु र ग्रामीण अर्थतन्त्रलाई सुदृढ बनाउनु।

- **मौलिक कला–संस्कृतिको संरक्षण**: तामाङ, मगर लगायत समुदायको परम्परागत भाषा, नाच, गीत, भेषभूषा, चाडपर्व र सांस्कृतिक अभ्यासको संरक्षण र पुनर्जागरण गर्नु।
- **पूर्वाधार सुधार**: पर्यटक मैत्री सडक, सूचना, आवास, खानेपानी, शौचालय, यातायात आदि पूर्वाधारको विकास गर्नु।
- **स्थानीय सहभागिता र क्षमता अभिवृद्धि**: पर्यटन र सम्पदा संरक्षणमा स्थानीय जनताको सक्रिय सहभागिता र सीप विकासमा जोड दिनु।
- **गन्तव्यको पहिचान विस्तार**: शैलुङलाई आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटन नक्सामा स्थापित गर्ने दीर्घकालीन प्रयास गर्नु।

**३.४.५ रणनीति**

**१. स्थानीय सम्पदा संरक्षण र प्रवर्द्धनका लागि रणनीति:**

- सम्पदाहरूको अभिलेखिकरण (डकुमेन्टेशन) र नक्सांकन गरिनु।
- स्थानीय गाइडहरू तथा जनप्रतिनिधिहरूलाई संरक्षणमा अभिमुखीकरण तथा प्रशिक्षण दिनु।
- सम्पदासम्बन्धी सचेतना अभियान, प्रदर्शनी तथा प्रचार–प्रसार सामग्री तयार पार्नु।

**२. दिगो पर्यटन विकासका लागि रणनीति:**

- वातावरणमैत्री तथा स्थानीय संस्कृति अनुरूपका पर्यटकीय गतिविधिहरू विकास गर्नु।
- सामुदायिक होमस्टे, इको-ट्रेल तथा ग्रामीण पर्यटन कार्यक्रमहरू प्रवर्द्धन गर्नु।
- पर्यावरण संरक्षण, फोहोर व्यवस्थापन र सुरक्षित यात्रा प्रणालीलाई प्राथमिकता दिनु।

**३. आर्थिक सशक्तीकरणका लागि रणनीति:**

- स्थानीय उत्पादन (हस्तकला, कृषि, परिकार) र सेवाहरू पर्यटनसँग जोडेर बजारिकरण गर्नु।
- पर्यटन व्यवसायसँग जोडिएका युवाहरूलाई सीपमूलक तालिमहरू प्रदान गर्नु।
- सामूहिक सहकारी वा टुरिज्म समूहमार्फत स्थानीय लगानी र स्वामित्व प्रवर्द्धन गर्नु।

**४. मौलिक कला–संस्कृति संरक्षणका लागि रणनीति:**

- लोपोन्मुख संस्कृति, परम्परा तथा भाषाको अभिलेखिकरण र पुनर्जागरण कार्यक्रम सञ्चालन गर्नु।
- समुदायमा लोक नृत्य, गीत र संस्कृतिक पर्वहरूको नियमित आयोजना गर्न सहयोग गर्नु।
- विद्यालयस्तरदेखि नै संस्कृतिमा आधारित शिक्षण–शिक्षण प्रणाली प्रवर्द्धन गर्नु।

**५. पूर्वाधार सुधारका लागि रणनीति:**

- प्राथमिक पर्यटकीय क्षेत्रसम्म पुग्ने सडकहरू स्तरोन्नति गर्नु।
- होमस्टे, शौचालय, खानेपानी, सौर्यबत्ती, सूचना संकेत बोर्ड आदि पूर्वाधार विकासमा लगानी गर्नु।
- डिजिटल सूचना पहुँच (वेबसाइट, मोबाइल एप, QR कोड सेवा आदि) स्थापना गर्नु।

**६. स्थानीय सहभागिता र क्षमता अभिवृद्धिका लागि रणनीति:**

- पर्यटन, गाइडिङ, आतिथ्य सेवा, फोटोग्राफी, हस्तकला आदिमा तालिम र सीप विकास कार्यक्रम सञ्चालन गर्नु।
- महिला, युवा, वृद्ध, दलित तथा जातीय समुदायको सहभागिता सुनिश्चित गर्ने नीति लागू गर्नु।
- पर्यटन समितिहरूमा स्थानीयको नेतृत्व र सहकार्य प्रोत्साहित गर्नु।

**७. गन्तव्यको पहिचान विस्तारका लागि रणनीति:**

- शैलुङको प्रमुख गन्तव्यहरूको डिजिटल प्रवर्द्धन (सोसल मिडिया, वेबसाइट, ब्लग) गर्नु।
- स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय मेला, सम्मेलन र प्रदर्शनहरूमा सहभागिता बढाउनु।
- पर्यटन प्याकेज विकास गरी ट्राभल एजेन्सी र टुर अपरेटरहरूसँग साझेदारी गर्नु।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को यथार्थ | २०८१/८२ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| स्थानीय स्तरका पर्यटकीय होटल | संख्या | १५ | २० | २५ | ३० | ३५ |
| नयाँ पदमार्ग निर्माण | किमि | ६ | १५ | २० | २५ | ३० |
| पर्यटन तालिम लिने व्यक्ति | संख्या | ५५ | ० | १५ | २० | २५ |
| पर्यटक सूचना केन्द्र | संख्या | ४ | ५ | १० | १५ | २० |
| पर्यटकीय स्थल विकास | संख्या | ७ | १ | १ | १ | १ |
| कोसेली घर | संख्या | ० | १ | १ | १ | १ |
| होमस्टे सञ्चालन | संख्या | १ | १ | १ | १ | १ |
| आन्तरिक तथा बाह्य पर्यटक संख्यामा वृद्धि | जना | १००००० | ५०००० | ५०००० | ५०००० | ५०००० |
| कृषि, युद्ध, ग्रामीण, ग्रामीण पर्यटनको संरचना निर्माण | वटा | १ | १ | २ | २ | २ |

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | ३,५०० | ३,५०० | - | | ३,५०० | ३,००० | ५०० | - | |
| २०८३/८४ | ३,६७५ | ३,६७५ | - | - | ३,६७५ | ३,१५० | ५२५ | - | - |
| २०८४/८५ | ३,८५९ | ३,८५९ | - | - | ३,८५९ | ३,३०८ | ५५१ | - | - |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | बजेट | नतिजा |
|---|---|---|---|---|---|
| १ | कालापानी शैलुङ मिनि ग्रेटवाल निर्माण | पर्यटकको सङ्ख्यामा बृद्धि गर्ने | २ | | १ कालापानी शैलुङ मिनि ग्रेटवाल निर्माण |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरू | स्थानीय पर्यटन स्रोतको दिगो उपयोग गरी आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्नु। | ३ | | १ पर्यटन सम्भाव्यता अध्ययन र रणनीति विकास गरेको हुने<br>२ स्थानीय गाइड तालिम कार्यक्रम संचालन गरेको हुने<br>३ होमस्टे व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम गरेको हुने<br>४ पर्यटन सूचना केन्द्र स्थापन गरेको हुने<br>५ पदयात्रा (Trekking Route) मार्गको विकासगरी थप स्तरोन्नती |
| ३ | सांस्कृतिक सम्पदा संरक्षण तथा प्रवर्द्धन | सांस्कृतिक र धार्मिक सम्पदाको संरक्षण तथा प्रवर्द्धन गरी सामुदायिक पहिचान मजबुत बनाउनु। | ३ | | १ स्थानिय मन्दिर, गुम्बा, चर्तेन जस्ता सम्पदाको संरक्षण र पुनः निर्माण गर्दै लगिने<br>२. सांस्कृतिक पर्व, जात्रा तथा मेलाहरूको व्यवस्थापन र प्रचारप्रसार गरिने<br>३. स्थानीय कला संस्कृति संग्रहालय स्थापनाको पहल गरिने |
| ४ | कला र हस्तकला प्रवर्द्धन | स्थानिय कला, संस्कृति र परम्परालाई भावी पुस्तासम्म संरक्षण गर्दै पर्यटनसँग जोड्नु । | ३ | | १स्थानिय कलाकार तथा हस्तकलाकर्मीको क्षमता विकास तालिम संचालन गर्ने<br>२. स्थानिय हस्तकलाको विपणन प्रवर्द्धन (Fair, exhibition, e-commerce linkage) गर्ने<br>३ बालबालिका र युवामा परम्परागत नाच, गीत, चित्रकला आदि सिप हस्तान्तरण कार्यक्रम गर्ने |
| ५ | डिजिटल पर्यटन प्रवर्द्धन कार्यक्रम | शैलुङलाई एक प्रमुख पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नु। | ३ | | १ शैलुङ पर्यटन वेबसाइट र मोबाइल एप विकास गर्ने<br>२ सामाजिक सञ्जालमार्फत प्रचारप्रसार अभियान (Promotion via Facebook, YouTube, TikTok) गर्ने<br>३ डिजिटल डकुमेन्ट्री निर्माण र प्रवर्द्धन गर्ने |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

जोखिम पक्षहरू (Potential Risks):

- सांस्कृतिक विकृति र व्यावसायिकीकरण; अत्यधिक पर्यटक आगमनले मौलिक कला, संस्कृति र परम्पराहरूमा विकृति आउने, सांस्कृतिक मूल्यहरू हराउने सम्भावना।
- पूर्वाधारको दवाब र वातावरणीय क्षति; अपर्याप्त योजना र स्रोत व्यवस्थापनका कारण सडक, पानी, फोहोर व्यवस्थापनमा दवाब पर्नु र प्राकृतिक स्रोतको दोहन बढ्न सक्ने।
- स्थानीय सहभागिता अभाव;स्थानीय जनताको प्रत्यक्ष संलग्नता नहुनाले योजना अपूर्ण र अल्पकालीन हुनसक्ने।
- राजनीतिक अस्थिरता वा नीति परिवर्तन; स्थानीय तथा केन्द्रीय स्तरको नीतिगत अस्थिरता, बजेट कटौती वा प्राथमिकता फेरिनाले योजना अवरुद्ध हुन सक्ने।
- सुरक्षाको चुनौती; पर्यटकहरूको सुरक्षा, विपद् व्यवस्थापन र प्राथमिक उपचार सुविधाको अभावमा दुर्घटनाको जोखिम।
- आन्तरिक र बाह्य प्रतिस्पर्धा ; अन्य पर्यटकीय गन्तव्यहरूसँगको प्रतिस्पर्धामा शैलुङ कमजोर पर्न सक्ने सम्भावना।

अनुमानहरू (Projections / Potential Outcomes):

- आर्थिक लाभ; यदि योजनाबद्ध रूपले पर्यटन विकास गरिएमा आगामी ५ वर्षमा स्थानीय उत्पादन, सेवा र रोजगारीमा ३०–५०% वृद्धि हुन सक्ने।

- वार्षिक पर्यटक आगमनमा वृद्धि  पूर्वाधार र प्रचार–प्रसार सुधार गरिएमा आन्तरिक पर्यटकमा हरेक वर्ष १०–१५% तथा बाह्य पर्यटकमा ५–१०% वृद्धिको सम्भावना।
- संस्कृति संरक्षणमा पुनर्जागरण;स्थानीय समुदायको सक्रिय सहभागिताबाट मौलिक परम्परा, पर्व र भाषाको पुनःस्थापना हुने अपेक्षा।
- समृद्ध ग्रामीण अर्थतन्त्र कृषि, हस्तकला, होमस्टे र साना व्यवसायसँग पर्यटन जोडिएमा ग्रामीण जनताको आम्दानीमा उल्लेखनीय वृद्धि।
- शैलुङको ब्राण्डिङ;दीर्घकालीन रणनीति अपनाइएमा शैलुङ गाउँपालिका राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा चिनिने सम्भावना उच्च।

## ३.५ भूमि व्यवस्था, सहकारी र वित्तिय सेवा

### ३.५.१ पृष्ठभूमि

शैलुङ गाउँपालिका अन्तर्गत रहेका अव्यवस्थित बसोबासी, भूमिहीन दलित  लगायतका जनताहरुको जग्गा अधावाधिक गर्ने तथा भूमिहीन व्याक्तिहरुलाई नेपाल सरकारको नियम कानून अनुसार बसोबास व्यवस्थापन गर्ने कार्य गर्नुपर्ने हुन्छ।पछिल्लो समय नेपालमा सहकारी तथा वितिय क्षेत्रको समस्या समाधान गर्न नसकिरहेको अवस्था रहेको छ।यसको प्रभावकारी नियमन, अनुगमन गरि सहकारी तथा वितिय क्षेत्रलाई थप व्यवस्थित गर्नुपर्ने रहेको छ।सहकारी तथा वित्तीय क्षेत्रको दयारा विस्तार गरि जनमुखी तथा सरल सेवा प्रदान गर्नु  गाउँपालिकाको दायित्व हुन्छ ।

### ३.५.२ समस्या तथा चुनौती

१. सहकारी तथा वितिय क्षेत्रको नियमन, अनुगमन समयसापेक्ष गर्न नसकिएको  ।

२. सहकारी तथा वितिय क्षेत्र सिद्दान्त, मूल्यमान्यता विपरित हुने र भइ गरेका कामहरुको नियन्त्रण गर्न नसकिएको।

३. सहकारी तथा वितिय क्षेत्रले संकलन गरेका पुँजीलाई उत्पादनमुलक क्षेत्र तथा रोजगारीमुलक क्षेत्रमा लगानी गर्न नसकिएको ।

४. जग्गाको मुल्यवान भएको ठाउँको सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी घर टहरो निर्माण र ति घर टहरो हटाउन पछि समस्या देखिन्छ ।

### ३.५.३ उद्देश्य

- अवस्थित, भूमिहीन सुकुम्बासी दलित बसोबासी हरुको जग्गा पहिचान गरि समानता कायम गर्नु ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वय र सहभागिताबाट दिगो विकासको आन्तरिकरण गर्नु ।
- वितिय क्षेत्रको सेवा विस्तार गरि नागरिकको जीवनस्तर उकास्नु  ।
- सरकारी तथा सार्वजनिक जग्गा अतिक्रम भएको ठाउँको संरक्षण गर्नु  र अतिक्रम गरेको व्यक्ति वा संघसस्थालाई कानुन अनुसार कारवाही गर्नु ।

### ३.५.४ रणनीति

१. सहकारी तथा गैर सरकारी संस्था, निजी क्षेत्र र समुदायसँगको साझेदारी र संजाल, सहकारी चेतना अभिवृद्धि तथा लाभदायी साझेदारी विकास गर्ने ।

२. सहकारी संस्थाहरूको नियमन र सुपरीवेक्षणका लागि संरचना बनाउने ।

३. सहकारी संस्थाहरूको कारोबारको आकार र गुणस्तरको आधारमा वर्गीकरण गरि मर्जर तथा खारेजीको प्रकिया अगाडी बढाउने ।

४. सरकारी तथा सार्वजनिक जग्गा अतिक्रम भएको ठाउँको संरक्षण गर्ने र अतिक्रम गरेको व्यक्ति वा संघसस्थालाई कानुन अनुसार कारवाही गर्ने ।

### ३.५.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को यथार्थ | २०८१/८२को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| सहकारी संस्था | संख्या | ५१ | ५१ | ४७ | ४२ | ३५ |
| सार्वजनिक जमिन संरक्षण | प्रतिशत | ७० | ७५ | ७८ | ८० | ९० |
| वैक तथा वित्तिय संस्थामा खाता भएका परिवार | प्रतिशत | ७५ | ८० | ८० | ८५ | ९० |
| वित्तिय साक्षरता | प्रतिशत | ७५% | ७५% | ८०% | ८५% | ९०% |
| अव्यवस्थित बसोबासी, भूमिहिन दलितका लागि जग्गा पहिचान, नक्शाङ्कन र सर्भेक्षणमा सहजीकरण, लाभग्राही रूजु र लगत अद्यावधीकरण भूमी तया बसोबास व्यवस्थाका लागि संवाद तथा पैरवी | संख्या | २० | १५ | १५ | १० | ४ |
| पुनः श्रम स्वीकृती सहयोग प्राप्त गर्ने व्यक्ती | जना | १०० | १०० | १५० | १७५ | २०० |
| वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसंख्या | संख्या | २० | २५ | ३० | ३० | ३० |

### ३.५.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ:

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | ५०० | ५०० | | | ५०० | ५०० | | - | |
| २०८३/८४ | ५२५ | ५२५ | - | - | ५२५ | ५२५ | - | - | - |
| २०८४/८५ | ५५१ | ५५१ | - | - | ५५१ | ५५१ | - | - | - |

### ३.५.७ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्र अन्तर्गत कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ:

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (हजारमा) | नतिजा |
|---|---|---|---|---|---|
| | | | | | |

### ३.५.८ जोखिम पक्ष तथा अनुमान

भविष्यमा बजार क्षेत्र विस्तार हुँदै जाँदा सरकारी तथा सार्वजनिक जग्गाको अतिक्रमण हुन सक्ने जोखिम छ । सहकारी तथा वित्तीय सेवाको समयमै अनुगमन, नियमन गर्नु पर्ने अवस्था रहेको छ ।

कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतको कार्यको लागि पर्याप्त दक्ष, विज्ञ तथा प्राबिधिक उपलब्ध हुने स्थितिमा लक्षित उपलब्धिहरू हासिल हुने अनुमान गरिएको छ ।

## ३.५ श्रम, रोजगारी र गरिबी निवारण

### ३.५.१ पृष्ठभूमि

शैलुङ गाउँपालिका श्रमशक्ति बाहुल्य ग्रामिण क्षेत्र हो, जहाँ जनसंख्या मुख्यतया कृषि, निर्माण, वैदेशिक रोजगार तथा असंगठित श्रम क्षेत्रमा निर्भर छ। गाउँपालिकाको ठूलो हिस्सा युवा जनशक्ति विदेशिएर कमाइ गर्ने प्रवृत्तिमा केन्द्रित छ, जसले आन्तरिक रोजगारी सृजनामा चुनौती सिर्जना गरेको छ। स्थानीय सरकारद्वारा रोजगारीमुखी कार्यक्रम, स्वरोजगार प्रवर्द्धन, सीप विकास तालिमहरू सञ्चालन गरिए तापनि तिनको पहुँच र प्रभावकारिता अझ सुदृढ पार्नु आवश्यक छ। गरिबीको अवस्था बहुआयामिक रहेकाले श्रम र रोजगारसँग जोडिएका योजनाहरू समावेशी, दीर्घकालीन र उद्यममुखी हुन जरुरी छ।

### ३.५.२ समस्या तथा चुनौती

श्रम, रोजगारी र गरिबी निवारण क्षेत्रमा शैलुङ गाउँपालिकाले विभिन्न संरचनागत र कार्यान्वयनगत समस्याहरूको सामना गरिरहेको छ। रोजगारको सीमित अवसर, सीपयुक्त जनशक्तिको अभाव, र उद्यमशीलताको न्यून प्रवर्द्धनका कारण धेरै युवाहरू वैदेशिक रोजगारीमा निर्भर छन्। गाउँमै रोजगारी सृजनाका कार्यक्रमहरूको संख्या कम हुनुका साथै तिनको प्रभावकारिता पनि न्यून छ। विपन्न तथा सीमान्तकृत समुदायले पहुँच र जानकारीको अभावका कारण स्वरोजगार सम्बन्धी तालिम, अनुदान तथा सहुलियत सेवाबाट लाभ लिन सकेका छैनन्। श्रमिकहरूका लागि सामाजिक सुरक्षा कार्यक्रमको पहुँच कमजोर छ भने श्रम बजारको माग र आपूर्तिबीच सन्तुलन मिलाउन सक्ने योजनागत संयोजन पनि न्यून देखिन्छ। यी समस्याले गरिबी निवारणमा प्रगति गर्न कठिनाइ उत्पन्न गरिरहेको छ।

### ३.५.३ उद्देश्य

- ग्रामीण श्रमिकहरूको जीवनस्तर वृद्धि गर्नु,
- सीपयुक्त रोजगारी सृजनाको माध्यमबाट स्थानीय अर्थतन्त्र सुदृढ गर्नु
- गरिबीको विद्यमान स्थिति परिवर्तन गरी समावेशी, दिगो र उत्पादनमुखी कार्यक्रम कार्यान्वयन गर्नु

### ३.५.४ रणनीति

- सीप अभिवृद्धि र व्यवसायिक तालिम कार्यक्रम सञ्चालन गरी युवालाई रोजगार योग्य बनाउने।
- स्थानीय स्रोत र सम्भावना आधारित उद्यम तथा स्वरोजगार प्रवर्द्धन गर्ने ।

- वैदेशिक रोजगारमा जानेको लागि पूर्वतयारी र परामर्श सेवा सुदृढ पारिने।
- विपन्न र सीमान्तकृत समूहका लागि सामाजिक सुरक्षा र सशक्तिकरण कार्यक्रम लागू गरिने।

### ३.५.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को यथार्थ | २०८१/८२को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| बेरोजगारी* कुल सक्रिय जनसंख्यामा | % | २५.५ | २२ | २० | १८ | १६ |

### ३.५.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ:

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | ५,५०० | ५,५०० | | | ५,५०० | ५,००० | ५०० | - | |
| २०८३/८४ | ५,७७५ | ५,७७५ | - | - | ५,७७५ | ५,२५० | ५२५ | - | - |
| २०८४/८५ | ६,०६४ | ६,०६४ | - | - | ६,०६४ | ५,५१३ | ५५१ | - | - |

### ३.५.७ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्र अन्तर्गत कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ:

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (हजारमा) | कार्यक्रम तथा आयोजना |
|---|---|---|---|---|---|
| | | | | | |

### ३.५.८ जोखिम पक्ष तथा अनुमान

**जोखिम पक्ष:**

**१. वैदेशिक रोजगार निर्भरता**: गाउँपालिकाको ठूलो युवा जनसंख्या वैदेशिक रोजगारमा निर्भर छ, जसले दीर्घकालीन रोजगारी सुरक्षा र स्थानीय सीपको विकासमा असर पार्दछ।

२. **सीप र तालिमको अभाव**: श्रमिक जनशक्तिमा आवश्यक सीपको अभाव, तालिम कार्यक्रमहरूको पहुँच न्यून र गुणस्तर पनि पर्याप्त छैन।

३. **स्थानीय रोजगारी सृजनाको सीमितता**: उत्पादनशील क्षेत्र (कृषि, लघुउद्योग आदि) कमजोर रहेकाले गाउँमै रोजगारी सृजनाका अवसर न्यून छन्।

४. **गरिबी बहुआयामिक र घनीभूत**: शिक्षा, स्वास्थ्य, सशक्तिकरणलगायत पक्षहरूमा अभावका कारण गरिबी केवल आयसँग मात्र सीमित नरही गहिरो सामाजिक समस्याको रूपमा रहेको छ।

५. **कार्यक्रम र बजेटको अपुगता**: रोजगारीमुखी कार्यक्रमहरूका लागि विनियोजित बजेट सीमित छ, कार्यक्रमको निरन्तरता र प्रभावकारिता सुनिश्चित गर्न चुनौती छ।

**अनुमान:**

- स्थानीय स्रोतमा आधारित रोजगारी सृजनाको सम्भावना उच्च छ, विशेषतः कृषि, पशुपालन, घरेलु उत्पादन, पर्यटन, जडिबुटी तथा लघुउद्यमको क्षेत्रमा।
- युवा जनशक्ति प्रचुर मात्रामा उपलब्ध भएकाले यदि सीप विकास र लगानी पहुँच सुनिश्चित गरिएमा स्वरोजगार र उद्यमशीलता प्रवर्द्धन गर्न सकिनेछ।
- संघीय र प्रदेश सरकार तथा गैरसरकारी संस्थाबाट कार्यक्रम र अनुदान ल्याउने अवसर बढ्दो छ, जसबाट रोजगारीमुखी योजना विस्तार गर्न सकिन्छ।
- विदेशबाट फर्केका श्रमिकको अनुभव, सीप र पूँजीलाई उपयोग गरेर स्थानीय उद्यम विकास गर्ने सम्भावना छ – ‘‘रिटर्नी माइग्रेसन उद्यमशीलता’’ कार्यक्रममार्फत।
- सीप विकास केन्द्र, तालिम तथा सहकारीहरूको सहकार्यमा व्यवसायिक तालिमहरू सञ्चालन गरेर विपन्न समुदायको जीवनस्तर सुधार गर्न सकिन्छ।
- गरिबी निवारणका लागि सामाजिक सुरक्षा, सहुलियत कर्जा, र रोजगार सहुलियत कार्यक्रमहरूमा पहुँच बढाउँदै समावेशी विकास सम्भव छ।

# परिच्छेद ४

# सामाजिक क्षेत्र

यस परिच्छेद अन्तर्गत (१) शिक्षा, कला, भाषा, साहित्य र संस्कृती संरक्षण, (२) जनस्वास्थ्य तथा पोषण, (३) खानेपानी तथा सरसफाई, (४) महिला, बालबालिका र सामाजिक समावेशीकरण, (५) युवा तथा खेलकुद जस्ता उप–क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ।

## ४.१ शिक्षा, कला, भाषा, साहित्य र संस्कृती संरक्षण

### ४.१.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना २०७८ को अनुसार यस गाउँपालिकाको कूल साक्षरता दर ६९.२ प्रतिशत रहेको छ। जसमा पुरुष साक्षरता दर ७८.१ प्रतिशत छ भने महिला साक्षरता दर ६१.२ प्रतिशत रहेको छ। यस गाउँपालिकामा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी कार्यक्रमहरु सञ्चालन भईरहेको छ। सामुदायिक विद्यालय शिक्षाको गुणस्तर अपेक्षित स्तरमा नभएको गुनासो जनमानसमा रहेको हुँदा शैक्षिक गुणस्तर वृद्धि गर्न तथा शैक्षिक क्षेत्रमा रहेका सवालको पहिचान गरी समाधानका उपायहरु खोजी गर्नुपर्ने आवश्यकता रहेको छ। यसर्थ शैलुङको शिक्षा क्षेत्रमा रहेका सम्भावना, अवसर, समस्या र चुनौतीहरुको खोजी गरी सोको समधानका लागि रणनीति तथा कार्यनीतिहरु र कार्यक्रमहरु योजनामा समावेश गरिएको छ।

### ४.१.२ समस्या तथा चुनौती

**समस्या :**

क) विद्यालयहरुमा विद्यार्थी संख्या न्यून हुनु
ख) विद्यालयहरुमा शिक्षकको दरबन्दी पुर्ण र पर्याप्त नहुनु,
ग) नयाँ प्रविधिसँगै शिक्षकहरुलाई रुपान्तरण गर्न नसक्नु,
घ) निरन्तर विद्यार्थी मुल्याङ्कनलाई प्रभावकारी बनाउन नसक्नु,
ङ) विद्यालयहरुमा स्थापना भएका ICT परिचालन गर्ने दक्ष जनशक्ती नहुनु,
च) शिक्षकहरुमा अपेक्षित दक्षताको कमी हुनु,
छ) विद्यालयमा नवीनतम विधि र प्रविधिको कम प्रयोग नहुनु
ज) शिक्षाक्षेत्र अनुसन्धानात्मक, व्यवहारिक तथा नव प्रवर्तनात्मक नहुनु,
झ) प्राविधिक शिक्षा मार्फत सीप युक्त जनशक्ति उत्पादन तथा परिचालन नहुनु,
ब) विद्यालयहरूमा कक्षा कोठाभित्र शैक्षिक सामाग्रीको कमी हुनु ।

**चुनौती :**

क) दक्ष शिक्षकहरुलाई ग्रामिण स्तरमा अध्यापनको लागि खटाउनु,
ख) प्रविधिसँगै विद्यालयमा गुणस्तर वृद्धि गर्नु,
ग) आर्थिक अभावका कारण पर्याप्त शिक्षक दरबन्दी पुर्याउनु,
घ) आवासिय र बहुप्राविधिक विद्यालय स्थापना गर्नु ।

### ४.१.३ सोच

सामाजिक आर्थिक रुपमान्तरणका लागि शैक्षिक मानव संसाधनको विकास

### ४.१.४ उद्देश्य

- शिक्षण संस्थाहरुलाई आधुनिकीकरण गरी दक्ष जनशक्ति उत्पादन गर्नु ।
- प्राविधिक शिक्षा तथा व्यवसायीक सिप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिस्चित गर्नु ।

### ४.१.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को यथार्थ | २०८१/८२को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| ५-१२ वर्ष उमेर समूहका विद्यालय वाहिर रहेका बालबालिका | संख्या | नभएको | ० | ० | ० | ० |
| ४-५ वर्ष उमेर समूहका बाल विकास केन्द्रमा भर्ना हुने बालबालिका | संख्या | ३३८ | ३४२ | ३५० | ३५३ | ३५५ |
| दरवन्दि अनुसार शिक्षक पदपूर्तिको अवस्था | प्रतिशत | २२ | १३ | १० | ८ | ५ |
| प्राविधिक शिक्षालय | संख्या | २ | १ | १ | १ | १ |
| शिक्षक तालिम कार्यक्रम | प्रतिशत | ८ | ८ | १० | १० | १० |
| अंग्रेजी | प्रतिशत | ६२ | ७० | ८० | ८५ | ९० |
| आधारभूत तालिम प्राप्त शिक्षक | संख्या | १५० | १६५ | १८० | १९० | १९५ |
| इन्टरनेटमा पहुँच भएका विद्यालय | संख्या | २९ | २५ | २५ | २५ | २५ |
| कक्षा १ मा भर्ना हुने विद्यार्थी | संख्या | १८६ | १५४ | १६० | १८० | १९० |
| कक्षा १० पुरा गर्ने विद्यार्थी | संख्या | ८१२ | १९० | २०० | २१० | २१५ |
| कक्षा ११-१२ मा भर्ना हुने विद्यार्थी | संख्या | ११५ | ९५ | १२० | १३५ | १४५ |
| कक्षा १२ पुरा गर्ने विद्यार्थी | संख्या | ६७ | ७० | ६० | ५३ | ८० |
| कक्षा १-५ को विद्यालय छोड्ने विद्यार्थी | संख्या | ५२ | ४१ | ३० | २२ | १५ |
| कक्षा १-५ तह पुरा गर्ने विद्यार्थी | संख्या | ८५८ | ७८० | ८०० | ८५० | ९०० |
| कक्षा १-५ दोहोर्याउने विद्यार्थी | संख्या | ४० | ४२ | ३० | २५ | १८ |
| कक्षा १-५ मा भर्ना हुने छात्रा | संख्या | ४७४ | ४५० | ४७० | ४८० | ४८६ |
| कक्षा १-५ मा भर्ना हुने विद्यार्थी | संख्या | ९१० | ८२० | ८५० | ९०० | ९२० |
| कक्षा ६-८ को विद्यालय छोड्ने विद्यार्थी | संख्या | ३५ | ३२ | २५ | २० | १४ |
| कक्षा ६-८ तह पुरा गर्ने विद्यार्थी | संख्या | ५२० | ५५० | ५८० | ५९० | ६१० |
| कक्षा ६-८ दोहोर्याउने विद्यार्थी | संख्या | ९० | ७० | ५० | ४० | २० |
| कक्षा ६-८ मा भर्ना हुने छात्रा | संख्या | ३६५ | ३५२ | ३६० | ३६८ | ३७५ |
| कक्षा ६-८ मा भर्ना हुने विद्यार्थी | संख्या | ६९१ | ६४५ | ६५५ | ६६० | ६७० |
| कक्षा ९-१० को विद्यालय छोड्ने विद्यार्थी | संख्या | २१ | १८ | १५ | १० | ८ |
| कक्षा ९-१० दोहोर्याउने विद्यार्थी | संख्या | २५ | २३ | १५ | १० | ८ |
| कक्षा ९-१० मा भर्ना हुने विद्यार्थी | संख्या | ४०२ | ३३५ | ३५५ | ३८० | ४०० |
| पुस्तकालय भएका विद्यालय | संख्या | ११ | ११ | १२ | १२ | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विज्ञान प्रयोगशाला | संख्या | ११ | १२ | १२ | १२ | १२ |
| सिकाइ उपलब्धि (कक्षा ८) | प्रतिशत | ४३.२१ | ४५.३६ | ४८.२५ | ५२.३३ | ५५.६५ |
| सूचना तथा सञ्चार प्रविधि (ICT) सुविधा भएको संख्या | संख्या | १५ | १६ | १७ | १८ | १८ |

### ४.१.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ:

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | बजेटको स्रोत (हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | १६७,२३३ | १६७,२३३ | - | | १६७,२३३ | १६२,४०० | ३,९९३ |
| २०८३/८४ | १७५,५९५ | १७५,५९५ | - | - | १७५,५९५ | १७०,५२० | ४,१९३ |
| २०८४/८५ | १८४,३७४ | १८४,३७४ | - | - | १८४,३७४ | १७९,०४६ | ४,४०२ |

### ४.१.७ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्र अन्तर्गत कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ:

| **क्र. स.** | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि** | **कुल लागत (हजारमा)** | **नतिजा** |
|---|---|---|---|---|---|
| | | | | | |

### ४.१.९ जोखिम पक्ष तथा अनुमान

शिक्षा क्षेत्रमा भौगोलिक विकटता, आधारभूत पूर्वाधारको कमी, विषयगत शिक्षकको अभाव, सीमान्तकृत समुदायको पहुँच समस्या, प्रविधिको अभाव, शिक्षाको गुणस्तरमा कमजोरी, अभिभावकको न्यून चासो, बजेट अभाव तथा कार्यान्वयन कमजोरी जस्ता जोखिमहरू विद्यमान छन्। यसले समावेशी, गुणस्तरीय र दिगो शिक्षामा जोखिम उत्पन्न गरेको छ।

शैक्षिक सुधारका लागि शैलुंग गाउँपालिकामा विभिन्न अवसरहरू छन्। संघीय र प्रदेश सरकारको शैक्षिक नीतिसँग समन्वय गर्दै स्थानीय स्रोत परिचालन गर्न सकिनेछ। दातृ निकाय र गैरसरकारी संस्थाको साझेदारीमार्फत आधारभूत पूर्वाधार, शिक्षक तालिम, तथा डिजिटल पहुँच विस्तार गर्न सम्भव छ। विद्यालयस्तरीय योजनामा समुदायको सहभागिता बढाएर शिक्षाको गुणस्तरमा सुधार ल्याउन सकिनेछ। साथै, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकालाई लक्षित कार्यक्रम विकास गरी समावेशी शिक्षा प्रवर्द्धन गर्ने अवसर पनि विद्यमान छ।

## ४.२ जनस्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

बागमती प्रदेश अन्तर्गत दोलखा जिल्ला शैलुङ गाउँपालिका महाभारत पर्वत शृंखलाको सबै भन्दा अग्लो शैलुङ डाँडा यसै पालिकामा पर्दछ। भौगोलिक विविधता र विकटताले गर्दा हरेक टोलटोलमा स्वास्थ्य सेवा पुराउन कठिन छ त्यसको वावजुद गाउँपालिकाको स्वास्थ्य शाखा द्वारा संचालित १ अस्पताल, ६ ओटा बर्थिंग सेन्टर ,१ ओटा आधारभूत स्वास्थ्य केन्द्र ,२ ओटा सामुदायिक स्वास्थ्य इकाइ गरि १० ओटा स्वास्थ्य संस्था छन् जसमा जसमा ५० जना मध्ये डाक्टर, नर्स, ल्याब टेक्निसियन, रेडियोग्राफर, स्वास्थ्यकर्मीले गाउँपालिका १७०० बढीमा जनसंख्यालाई सेवा दिइरहेका छौ। जसमा palliative, preventive promotive ,curative जस्ता सेवाहरु गाउँपालिका अन्तर्गतका ८ ओटा वडाहरुमा प्रदान गरिएको छ।

### ४.२.२ समस्या तथा चुनौती

- दरबन्दी अनुसार स्थाई कर्मचारी नहुनु।
- एम्बुलेन्सहरु समयमा मर्मत नहुनु जसका कारण बिरामीले समयमा स्वास्थ्य सेवाको पहुच नहुनु।
- भौगोलिक विविधता र विकटता।

### ४.२.३ सोच

शैलुङका आम नागरिकलाई प्रभावकारी र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने

### ४.२.४ उद्‌देश्य

- ZERO HOME DELIVERY को स्थिति तयार गर्नु,
- बर्थिंग सेन्टरलाई आधारभूत अस्पतालमा स्तररोन्नति गर्नु,
- पूर्ण खोप सतप्रतिसत पुर्याउनु,
- गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यक स्वास्थ्य सुचकहरु समयमै पुरा गर्नु

### ४.२.५ रणनीति

- ZERO HOME DELIVERY गर्नको लागि एम्बुलेन्स सेवा ,स्वास्थ्यकर्मीको पहुच र म.सा.स्वा.स्व.से परिचालन गर्ने
- दरबन्दी अनुसार स्थाई कर्मचारी व्यवस्थापन गर्न संघ तथा प्रदेश संग माग गरिने छ
- मातृ तथा नवशिशु मृतुदर कम गर्नको लागि गर्भाअवस्था र सुत्केरी पछि गर्ने जाचँलाई ९०/९५ % पुर्याउने
- गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य सस्थाहरुको गुणस्तरसुधार मुल्याकन गर्ने
- पूर्ण खोप सतप्रतिसत पुर्याउनको लागि आवश्यक सर्वेक्षण, वैठक,अनुगमन मुल्याकन गर्ने
- नसर्ने तथा दीर्घकालीन रोग हुन नदिनको लागि palliative, preventive promotive सेवालाई अझ प्रभाकारी रुपमा संचालन तथा सेवा विस्तार गर्ने

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ को यथार्थ | २०८१/०८२ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | ०८३/८४ | २०८४/८५ |
| स्वास्थ्य संस्थामा प्रसूति हुने दर | प्रतिशत | ७८ | ७९ | ८३ | ८५ | ९० |
| २३ महिना सम्मका नियमित वृद्धि अनुगमन गरिएका बालबालिका | संख्या | २०४ | २५० | २५५ | २६० | २६५ |
| महिला स्वास्थ्य स्वयंसेविका | संख्या | १५१ | १५१ | १५० | १४८ | १४५ |
| झाडापखाला संक्रमित दर प्रति हजारमा | संख्या | ६९ | ६० | ५० | ४५ | ४० |
| वाल कुपोषण दर | प्रतिशत | ३ | २ | २ | १ | १ |
| प्रसूती सेवा केन्द्रहरू | संख्या | ७ | ७ | ८ | ८ | ८ |
| भिटामिन ए प्राप्त गर्ने वालवालिका दर | प्रतिशत | ८४.२ | ५५.३ | ८६ | ८९ | ९० |
| विरामि पर्दा स्वास्थ्य संस्था जाने व्यक्ति दर | प्रतिशत | ६९.४३ | ६८.०३ | ७० | ७४ | ८० |
| कम तौल भएका नवजात शिशु | प्रतिशत | ४.२३ | २.५६ | ३.३ | २.१ | ० |
| गर्भावस्थाको अवधिभर १८० आइरन चक्की खाने गर्भवती | प्रतिशत | ५७ | ५८ | ६० | ६४ | ७० |
| झाडापखालाका बिरामी दर (प्रति हजार २ देखि ५९ महिना बालबालिका) | जना | ६८ | ४१ | ५५ | ४५ | ३५ |
| निमोनियाका विरामी दर (२ देखि ५९ महिनाका बालबालिका) | जना | १४५ | ७० | ६० | ५० | ४० |
| परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता | प्रतिशत | ८ | ४.३३ | १० | २० | ३० |
| | | | | | | |
| बच्चालाई ६ महिलासम्म स्तनपान गराउने महिला | प्रतिशत | ५१.४९ | ६४.८६ | ६० | ७० | ८० |
| बृद्धि अनुगमन ०-२३ महिनाका बालबालिको औषत भेट | | ९.१५ | ८.८२ | १०.६५ | १५.८५ | २०.६५ |
| वृद्धि अनुगमन गरिएका मध्ये कुपोषित ५९ महिनाभन्दा कम उमेरका बालबालिका | प्रतिशत | ३ | २ | १ | १ | ० |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ:

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | बजेटको स्रोत (हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | ४३,७४० | ३८,७४० | ५,००० | | ४३,७४० | ४०,४०० | २,५०० |
| २०८३/८४ | ४५,९२७ | ४०,६७७ | ५,२५० | - | ४५,९२७ | ४२,४२० | २,६२५ |
| २०८४/८५ | ४८,२२३ | ४२,७११ | ५,५१३ | - | ४८,२२३ | ४४,५४१ | २,७५६ |

#### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्र अन्तर्गत कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ:

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्‍देश्य | अवधि | कुल लागत (हजारमा) | नतिजा |
|---|---|---|---|---|---|
| | | | | | |

#### ४.२.९ जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य कार्यक्रमहरूको निम्ति पर्याप्त साधन स्रोत,जनशक्ति  क्षमता र प्रविधिको प्रभावकारी परिचालन हुन नसकेको अवस्थामा निर्धारित उद्देश्यहरू पूरा नहुने जोखिम छ।

कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतको कार्यको लागि पर्याप्त दक्ष, विज्ञ तथा प्राबिधिक उपलब्ध हुने स्थितिमा लक्षित उपलब्धिहरू हासिल हुने अनुमान गरिएको छ।

### ४.३ खानेपानी तथा सरसफाई

#### ४.३.१ पृष्ठभूमि

शैलुङ गाउँपालिका क्षेत्रमा खानेपानिको क्षेत्रमा उल्लेख्य पहल भएका छन । आधारभूत खानेपानिमा पहुच भएका घरधुरी ९७% रहेको छ ,गाउँ पालिकामा मानवसिर्जित फोहोरमैला प्रायजसो घर घरमै सेप्तिक ट्यांकी बनाएर विसर्जन गर्ने गरेको छ,यस गाउँ पालिकाको मुख्य केन्द्र बागखोर बजार क्षेत्रमा घर घर बाटै फोहोरमैला संकलन गरि निर्धारित स्थानमा विसर्जन गरे पनि व्यवस्थित ल्यान्डफिल साइट र फोहोर प्रसोधन केन्द्रको अभाव रहेको छ, खानेपानी श्रोतका रुपमा मूल, तथा खोलाहरु रहेका छन् हाल गाउँ पालिकामा एक घर एक धारा नीति कार्यक्रम अन्तर्गत ३८.५०% घरमा सम्पन्न भई सकेका छन्।

#### ४.३.२ समस्या तथा चुनौती

यस शैलुङ गाउँ पालिकाको एक घर एक धारा उपलब्ध नभएको स्थानमा खानेपानी पाइपबाट वितरित खानेपानीको पहुँच पुगेको भएता पनि पानीको गुणस्तरमा समस्या रहेको छ, सडक विस्तार तथा स्तरोन्नति जस्ता कार्य गर्दा पानीको मुहान सुक्दै जानु ,बनेका पाइपलाइन जस्ता संरचना पनि क्षति हुनु ,छरिएर रहेको वस्तीहरु  तथा भिरालो जमिनको कारणले गर्दा खानेपानिको पहुँचमा सर्व सुलभ गराउनु मुख्य चुनौती बन्न पुगेको छ।

#### ४.३.३ उद्‍देश्य

- स्वच्छ र गुणस्तरयुक्त खानेपानी सुविधा र सरसफाइको व्यवस्था गर्नु।

#### ४.३.४ रणनीति

- खानेपानि स्रोतहरुको संरक्षण गर्ने ।
- एक घर एक धारा कार्यक्रमलाई प्रवावकारी रुपमा अगाडी बढाउने ।

### ४.३.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८० /८१ को यथार्थ | २०८१/८२ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| सरसफाई सम्वन्धि जनशक्ति तालिम | संख्या | ५५ | ५५ | १०५ | १६५ | २३६ |
| सरसफाई जनचेतना कार्यक्रम | संख्या | ११ | ११ | २० | २३ | २५ |
| मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालय | संख्या | २ | ३ | ४ | ५ | ६ |
| खानेपानीको स्रोतको संरक्षण र सरसफाई | प्रतिशत | ६५ | ७० | ८० | ९० | ९५ |
| नियमित गुणस्तर परिक्षण तथा उपचार भएका खानेपानी आयोजना | संख्या | १४ | १८ | २० | २३ | २५ |
| पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार | प्रतिशत | ९७ | ९७ | ९८ | ९९.५ | १०० |
| फोहोर विसर्जनको स्थल(खाडल) हुने घर धुरी | प्रतिशत | ६० | ७० | ८० | ९० | ९५ |
| शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ९९.६४ | ९९.६४ | ९९.७५ | ९९.८५ | १०० |
| सार्वजानिक शौचालय | संख्या | २ | ३ | ४ | ५ | ६ |
| सुरक्षित शौचालय सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | ९१.६० | ९१.६० | ९२.५० | ९३ | ९५ |

### ४.३.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण /अन्य |
| २०८२/८३ | १७,००० | २,००० | १५,००० | | १७,००० | ९,५०० | ७,५०० | - | |
| २०८३/८४ | १७,८५० | २,१०० | १५,७५० | - | १७,८५० | ९,९७५ | ७,८७५ | - | |
| २०८४/८५ | १८,७४३ | २,२०५ | १६,५३८ | - | १८,७४३ | १०,४७४ | ८,२६९ | - | |

### ४.३.७ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | बजेट | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई (एक घर एक धारा) | गुणस्तरिययुक्त खानेपानी र सरसफाई सुविधा बृदी गर्नु | सालबसाली | | खानेपानी तथा सरसफाईको पहुँच वार्षिक रुपमा बृदी हुनेछ |

### १.८ जोखिम पक्ष तथा अनुमान

नेपाल सरकारबाट बजेट सुनिस्चित भई आएका योजनाहरुमा समयमै आयोजना संचालन, मर्मत सम्भार भएमा अपेक्षित उपलव्धि हासिल हुने अनुमान छ।यद्धपि भारि वर्ष हुने समय तथा विभिन्न कारण जस्तै मानवीय प्रभाव (जथाभावी सडक खनिनु),जलवायु परिवर्तनको कारणले खानेपानीको स्रोतमा पर्ने नकारात्मक प्रभाव र विकास आयोजना निर्माणमा अन्य कुनै पनि सार्वजानिक तथा निजि साझेदारी निकायहरु संग समन्वय हुन नसके फोहोर मैला तथा ढलको उचित व्यवस्थापनमा व्यहोर्नु पर्ने चुनौती भने यथावत नै हुनेछ।

## ४.४. महिला, बालबालिका र सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

स्थानीय जनता संग प्रत्यक्ष रुपमा जोडिएको स्थानीय सरकार मध्ये शैलुङ गाउँपालिकाले पनि आफ्ना जनतालाई सन्तुष्टि प्रदान सेवा प्रवाह गर्दै अएको छ । जस अन्तर्गत महिला तथा बालबालिका शाखा पनि एक हो र लक्षित वर्ग (महिला, जनजाति, दलित, अपाङ्गता, जेष्ठ नागरिक ,किशोरीहरु लगायत बालबालिका सम्बन्धि, नारी सम्बन्धि विभिन्न दिवसहरु ,समारोहहरु आदि क्रियाकलापहरु संचालन गरिदै आएको छ भने बालमैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम, बाल बिवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम,अपाङ्गता भएको व्यक्तिहरुलाई पुनस्थापना सहयोग कार्यक्रम, जातीय छुवाछुत मुक्त अभियान संचालन कार्यक्रम, किशोरीहरुका लागि आत्मा रक्षक तालिम, किशोरकिशोरीहरु यौन तथा प्रजनन स्वास्थ्यमा आधारित लागू औषध दुर्व्यसनी विरुद्दको कार्यक्रम आदि ईत्यादी गर्दै आएको छ ।

### ४.४.२ समस्या तथा चुनौती

१ लक्षित वर्गको कार्यक्रमहरु प्रभावकरी रुपमा संचालन गर्न नसक्नु ।

२ आवश्यक बजेटको अभावका कारण सामाजिक समावेशी करणको अवधारणा वमोजिम कार्य गर्न नसक्नु ।

### ४.४.३ उदेश्य

१.महिला लक्षित सिप विकास तथा क्षमता अभिबृद्धि सम्बन्धमा अन्य निकाय, संघ संस्थाहरुसँग समन्वय गरी कार्यक्रम संचालन गर्ने

२. महिला बालबालिका आत्मा रक्षा, प्रजनन स्वास्थ्य सम्बन्धिको विभिन्न तालिमहरु संचालन गर्ने ।

३. लक्षित वर्गको स्थानीय टोल स्तरबाट माग छनोट भई आएको कार्यक्रम संचालन गर्ने ।

४. महिला अधिकार सम्बन्धि विभिन्न बहस,पैरवी सचेतनाका कार्यक्रम हरु सन्चालन गर्ने ।

### ४.४.४ रणनीति

- नेतृत्व विकास, कानूनी साक्षरता, महिलाको हक र अधिकार जस्ता विषयमा जनजागरण ल्याउने
- राज्यको हरेक अंगमा अर्थपूर्ण सहभागिताको सुनिस्चितता गर्नको लागि नीति तथा कार्यक्रम तय गर्ने

### ४.४.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७९/८० को यथार्थ | २०८०/८१ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| अपाङ्ग वालवालिकालाई विशेष शिक्षा तालिम | संख्या | २० | २५ | ३० | ३५ | ४० |
| महिला घरमूली भएको परिवार | संख्या | २५०० | ३००० | ३५०० | ४००० | ५००० |
| महिला तथा जेष्ठ नागरिक लक्षित स्वास्थ्य घुम्ति सेवा | संख्या | ८ | १० | १५ | २० | २५ |
| वैंक खाता भएका महिला | संख्या | ७३३९ | ८००० | ८५०० | ९००० | ९३३९ |
| वाल क्लव | वटा | ७ वटा | ८ वटा | ९ वटा | ९ वटा | ९ वटा |
| लक्षित तथा पिछडिएका वर्गलाई क्षमता विकास तालिम | वटा | ९ | १५ | १५ | १५ | १५ |
| कुनै पनि प्रकारको अंपागता हुने जनसंख्या | संख्या | ३७९ | ४०० | ४५० | ५०० | ५५० |
| तालिम प्राप्त अपाङ्ग भएका व्यक्ति | संख्या | ४० | ४० | ६० | ८० | १०० |
| अनुदान प्राप्त गरी व्यवसाय संचालन गर्ने महिला, दलित र अपांगता भएका व्यक्ति | संख्या | ३५ | ३५ | ६५ | ८५ | १०० |
| लक्षित वर्गको कार्यक्रममा विनियोजन बजेट | संख्या | - | - | - | - | - |
| सिपमुलक तालिम प्राप्त महिला | संख्या | १५० | २०० | २५० | ३०० | ३५० |
| सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गरेका अपाङ्गता भएका व्यक्ति | संख्या | ५ जना | ५ जना | १५ | २० | ३० |

### ४.४.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ६,७३९ | ४,७३९ | २,००० | | ६,७३९ | ४,५०० | ४५० | १,७८९ | |
| २०८२/८३ | ७,०७६ | ४,९७६ | २,१०० | - | ७,०७६ | ४,७२५ | ४७३ | १,८७८ | |
| २०८३/८४ | ७,४३० | ५,२२५ | २,२०५ | - | ७,४३० | ४,९६१ | ४९६ | १,९७२ | |

### ४.४.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | बजेट | नतिजा |
|---|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय तह घोषणा कार्यक्रम | स्थानीय तहमा भएको कुनै पनि बालबालिकाहरुले आफ्नोअधिकार प्राप्त गर्न सक्ने छ | २०८१ देखि २०८७ सम्म | | बालमैत्री स्थानीय तह घोषणा भएको हुनेछ |
| २ | महिला उद्यमशील कार्यक्रमलाई प्रोत्साहन कार्यक्रम | महिला उद्यमी बन्ने छ | सालवसाली | | |
| ३ | किशोरकिशोरीहरुको लागि यौन तथा प्रजनन स्वास्थ्यमा आधारित लागुपदार्थ दुर्व्यसनी | किशोरकिशोरीहरु दुर्वेशनमा फसेको हुने छैन | २०८०/८१ देखि २०८२/८३ | | दुर्वेशनी मुक्त स्थानिया तह भएको हुने। |

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | बजेट | नतिजा |
|---|---|---|---|---|---|
| | विरुद्ध जिवनोपगी सिप कार्यक्रम । | | | | |
| ४ | महिला तथा बालबालिका लक्षित कार्यक्रम | महिला तथा बालबालिका लक्षित कार्यक्रम चालु कार्यक्रमहरूमा निरन्तरता चलेको हुने छ | निरन्तर रुपमा | | कार्यक्रमहरूको निरन्तरता भएको हुने |

### ४.४.८ जोखिम पक्ष तथा अनुमान

महिला तथा बालबालिका, किशोरकिशोरी, अपांग, जेष्ठ नागरिक सम्वद्ध विकास आयोजना तथा कार्यक्रमहरूको निम्ति पर्याप्त साधन, स्रोत, क्षमता र प्राविधिक जनशक्ति प्रभावकारी रुपमा परिचालन हुन नसकेमा कार्यक्रमले उच्च नतिजा मुलक सेवा उपलव्ध हुन नसकेको अवस्थामा निर्धारित उद्देश्यहरू पूरा नहुने जोखिम छ ।

कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतको कार्यको लागि पर्याप्त दक्ष, विज्ञ तथा प्राबिधिक उपलब्ध हुने स्थितिमा लक्षित उपलब्धिहरू हासिल हुने अनुमान गरिएको छ ।

## ४.५ युवा, खेलकुद, रोजगारी तथा नवप्रवर्तन

### ४.५.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा युवा (१५ - ४४ उमेर समूह) का जनसंख्या ७८०७ (४३.६ प्रतिशत) रहेको छ। विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ। जनसाङ्ख्यिक पूँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक-आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट गाउँपालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु पर्ने भएको छ।

गाउँपालिकामा युवाहरुको सीप तथा क्षमता अभिवृद्धि तथा युवा खेलकुद विकासका क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिँदै आएका छन्। तथापि युवाहरुको उद्यमशिलता तथा रोजगारी/स्वरोजगारीको क्षेत्रमा उल्लेख्य प्रगति भने हुन सकेको छैन। व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासका लागि खेलकुद अपरिहार्य छ। त्यसैले समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो। खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धी बनाई गाउँपालिका, प्रदेश र राष्ट्रको गौरव बढाउने अवसर सिर्जना गर्नुपर्ने भएको छ। यसकारण, युवाको सीप तथा क्षमता विकास र खेलकुद विकासको क्षेत्रमा योजनाबद्ध पहलहरु गर्नुपर्ने आवश्यकता देखिएको छ।

### ४.५.२ समस्या तथा चुनौती

समस्या:

क) युवाहरुलाई अध्ययनका लागि क्याम्पस र प्राविधिक शिक्षालयको अभाव हुनु,

ख) अध्ययन र रोजगारीको सिलसिलामा युवा पलायन व्याप्त हुनु,

ग) स्थानीय तहमा युवा लक्षित कार्यक्रमहरु न्यून हुनु,

घ) बजारको मागको आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नु,

ङ) युवा उद्यमशिलता तथा रोजगारीका कार्यक्रमहरु सञ्चालन न्यून हुनु,

च) युवाहरुलाई खेलकुदका लागि खेलमैदान तथा आवश्यक स्रोतसाधन सहितको सुविधाहरु अभाव हुनु,

छ) युवाहरु कृषि तथा पशुपालन जस्ता व्यवसायिक कार्यहरु कम आकर्षित हुनु ।

चुनौती:

क) युवाहरुलाई गाउँमै बसाउने, अध्ययन र रोजगारको पूर्वाधार र वातावरण बनाउनु,

ख) खेलकुदमा व्यवसायिकता बनाई युवाहरुलाई दिगोरुपमा खेल प्रति आकर्षित गराउनु,

ग) युवाहरुलाई नेतृत्वदायी भूमिका र विकास तथा योजना तर्जुमाको मूलप्रवाहमा ल्याउनु,

घ) युवाहरुलाई लागूपदार्थ तथा दुर्व्यसनीबाट बचाउनु,

ङ) युवाहरुको मानसिक स्वास्थ्य र अनुशासन सुदृढ राख्नु

### ४.५.३ सोच

"युवाहरुमा व्यवसायीक सीप र जाँगर: शैलुङ गाउँपालिका परिवर्तनको आधार"

### ४.५.४ उद्देश्य

- युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै बिकासमा युवाको सहभागीता वृद्धि गर्नु ।
- खेलकुद पूर्वाधारको विकास गदै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र ब्यबसायिक बनाउनु ।

### ४.५.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७९/८० को यथार्थ | ०८०/८१ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| कभर्ड हल | संख्या | २ | २ | २ | ३ | ३ |
| स्थानीय खेल मैदान | संख्या | ८ | ८ | ९ | ९ | १० |

### ४.५.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ:

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | २,००० | २,००० | | | २,००० | १,५०० | | ५०० |
| २०८३/८४ | २,१०० | २,१०० | - | - | २,१०० | १,५२५ | - | ५७५ |
| २०८४/८५ | २,२०५ | २,२०५ | - | - | २,२०५ | १,६०१ | - | ६०४ |

### ४.५.७ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्र अन्तर्गत कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ:

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (हजारमा) | नतिजा |
|---|---|---|---|---|---|
| १. | | | | | |

### ४.५.८ जोखिम पक्ष तथा अनुमान

युवा, खेलकुद, रोजगारी तथा नवप्रवर्तन क्षेत्रमा धेरै संरचनात्मक र प्राविधिक जोखिमहरू छन्। युवाहरूको व्यापक विदेश पलायन, सीप अभाव, स्वरोजगारमा न्यून रुचि तथा व्यावसायिक मार्गदर्शनको कमीले रोजगारीको सम्भावनामा असर पारिरहेको छ। खेलकुदका लागि पूर्वाधार, मैदान, सामग्री र प्रशिक्षकको अभाव छ, जसले खेलकुद विकासमा अवरोध पुऱ्याइरहेको छ। नवप्रवर्तनलाई प्रोत्साहन गर्ने वातावरण र स्रोतको अभाव, डिजिटल साक्षरतामा कमजोरी तथा प्राविधिक शिक्षाको पहुँच न्यून हुनु पनि प्रमुख चुनौतीहरू हुन्। यस्ता जोखिमहरूले युवाको ऊर्जा र सिर्जनशीलता उपयोग गर्न कठिन बनाएको छ।

संघीय तथा प्रदेश सरकारको युवा लक्षित नीति, सीप विकास कार्यक्रम र स्वरोजगार अनुदान योजनाको लाभ लिन सकिने सम्भावना छ। डिजिटल प्रविधिमा पहुँच विस्तार र नवप्रवर्तनमूलक सोचलाई प्रवर्द्धन गर्ने स्टार्टअप कार्यक्रम, उद्यमशीलता प्रवर्धन, र सहकारीहरूसँग सहकार्यका ढोका खुला छन्। खेलकुदका क्षेत्रमा विद्यालयस्तरमै प्रतियोगिता, क्लव तथा समुदायको सक्रियता बढाएर खेलकुद विकासमा योगदान दिन सकिन्छ। युवा सहभागिता र नवप्रवर्तनलाई संस्थागत गर्न नीति तथा कार्यक्रममार्फत वातावरण सिर्जना गर्ने अवसर पनि प्रशस्तै छ।

# परिच्छेद ५

# पूर्वाधार क्षेत्र

यस क्षेत्र अन्तर्गत (१) आवास तथा बस्ति विकास, (२) सडक पूर्वाधार तथा यातायात, (३) विद्युत र स्वच्छ एवं वैकल्पिक उर्जा, र (४) सञ्चार तथा सूचना प्रविधि उप-क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश छ ।

## ५.१ आवास तथा बस्ति विकास

### ५.१.१ पृष्ठभूमि

पूर्वाधार क्षेत्र अन्तर्गत रहेको यस उपक्षेत्रमा गाउँपालिका भित्र निर्माण हुने निजि ,सार्वजनिक सबै प्रकारको भौतिक संरचना बालमैत्री,लैंगिक र अपागमैत्री निर्माण गर्न भवन निर्माण संहिता तथा निर्माण सम्वन्धि आधारभूत मापदण्ड बमोजिम कार्य गर्नुपर्ने अवस्था छ,पहाडी भू भागमा अवस्थित यस गाउँपालिकामा वस्ती व्यवस्थापनका आधारभूत कुराहरुलाई ख्याल गर्दै गाउँपालिकाको सामाजिक आर्थिक विकासमा टेवा पुराउन व्यवस्थित वस्ती विकास क्षेत्रलाई उच्च प्राथमिकतामा राखी काम गर्नु पर्ने आवश्यकता रहेको छ ,सेवा ,सुविधा तथा अवसरको खोजीमा बसाई सराई सरि जाने तथा युवाहरु विदेशिने क्रम बढ्दो भएकोले गाउँमा घर मात्र हुने तर मानिस नहुने अवस्थालाई मध्यनजर गर्दै एकीकृत वस्ती विकास गर्नु पर्ने आवश्यकता रहेको छ ।

### ५.१.२ समस्या तथा चुनौती

- शैलुङ गाउँपालिका केन्द्रीय राजधानी काठमान्डौ बाट १२० कि.मि तथा जिल्ला सदरमुकाम बाट नजिकै भएतापनि प्राय बसोबास भौगोलिक हिसाबले विभिन्न ग्रामिण स्थानमा छरिएर रहेका छन्, यस्ता छरिएर रहेको रहेको गाउँहरुमा बसोबास गर्ने जनसंख्याहरुलाई गाउँपालिकामा हुनुपर्ने आधारभूत सेवा सुविधा प्रदान गर्न र वस्तीहरुलाई विपदको जोखिम न्यूनीकरण गर्न र विपद को अवस्थामा उद्दार,राहत तथा प्रतिकार्यलाई सहज बनाउदै सुरक्षित आवास र जीवनयापनको प्रत्याभूति गर्ने कार्य अत्यन्त चुनौतीपूर्ण रहेको छ ।

### ५.१.३ उद्देश्य

- सुरक्षित साथै व्यवस्थित एकीकृत वस्ती तथा आवासको विकास गर्नु ।
- सुन्दर व्यवस्थित वस्ती निर्माण गरि पर्यटन आकर्षणको केन्द्र बनाउने ।

### ५.१.४ रणनीति

- बजार केन्द्रहरुमा निर्माण हुने निजि घर,सार्वजनिक सस्था तथा अन्य भवन निर्माण मापदण्ड अनुसार बनाउन कडाई गरिने ।
- ग्रामिण क्षेत्रमा वस्ती विकासको लागि आवश्यक आधारभूत पूर्वाधारको विकास र सुरक्षित एकीकृत वस्ती विकासमा जोड दिने ।

- मुख्य बजारहरुमा आवश्यक ढल ,खानेपानी लगायत अन्य सुविधायुक्त पूर्वाधार विकासमा जोड दिने ।

### ५.१.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८० /८१ सम्म को यथार्थ | २०८१/८२ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण आवास घर | प्रतिशत | ३० | ३३ | ३५ | ४० | ४५ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | ३७ | ४० | ४५ | ५० | ५५ |
| न्युनतम आवश्यकता पूर्वाधार सुबिधा भएका घर धुरी | प्रतिशत | ३५ | ५० | ६० | ७५ | ८५ |
| मुख्य बजार र शहरी वस्ती क्षेत्रमा ढल निकास व्यवस्थापन भएको क्षेत्र | प्रतिशत | ० | ० | २ | ५ | १० |

### ५.१.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण/ अन्य |
| २०८१/८२ | ७,५०० | | ७,५०० | | ७,५०० | ७,५०० | | - | |
| २०८२/८३ | ७,८७५ | - | ७,८७५ | - | ७,८७५ | ७,८७५ | - | - | |
| २०८३/८४ | ८,२६९ | - | ८,२६९ | - | ८,२६९ | ८,२६९ | - | - | |

### ५.१.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | बजेट | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण | सार्वजनिक सेवा प्रदान | २०८०/८१ देखि २०८४/८५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सामुदायिक भवन निर्माण | कुनै पनि विपत्ति होस या अन्य प्रकृतिका घटना कार्यक्रम होस सार्वजानिक भवन सेल्टर को रुपमा प्रयोग हुने | २०८०/८१ देखि २०८४/८५ | | |

**५.१.८ जोखिम पक्ष तथा अनुमान**

शैलुङ गाउपालिकाको मुख्य बाजार क्षेत्र रहेको वस्तीहरु सडक तथा भवन मापदण्ड लागु पुर्व नै बनिसकेको वस्ती भएकोले गर्दा व्यवस्थित वस्ती विकास अन्तर्गतको पूर्वाधार बनाउन चुनौती रहेको छ ,भवन आचारसहिता लागु तथा नक्सा पास नगरी भवनहरु बनाउने क्रम बढ्दा पछी विभिन्न झमेला आउने जसले गर्दा हाम्रो सुरक्षित आवास तथा भवन कस्तो प्रकारको रहेको छ एकिन नहुने साथै भविष्यमा आइपर्ने विभिन्न भवितव्यले गर्दा बढी जोखिम साथै समस्या आउन सक्ने देखिएको छ ।

## ५.२ सडक, पुल तथा यातायात

**५.२.१ पृष्ठभूमि**

ऐतिहासिक,धार्मिक,सास्कृतिक तथा पर्यटकीय महत्व बोकेको शैलुङ गाउँपालिका पूर्वाधार विकासका हिसाबले विगतमा केहि पछाडी परेको अवस्थामा रहेको भएपनि मुलुकमा संघियता कार्यन्वयन पछिको अवधिमा शैलुङ गाउँपालिकाले पूर्वाधार विकास क्षेत्रमा महत्वपुर्ण उपलव्धिहरु हासिल गर्न सफल भएको छ ।केहि सुरक्षित सडक यातायातको विकासले कृषि उत्पादकत्व वृद्धि गर्न,शिक्षा स्वास्थ्य जस्ता अत्यावश्यक सेवामा सहज पहुच बनाउन,स्वोरोजगारी सिर्जना गरि गरिबी न्यूनीकरण गर्न सहयोग पुर्याएर सामाजिक र आर्थिक विकासमा टेवा पुराउदछ र पुर्याएको छ,यसै गरि यस पालिकामा निश्चित मापदण्डका साथ सडक, पुल निर्माण हुनु, वातावरणीय ,सास्कृतिक, धार्मिक तथा पर्यटन पूर्वाधार संग सम्वन्धित आयोजना अन्तर्गत विशेष महत्वका आयोजना निर्माण गरिनु,गाउँपालिका तथा वडा केन्द्र जोड्ने मुख्य सडकहरु सर्वयाम चल्ने गरि व्यवस्थित गरिनु,सास्कृतिक सम्पदाको संरक्षण तर्फको विकासका लागि आवश्यक कार्यहरु गरिनु,झुलुंगे पुल तथा ट्रस पुलहरुको निर्माण सम्पन्न गरिनु, अत्यावश्यक ठाउमा साना फड्के पुलहरुको निर्माण, नविकरनिय तथा वैकल्पिक उर्जा अन्तर्गत आवश्यक ठाउँहरु बजार क्षेत्र,गाउँपालिका कार्यालय, वडा कार्यालय,अस्पताल,स्वास्थ्य चौकीहरुमा सडक सोलार बत्ति जडान, खेलकुद क्षेत्रको विकासको लागि खेलकुद पूर्वाधारहरु निर्माण जस्ता महत्वपुर्ण कार्यहरु यसका उदाहरण हुन ।

**५.२.२ समस्या तथा चुनौती**

ग्रामिण क्षेत्रले ओगटेको यस गाउँपालिकामा एकीकृत वस्ती नरहेको र प्रायजसो छरिएर रहेको वस्ती भएकोले सडक निर्माण कार्य भएतापनि अपेक्षित रुपमा उपलव्धि हासिल हुन नसक्दा सबै वडाहरुमा नियमित यातायात सेवा संचालन हुन सकेका छैन, गाउँपालिकाको भौगोलिक कारणले गर्दा साथै पहाडी तथा ग्रामिण क्षेत्रले ढाकिएको यस क्षेत्रमा कृषि तथा पर्यटनलाई टेवा पुग्ने खालको सडक निर्माण गरि सामाजिक तथा आर्थिक क्षेत्रलाई गतिशील बनाउनु प्रमुख चुनौती रहेको छ ।

**५.२.३ सोच**

**टोल टोलमा सडक - खेत बारीमा ट्रक**

### ५.२.४ उद्देश्य

- नियमित तथा सर्वसुलभ रुपमा यातायात संचालन गर्न उपर्युक्त पूर्वाधार विकास गर्नु ,
- दिगो,सुरक्षितर र वातावरण मैत्री सडक पूर्वाधार निर्माण गर्नु ,

### ५.२.५ रणनीति

- सबै वडाहरुबीच अन्तर यातायात संजाल विकास गर्ने
- दिगो,सुरक्षितर र वातावरण मैत्री सडक विस्तारको लागि संघ र प्रदेश संग सहकार्य गर्ने
- आर्थिक क्रियाकलपलाई बढावा दिन व्यवस्थित सडक निर्माण गरिनेछ

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८० /८१ को यथार्थ | २०८१/८२ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | ०८३/८४ | २०८४/८५ |
| पालिका केन्द्रमा पुग्ने औसत समय | मिनेट | ९० मिनेट | ८० मिनेट | ७० मिनेट | ६० मिनेट | ५० मिनेट |
| नियमित यातायात संचालन हुने रुट | संख्या | ६ | ८ | ९ | १० | ११ |
| कच्ची सडक | कि.मि | ३०२ | २८६ | २५९ | २४० | २१० |
| पक्कि पुल | संख्या | ८ | ८ | ९ | १० | ११ |
| कुल सडक लम्बाई | कि.मि | ४१५ | ४१८ | ४२० | ४२२ | ४२५ |

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण/अन्य |
| २०८१/८२ | १४७,५०५ | _ | १४७,५०५ | | १४७,५०५ | १०७,६०० | ३९,९०५ | - | |
| २०८२/८३ | १६५,०४७ | ६,००० | १५९,०४७ | - | १६५,०४७ | १२४,२७२ | ४०,४९० | २८५ | |
| २०८३/८४ | १७८,५६७ | ६,००० | १७२,५६७ | - | १७८,५६७ | १४२,३८४ | ४१,८४९ | ५,६६६ | |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | बजेट | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक संजाल स्तरोन्नति आयोजना | यातायात सुविधा थप सहज र सुरक्षित बनाउनु | प्रत्यक वर्ष | | थप सडक स्तरोन्नति (कालोपत्रे,ग्राभेल,सडक ढलान ) हुनेछन |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सडक ,पुल,तथा नाली निर्माण र मर्मत सम्भार | यातायात सुविधा व्यवस्थित ,नियमित र सहज बनाउनु | प्रत्यक वर्ष | | सडक, पुल तथा नालीको नियमित मर्मत सम्भार भई यातायात सहज हुनेछ |
| ३ | बसपार्क स्तरोन्नति आयोजना | यातायात व्यवस्थित र सहज बनाउनु | प्रत्यक वर्ष | | आवश्यकता अनुसार सुविधा सम्पन्न बसपार्क निर्माण हुने |
| ४ | आवश्यकता अनुसार पुल तथा कल्भर्ट निर्माण आयोजना | १२ महिना यातायात चल्ने गरि सडक व्यवस्थित गर्नु | प्रत्यक वर्ष | | आवश्यकता अनुसार पुल तथा कल्भर्ट निर्माण हुने |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

यस उपक्षेत्रका आयोजना तथा कार्यक्रमहरु संघ,प्रदेश  तथा स्थानीय तहको समन्वय,सहकार्यमा तथा प्राथमिकता को आधारमा कार्यन्वयनको लागि बजेट विनियोजन भई कार्यन्वयन हुनेछन, यद्धपि साना टुक्रे आयोजनाले गर्दा काम नदेखिने तथा वास्तविक कार्य गराउन समस्या हुने गरको साथै पूर्वाधार सम्वन्धि कार्यन्वयन भएका तथा भईरहेको आयोजनाहरु हस्तान्तरण पश्चात नियमित गरिनु पर्ने मर्मत सम्भार लगायत अन्य कुराहरु नगरिदा नियमित यातायात संचालनमा चुनौती छ, यसै गरि आयोजना कार्यन्वयनको क्रममा आउने विवाद तथा जटिल प्रकृतिका समस्याहरु समयमै पहिचान गरि समाधान नगरिदिदा ठेक्का मार्फत संचालन हुने ठुला आयोजनाहरुको लागत बढ्ने तथा समय पनि लम्बिदै जाने हुँदा यसले आर्थिक अवस्था कमजोर भएको पालिकलाई थप आर्थिक व्यय भार बढ्न जाने जोखिम रहेको छ ।

## ५.३ सूचना, सञ्चार तथा प्रविधि पूर्वाधार

### ५.३.१ पृष्ठभूमि

शैलुङ गाउँपालिका, दोलखा जिल्लामा अवस्थित एक ग्रामीण गाउँपालिका हो, जहाँ सूचना, सञ्चार तथा प्रविधिको विकास क्रमिक रुपमा अगाडि बढिरहेको छ। मोबाइल नेटवर्क र इन्टरनेट सेवा हाल अधिकांश वडाहरूमा उपलब्ध भए पनि गुणस्तरीय पहुँच अझै सिमित छ। ग्रामीण क्षेत्र भएकाले सूचना प्रवाह परम्परागत माध्यम (जस्तैः सार्वजनिक सूचना बोर्ड, माइकिङ, गाउँसभा आदि) मा निर्भर रहँदै आएको छ। यद्यपि पछिल्ला वर्षहरूमा इन्टरनेट पहुँचको विस्तार, स्मार्टफोन प्रयोगको वृद्धि र सामाजिक सञ्जालप्रति जनचासो बढेसँगै डिजिटल सूचना प्रवाहमा सुधार हुँदै गएको छ।

गाउँपालिकाले आफ्नो वेबसाइट सञ्चालनमा ल्याई विभिन्न सूचना प्रकाशन गर्ने कार्य आरम्भ गरेको छ। साथै, ई-गभर्नेन्स प्रणाली लागू गर्दै सेवा प्रवाहलाई सहज बनाउने प्रयास भइरहेको छ। विद्यालयहरूमा कम्प्युटर शिक्षा विस्तार तथा केही कार्यालयहरूमा डिजिटल अभिलेखन सुरु गरिएको छ। यद्यपि प्रविधिमा दक्ष जनशक्ति, विद्युतीय पूर्वाधारको अभाव र डिजिटल साक्षरताको कमीले सूचना प्रविधिको प्रभावकारी उपयोगमा चुनौती रहेको छ। आगामी दिनमा शैलुङ गाउँपालिकाले सूचना प्रविधिलाई सेवा, शिक्षा, पारदर्शिता र विकाससँग जोडेर समावेशी तथा दिगो विकासमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

### ५.३.२ समस्या तथा चुनौती

शैलुङ गाउँपालिका जस्तो ग्रामीण भेगमा सूचना, सञ्चार तथा प्रविधिको क्षेत्रमा विकासको सम्भावना उच्च भए पनि यस क्षेत्रसँग सम्बन्धित विभिन्न समस्या र चुनौतीहरू निम्नानुसार रहेका छन्:

**१. पूर्वाधारको अभाव**

- सबै वडामा उच्च गतिको इन्टरनेट सेवाको बैकल्पिक सेवा नपुगेको अवस्था।
- विद्युत आपूर्ति नियमित नहुँदा सूचना प्रविधिको प्रयोगमा समस्या।
- प्रविधि सम्बन्धी उपकरण (जस्तैः कम्प्युटर, प्रिन्टर, नेटवर्क डिभाइस) को अपर्याप्तता।

**२. प्रविधि साक्षरताको कमी**

- स्थानीय जनतामा डिजिटल साक्षरताको न्यूनता।
- प्रविधिको प्रयोगबारे सचेतना तथा सीप अभाव, विशेषतः महिला, जेष्ठ नागरिक र ग्रामीण क्षेत्रका युवामा।

**३. दक्ष जनशक्तिको अभाव**

- विद्यालय तथा कार्यालयहरूमा ICT सम्बन्धी ज्ञान भएका व्यक्तिहरूको कमी।

**४. सेवा प्रवाहको अपारदर्शिता र ढिलासुस्ती**

- सूचना प्रविधिको प्रयोगबाट सेवा प्रवाह प्रभावकारी बन्नुपर्नेमा अझै पनि कागजी प्रणालीमा निर्भरता।
- नागरिक वडास्तरमा डिजिटल सेवा उपयोग गर्न सक्ने स्थितिमा नरहनु।

**५. बजेट र नीति कार्यान्वयनमा चुनौती**

- सूचना प्रविधिको विकासका लागि छुट्याइएको बजेट पर्याप्त नहुनु।

**५.३.३ सोच**

शिक्षा, स्वास्थ्य,कृषि,पर्यटन र पूर्वाधार; समृद्ध शैलुङ निर्माणको आधार

**५.३.४. उद्देश्य**

**शैलुङ गाउँपालिकाको सूचना, सञ्चार तथा प्रविधि (ICT) सम्बन्धी उद्देश्यहरू** निम्नानुसार रहेका छन्:

१. सूचना तथा प्रविधिलाई सेवा प्रवाहमा समावेश गर्ने

- गाउँपालिकाका सेवा तथा कामकारबाहीलाई डिजिटल प्रविधिमार्फत छिटो, सहज र पारदर्शी बनाउने।

२. जनताको पहुँचमा सूचना प्रवाह सुनिश्चित गर्ने

- सबै नागरिकलाई सरकारी सूचना, कार्यक्रम तथा सेवा सम्बन्धी जानकारी समयमै उपलब्ध गराउने व्यवस्था विकास गर्ने।

३. डिजिटल साक्षरता अभिवृद्धि गर्ने

- बालबालिका, महिला, जेष्ठ नागरिक, युवा तथा कर्मचारीहरूमा सूचना प्रविधिसम्बन्धी सिप र ज्ञान विकास गर्ने।

४. प्रविधिमार्फत शिक्षा र सूचना प्रणाली मजबुत बनाउने

- विद्यालयहरूमा ICT को प्रयोग बढाउने र विद्यार्थीलाई प्रविधि–मैत्री सिकाइ प्रणालीमा सहभागी गराउने।

५. ई-गभर्नेन्स प्रणालीलाई विस्तार गर्ने

- इ-सेवा, डिजिटल अभिलेखन, अनलाइन फाराम तथा नागरिक लगानीमार्फत सुशासन प्रवर्द्धन गर्ने।

६. सञ्चार सञ्जालको पहुँच विस्तार गर्ने

- सबै वडामा मोबाइल नेटवर्क, इन्टरनेट र विद्युतीय माध्यमको पहुँच सुनिश्चित गर्ने।

७. स्थानीयस्तरमा डिजिटल नवप्रवर्तनलाई प्रोत्साहन गर्ने

- युवालाई स्टार्टअप, एप विकास, अनलाइन सेवा, र नवप्रवर्तनमा आकर्षित गर्ने कार्यक्रम सञ्चालन गर्ने।

**५.३.५ रणनीति**

शैलुङ गाउँपालिकाको सूचना, सञ्चार तथा प्रविधि (ICT) सम्बन्धी उद्देश्यहरू प्राप्तिका लागि लिन सकिने रणनीतिहरू निम्नानुसार छन्।

१. पूर्वाधार विकास रणनीति

- सबै वडामा उच्चगुणस्तरको बैकल्पिक इन्टरनेट तथा मोबाइल नेटवर्क पहुँच विस्तार गर्न अप्टिकल फाइबर जडान जस्ता पूर्वाधार विकासमा लगानी गर्ने।
- गाउँपालिका कार्यालय, विद्यालय, स्वास्थ्यचौकी आदि स्थानमा ICT उपकरण (कम्प्युटर, प्रोजेक्टर, प्रिन्टर आदि) उपलब्ध गराउने।

२. मानव स्रोत विकास रणनीति

- शिक्षक, कर्मचारी र स्थानिय तहका जनप्रतिनिधिहरूलाई सूचना प्रविधि प्रयोगसम्बन्धी तालिम दिने।
- बालबालिका, महिला र जेष्ठ नागरिक लक्षित डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्ने।
- "एक घर, एक प्रविधि साक्षर" अभियान सञ्चालन गर्ने।

३. ICT आधारित सेवा प्रवाह रणनीति

- नागरिक बडापत्र, योजना, अनलाइन फर्म, कर विवरण आदि डिजिटल माध्यमबाट उपलब्ध गराउने।
- सूचना प्रवाहका लागि वेबसाइट, मोबाइल एप तथा सामाजिक सञ्जाल (Facebook, YouTube, Viber group) सक्रिय बनाउने।

४. ICT शिक्षा प्रवर्द्धन रणनीति

- विद्यालयहरूमा कम्प्युटर शिक्षा अनिवार्य गर्ने र ICT सामग्रीको प्रयोगबाट शिक्षण सिकाइ प्रविधि सुधार गर्ने।
- ICT प्रयोगमा आधारित विद्यार्थीको क्षमता अभिवृद्धिका लागि प्रतियोगिता तथा परियोजना आधारित सिकाइ प्रवर्द्धन गर्ने।

५. नीतिगत तथा बजेट रणनीति

- सूचना प्रविधि सम्बन्धी नीति तथा कार्ययोजना निर्माण र कार्यान्वयन सुनिश्चित गर्ने।
- वार्षिक कार्यक्रम र बजेटमा ICT को लागि छुट्टै शीर्षक राखी आवश्यक स्रोत सुनिश्चित गर्ने।

७. नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन रणनीति

- स्थानीय युवालाई ICT आधारित उद्यम गर्न प्रोत्साहन गर्न अनुदान, सीप विकास तालिम र प्रविधिमा आधारित व्यवसाय विकास केन्द्र स्थापना गर्ने ।
- डिजिटल स्टार्टअप, एप विकास प्रतियोगिता, नवप्रवर्तन क्याम्प जस्ता कार्यक्रम आयोजना गर्ने ।

### ५.३. ६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को यथार्थ | २०८१/८२ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| कम्प्युटर, इन्टरनेट लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | ४० | ५० | ६० | ७० | ८० |
| सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली | संख्या | १५ | २० | २२ | २३ | २५ |
| डिजिटल सूचना प्रविधिको प्रयोग गर्ने घरघुरी | प्रतिशत | १० | २० | ३० | ५० | ७० |
| टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ |

### ५.३. ७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | १,५०० | ५०० | १,००० | | १,५०० | ५०० | | १,००० | |
| २०८३/८४ | १,५७५ | ५२५ | १,०५० | - | १,५७५ | ५२५ | - | १,०५० | |
| २०८४/८५ | १,६५४ | ५५१ | १,१०३ | - | १,६५४ | ५५१ | - | १,१०३ | |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | बजेट | नतिजा |
|---|---|---|---|---|---|
| १ | डिजिटल साक्षरता अभिवृद्धि कार्यक्रम | १ स्थानीय नागरिकलाई कम्प्युटर तथा इन्टरनेटको आधारभूत प्रयोग सिकाउने<br>२ महिलाहरू, जेष्ठ नागरिक, विद्यार्थी तथा विपन्न वर्गमा ICT साक्षरता विस्तार गर्ने<br>३ जनताको प्रविधिमा पहुँच तथा उपयोग क्षमता विकास गर्ने<br>४ डिजिटल पहुँचमार्फत सूचना प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने | ६ महिनादेखि १ वर्ष | | तालिम कार्यक्रमहरू चरणबद्ध रूपमा भएको हुने |
| २ | विद्यालयमा ICT प्रयोग प्रवर्द्धन कार्यक्रम | १ विद्यार्थीलाई डिजिटल शिक्षामा सहभागी गराउने<br>२ शिक्षकहरूको प्रविधिमैत्री शिक्षण क्षमता अभिवृद्धि गर्ने<br>३ कम्प्युटर ल्याब स्थापना गरी प्राविधिक शिक्षा पहुँचयोग्य बनाउने | १–२ वर्ष | | विद्यालय चयन, उपकरण स्थापना, शिक्षक तालिम र निरन्तर उपयोग भएको हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४ ग्रामीण विद्यार्थीहरूलाई प्रविधिको प्रयोगमा आत्मनिर्भर बनाउने | | | |
| ३ | सूचना बोर्ड तथा डिजिटल डिस्प्ले प्रणाली स्थापन | १ वडा तथा केन्द्रस्तरमा सूचनालाई दृश्य माध्यमबाट सहज रूपमा सम्प्रेषण गर्ने। २ सार्वजनिक जानकारीहरूमा पहुँच वृद्धि गर्ने। ३ पारदर्शी शासन प्रणालीलाई टेवा पुऱ्याउने। | ६ महिना | | |
| ४ | कर्मचारी तथा जनप्रतिनिधिको ICT तालिम कार्यक्रम | १ प्रशासनिक कार्यमा प्रविधिको प्रभावकारी उपयोग सुनिश्चित गर्ने। २ कर्मचारी तथा जनप्रतिनिधिलाई इ-गभर्नेन्स, डाटा व्यवस्थापन, अनलाइन सेवा सम्बन्धी दक्षता प्रदान गर्ने। | ३ महिना | | |
| ५ | मोबाइलमार्फत सूचना वितरण प्रणाली (SMS/सामाजिक सञ्जाल) | १ आकस्मिक सूचना (जस्तै, आपतकालीन अवस्था, भत्ता वितरण, सभा सूचना) छिटो सम्प्रेषण गर्ने। २ ग्रामीण भेगमा रहेका नागरिकसम्म सूचना पुर्याउने सरल माध्यम विकास गर्ने। | ६ महिना | | |

## १.९ जोखिम पक्ष तथा अनुमान

**जोखिम पक्षहरू (Potential Risks):**

- अत्यधिक डिजिटल सेवा प्रवाहले विद्युत वा इन्टरनेट नहुँदा सम्पूर्ण सेवा अवरुद्ध हुने जोखिम।
- व्यक्तिगत सूचना, सरकारी डाटाबेस वा अनलाइन सेवाहरू ह्याक/दुरुपयोग हुन सक्ने।
- केही वर्ग (जस्तै महिला, जेष्ठ नागरिक, अशिक्षित) डिजिटल प्रविधिको पहुँच वा प्रयोग गर्न नसक्नु।
- प्रविधि प्रणाली तोकिएअनुसार सञ्चालन गर्न नसक्ने अवस्था, जसले कार्यक्रमको प्रभावकारिता घटाउँनु।
- योजना बने पनि बजेट अपुग वा नियमित नभएर कार्यान्वयन अधुरो रहन सक्ने।
- एक पटक खरिद गरिएका उपकरण वा प्रणाली केही वर्षमै पुरानो भई चलाउन नसक्ने वा समर्थन नपाइने अवस्था।
- समुदायमा प्रविधिलाई आत्मसात नगर्दा परियोजनाहरू बाह्य निर्भर रहने र दीर्घकालीन सञ्चालन असफल हुने।

**अनुमानहरू (Projections / Potential Outcomes):**

- ग्रामीण क्षेत्रमा विद्युत तथा इन्टरनेट अस्थिर हुने सम्भावना अधिक, जसले सेवा प्रवाहमा बारम्बार अवरोध ल्याउन सक्छ।
- डिजिटल संरचना सुरक्षीत नहुँदा डेटा लिक वा दुरुपयोगको सम्भावना उच्च, विशेषगरी वित्तीय तथा नागरिक सेवा प्रणालीमा।
- ICT कार्यक्रम सबै वर्गमा समान रूपमा नपुग्दा सामाजिक असमानता झनै बढ्न सक्छ।
- गाउँपालिकामा प्रविधिमा दक्ष कर्मचारीको अभाव हुँदा उपकरण प्रयोगमा समस्या आउन सक्ने।
- ICT कार्यक्रमहरू निरन्तरता दिन स्थायी बजेट सुनिश्चित नगर्दा अल्पकालीन प्रभाव मात्र देखिन सक्छ।
- प्रविधि अद्यावधिक नगरे प्रभावकारिता घट्ने र पुनः लगानी गर्नुपर्ने अवस्था आउन सक्छ।
- जनप्रतिनिधि वा समुदायको पूर्ण सहभागिता नहुँदा ICT कार्यक्रम दिगो बन्न सक्दैन।

# परिच्छेद ६

# वन, वातावरण तथा विपद व्यवस्थापन

यस परिच्छेद अन्तर्गत (१) वन, भूसंरक्षण तथा जैविक विविधता, (२) वातावरण तथा फोहोरमैला व्यवस्थापन र (३) विपद्जोखिम व्यवस्थापन लगायतका उप–क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र जोखिम पक्ष तथा अनुमान समावेश गरिएको छ।

## ६.१ वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण

### ६.१.१ पृष्ठभूमि

शैलुङ गाउँपालिका, दोलखा जिल्लाको एक प्राकृतिक स्रोतले सम्पन्न पहाडी क्षेत्र हो। यस गाउँपालिकामा मिश्रित वन, कृषि भूमि, घाँसे मैदान, खोला र नदीहरूले जैविक विविधता र पर्यावरणीय सन्तुलन कायम राखेका छन्। यहाँका वनहरू स्थानीय समुदायको जीवनशैली, इन्धन, चारा, औषधीय बोटबिरुवाका स्रोतको रूपमा अत्यन्त महत्वपूर्ण छन्। सामुदायिक वनको अवधारणा लागू गरिएपछि स्थानीय सहभागिताले वन संरक्षणमा उल्लेखनीय सुधार आएको छ।

शैलुङको केही वडामा हरियाली प्रवर्द्धनका लागि वृक्षरोपण, सामुदायिक पार्कको अवधारणा र कृषि प्रणालीमा वनजङ्गलको सन्तुलन मिलाउने प्रयास भइरहेको छ। साथै, डढेलो रोकथाम, भूक्षय नियन्त्रण, र बाढीबाट सुरक्षित राख्न नदी नियन्त्रणका साना परियोजनाहरू सञ्चालनमा छन्। पार्कहरुको विस्तार गर्न गाउँपालिकाले केहि कार्यक्रमहरुको DPR समेत गरेको छ। सो योजनाहरुको सफल कार्यान्वयनको लागि आवश्यक पहल थालिएको छ। यस गाउँपालिका भित्र मुख्यतया धावा वाङ्गेल पार्क, विज्ञान पार्क लगायतका कार्यहरू अगाडि बडिरहेका छन्।

भू–उकासोयुक्त भूगोल भएकोले शैलुङमा भूसंरक्षण अत्यन्त आवश्यक छ। सिँचाइका लागि नदी तथा खोल्साहरूमा बाँध निर्माण, नदी नियन्त्रण लगायतका कामहरू भइरहेका छन्। स्थानीय स्रोतको उपयोग, जनसहभागिता र वातावरणमैत्री अभ्यास मार्फत शैलुङ गाउँपालिकाले दिगो विकासतर्फ पाइला चालेको छ, यद्यपि अझै प्रभावकारी कार्यान्वयन र दीर्घकालीन योजना आवश्यक छ।

### ६.१.२ समस्या तथा चुनौती

- वन क्षेत्रमा डढेलो, अतिक्रमण र अवैध कटानीको समस्या।
- शहरीकरण र विकास योजनाले हरियाली क्षेत्र संकुचित बनाउँदै।
- सार्वजनिक पार्क वा मनोरञ्जन स्थलहरूको अभाव।
- वर्षायाममा भू–क्षय, जमिनको कटान, र भू–स्खलन।
- स्रोतको अभाव, प्राविधिक दक्षताको कमी र दीर्घकालीन योजना नहुनु।
- नीति कार्यान्वयनमा कमजोरी र जनचेतनाको कमी।
- जलवायु परिवर्तनका असरले वातावरणीय समस्या थप जटिल हुँदै।

### ६.१.३ सोच

"शिक्षा, स्वास्थ्य,कृषि,पर्यटन र पूर्वाधार; समृद्ध शैलुङ निर्माणको आधार"

### ६.१.४ उद्देश्य

वन संरक्षण र दिगो उपयोग सुनिश्चित गर्नु:

- सामुदायिक वनको सुदृढीकरण, अवैध कटानी नियन्त्रण, र जैविक विविधताको संरक्षणमार्फत वन स्रोतहरूको दीर्घकालीन उपयोग सुनिश्चित गर्नु।

हरियाली र सार्वजनिक खुला क्षेत्रको प्रवर्द्धन गर्नु:

- शहरी तथा ग्रामीण क्षेत्रहरूमा वृक्षरोपण, सामुदायिक पार्क निर्माण, र हरियाली अभिवृद्धि गरी स्वस्थ वातावरण निर्माण गर्नु।

भूसंरक्षण र प्रकोप न्यूनीकरणका उपायहरू लागू गर्नु:

- पहाडी भूगोलमा भू–स्खलन, भूक्षय तथा जमिन कटान नियन्त्रण गर्न जैविक र यान्त्रिक उपायहरू (ग्याबियन, गाभन आदि) अपनाउनु।

नदी नियन्त्रण र जल स्रोतको संरक्षण गर्नु:

- खोल्सो तथा नदी किनारामा संरचनात्मक संरक्षण गर्दै बाढी, कटान र जलप्रवाह व्यवस्थापन गर्नु तथा सिँचाइ र खानेपानीको दिगो स्रोत सुनिश्चित गर्नु।

**६.१.५ रणनीति**

वन संरक्षण र दिगो उपयोग सुनिश्चित गर्न रणनीतिहरू:

- सामुदायिक वन व्यवस्थापन समिति सशक्तिकरण: स्थानीय समुदायलाई सहभागी गराएर वन संरक्षणका लागि जिम्मेवारी बाँडफाँड गर्ने र तिनीहरूको क्षमता विकास गर्ने ।
- वन अनुगमन र कानुनी कार्यवाही: अवैध कटानी र वन अतिक्रमण रोक्न नियमित अनुगमन गर्ने र कानुनी रूपमा कारबाही गर्ने।
- सिंचित वृक्षारोपण कार्यक्रम: उपयुक्त स्थानमा प्रजाति अनुसार वृक्षरोपण गरी वन पुनर्स्थापना गर्ने।
- वनजन्य उत्पादनको दिगो उपयोग: वन उत्पादनहरूको सन्तुलित दोहन र पुनःउत्पादनको व्यवस्था मिलाउने।

हरियाली र सार्वजनिक खुला क्षेत्रको प्रवर्द्धनका रणनीतिहरू:

- वृक्षरोपण अभियान: विद्यालय, सार्वजनिक स्थल र खाली जग्गामा नियमित वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने।
- सामुदायिक पार्क स्थापना: सार्वजनिक पार्क निर्माणका लागि स्थानीय तह, संघसंस्था र समुदायसँग सहकार्य गर्ने।
- हरियाली संरक्षणका लागि नीति बनाउने: हरियाली क्षेत्रको संरक्षण र व्यवस्थापनसम्बन्धी नियमावली तयार पार्ने।
- जनचेतना अभिवृद्धि: हरियाली र वातावरण संरक्षण सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने।

भूसंरक्षण र प्रकोप न्यूनीकरणका रणनीतिहरू:

- जैविक संरक्षण प्रविधि अपनाउने: जमिनमा हरियो ढाँचा बनाइ भूक्षय रोक्ने (ग्याबियन, गाभन, घाँस, रुख लगाउने)।

- प्राविधिक संरचनाहरू निर्माण गर्ने: पर्खाल, ढलान, र सिँचाइ व्यवस्थापनका लागि उचित संरचनात्मक उपायहरू लागू गर्ने।
- जल स्रोत व्यवस्थापन: पानीको उचित व्यवस्थापन गरी जमिनको स्थायित्व कायम राख्ने।
- प्रकोप जोखिम नक्सांकन: जोखिम क्षेत्रमा विशेष सावधानी अपनाउने र आपतकालीन योजना बनाउने।

नदी नियन्त्रण र जल स्रोत संरक्षणका रणनीतिहरू:

- तटबन्ध र पर्खाल निर्माण: नदी किनारमा कटान र बाढी नियन्त्रणका लागि संरचनात्मक विकास गर्ने।
- खोला संरक्षण कार्यक्रम: नदीमा फोहोर नफाल्ने, अनधिकृत बालुवा, गिट्टी दोहन नियन्त्रण गर्ने।
- जल स्रोत संरक्षण नीति: सिँचाइ र खानेपानीका स्रोतहरूको दिगो व्यवस्थापनका लागि योजना बनाउने।
- सामुदायिक सहभागिता: नदी संरक्षणमा स्थानीय समुदाय र सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को यथार्थ | २०८१/८२ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| वनले ढाकेको वा हरियाली क्षेत्र | हेक्टर | ६९५७.६ | ६९५७.६ | ६९५७.६ | ६९५७.६ | ६९५७.६ |
| वन जलाधार संरक्षण कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ |
| जडीबुटी कर वा वन पैदावरको विक्रीबाट प्राप्त आय | रू. हजारमा | - | १०,००० | १०,००० | १०,००० | १०,००० |
| नियमित रुपमा वन कार्ययोजना तयार गर्ने, पूर्णरुपमा कार्यान्वयन गर्ने र पालिकासँग नियमित समन्वयमा रहेका सामुदायिक वन उपभोक्ता समिति | संख्या | २ | ५१ | ५१ | ५१ | ५१ |
| पार्क तथा उद्यान | संख्या | २ | २ | २ | २ | २ |
| वन, सडक किनारा संवेदनशील क्षेत्रमाम वृक्षरोपण | संख्या | | | १ | १ | १ |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ११,००० | १,५९३ | ९,४०७ | | ११,००० | १०,००० | १,००० | - | |
| २०८२/८३ | ११,५५० | १,६७३ | ९,८७७ | - | ११,५५० | १०,५०० | १,०५० | - | |
| २०८३/८४ | १२,१२८ | १,७५६ | १०,३७१ | - | १२,१२८ | ११,०२५ | १,१०३ | - | |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | बजेट | नतिजा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सामुदायिक वन विस्तार तथा संरक्षण कार्यक्रम | १ जैविक विविधता संरक्षण गर्नु।<br>२ दाउरा तथा वन उपजमा आत्मनिर्भरता वृद्धि गर्नु।<br>३ हरित क्षेत्रको विस्तार र वातावरण सन्तुलन कायम गर्नु। | | | १ मुदायिक वन समिति गठन/सशक्तिकरण।<br>२ वृक्षारोपण अभियान (स्थानिय जातका बिरुवा)<br>३ वन डढेलो नियन्त्रण तालिम तथा पूर्वतयारी।<br>४ वनजन्य वस्तुको उपयोगमा प्रशिक्षण। |
| २ | सार्वजनिक पार्क तथा हरियाली विकास योजना | १ स्थानीयवासीका लागि मनोरञ्जन तथा विश्राम स्थल सिर्जना गर्नु।<br>२ वातावरणीय सौन्दर्य र हरियाली प्रवर्द्धन गर्नु।<br>३ सामाजिक सहकार्य र पर्यटन प्रवर्द्धन गर्नु। | | | १ प्रत्येक वडामा कम्तीमा एक पार्क निर्माण ।<br>२ सडक किनार, विद्यालय, कार्यालय क्षेत्रमा हरियाली विकास ।<br>३ फुलबारी/औषधीय बोटको सन्दर्भमा थिमयुक्त पार्क ।<br>४ निजी पार्क बनाउनेलाई प्रोत्साहन (अनुदान/प्राविधिक सहयोग)। |
| ३ | भूसंरक्षण तथा जमिन सुधार कार्यक्रम | १ जमिन कटान, भूक्षय, पहिरो नियन्त्रण गर्नु।<br>२ कृषि योग्य जमिनको संरक्षण गर्नु।<br>३ प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण गर्नु। | | | १ भूक्षय भएको क्षेत्रमा पहिरो नियन्त्रणको लागि ग्याभिन लगाउने र बायोइन्जिनियरिङ प्रविधि प्रयोग ।<br>२ पहाडी क्षेत्रमा घाँसको खेती।<br>३ भूसंरक्षणका लागि जनश्रमदान कार्यक्रम । |

### ६.१.९ जोखिम पक्ष तथा अनुमान

जोखिम पक्षहरू (Potential Risks):

- वन डढेलो: सुख्खा मौसममा डढेलोको सम्भावना उच्च।
- अवैध कटानी र चोरी शिकारी: सामुदायिक वनमा नियन्त्रण चुनौतीपूर्ण हुन सक्छ।
- स्थानीय सहकार्यको अभाव: जनसहभागिता नहुनु या समितिहरू कमजोर हुनु।
- बिरुवा नफस्टाउने जोखिम: गलत मौसम, पानी अभाव वा चराचुरुङ्गीका कारण।
- जग्गाको विवाद: सार्वजनिक पार्क बनाउने ठाउँको स्वामित्व विवाद।
- सिंचाइको अभाव: हरियालीका लागि आवश्यक पानीको स्रोत नहुनु।
- रखरखावको कमी: पार्क बनाइए पनि लामो समयसम्म मर्मत र सफाइ नहुनु।
- जनसम्पत्ति प्रति लापरवाही: तोडफोड, फोहोर गर्ने प्रवृत्ति।
- प्राविधिक कमजोरी: गलत डिजाइन वा निर्माण त्रुटि।
- भूगर्भीय अस्थिरता: चिप्लो माटो, ढलान आदि कारणले पुनः पहिरोको जोखिम।
- जनसहभागिता अभाव: संरक्षणका काममा सामुदायिक सहभागिता नहुनु।
- आकस्मिक वर्षा: एकैपटक भारी वर्षाले संरचना बगाउने।
- अचानक बाढी: पूर्वानुमानबिना आएको बाढीले संरचना नष्ट गर्न सक्छ।

अनुमानहरू (Projections / Potential Outcomes):

- वृक्षारोपण गरिएका बिरुवामध्ये ३०% बिरुवा साउनपछि बाँच्ने सम्भावना हुदैन उचित स्याहार नभए ।

- पार्क निर्माणपछि नियमित मर्मत नभएमा १-२ वर्षभित्र नै प्रयोगयोग्य अवस्थामा नरहने सम्भावना।
- बिना गाभियन संरचना बनाइएका भूसंरक्षण उपायहरू ४०% अवस्थामा प्रभावकारी नहुन सक्छन्।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

शैलुङ गाउँपालिका, दोलखा जिल्लाको मध्यपहाडी क्षेत्रको सुन्दर गाउँपालिका हो। प्राकृतिक सौन्दर्य, जैविक विविधता, हरियाली जंगल, पवित्र धार्मिक स्थलहरू र सास्कृतिक सम्पदाले यो पालिकालाई विशेष बनाएको छ । यद्यपि हालसालैको जनसंख्या वृद्धि, बस्ती विस्तार, बजार केन्द्रहरूको विकास तथा दैनिक जीवनमा प्रयोग हुने आधुनिक सामग्री (विशेषगरी प्लास्टिक) का कारण वातावरणीय दबाब बढ्दो छ । खुला रूपमा फोहोर फाल्ने, खोल्सामा मैला मिसाउने, प्लास्टिक जलाउनेजस्ता अभ्यासहरूले स्थानीय स्वास्थ्य र प्राकृतिक स्रोतहरूमा असर पुऱ्याउन थालेको छ । व्यवस्थापन प्रणालीको अभाव, जनचेतनाको कमी र नीतिगत स्पष्टता नहुँदा फोहोर र प्रदूषणको समस्या जटिल बन्दै गएको छ । यस्तो अवस्थामा वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापन सम्बन्धी दीगो र व्यवहारिक पहल आवश्यक छ, जसले स्थानीय स्रोत साधनको संरक्षण गर्दै समुदायको स्वास्थ्य, सौन्दर्य र जीवनस्तरमा सुधार ल्याउन सकोस् ।

### ६.२.२ समस्या तथा चुनौती

- स्रोतमै फोहोर छुट्याउने प्रणालीको अभाव।
- प्लास्टिक तथा अन्य अपघटित फोहोरको जथाभावी फाल्ने प्रवृत्ति।
- जनचेतना, तालिम तथा व्यवहारमा परिवर्तनको कमी।
- फोहोर संकलन, वर्गीकरण, पुनःप्रयोग वा नष्ट गर्ने संरचनाको अभाव।
- बजेट, प्रविधि र दक्ष जनशक्ति अभाव।
- समुदायको न्यून सहभागिता।

### ६.२.३ सोच

“शिक्षा, स्वास्थ्य,कृषि,पर्यटन र पूर्वाधार; समृद्ध शैलुङ निर्माणको आधार”

### ६.२.४ उद्देश्य

- फोहोरमैला व्यवस्थापन प्रणालीलाई व्यवस्थित, प्रभावकारी र दीगो बनाउने ।
- वातावरणीय प्रदूषण न्यूनीकरण गरी स्वस्थ, स्वच्छ र हरित समाज निर्माण गर्ने ।
- अपशिष्टको पुनः प्रयोग, रिसाइकल र स्रोतमै व्यवस्थापनलाई प्रोत्साहन गर्ने ।
- जनस्तरमा वातावरणीय चेतना अभिवृद्धि गर्ने ।

### ६.२.५ रणनीति

- "Reduce, Reuse, Recycle (3R)" अवधारणामा आधारित कार्यक्रम सञ्चालन।
- घर-घरमा फोहोर वर्गीकरण तथा कम्पोष्ट बनाउन प्रवर्द्धन।

- स्थानीयस्तरमा संकलन केन्द्र तथा पुनःप्रयोग संरचना स्थापना।
- विद्यालय, वडास्तर र टोलस्तरमा सचेतना अभियान सञ्चालन।
- सार्वजनिक निजी साझेदारी (PPP) र अन्तरसंस्था सहकार्य।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को यथार्थ | २०८१/८२ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| पूर्ण स्वच्छता र सरसफाइ कार्यान्वयन गर्ने बस्ती/टोल | संख्या | | | १०० | १०० | १०० |
| सफा चर्पीको प्रयोग गर्ने परिवार | प्रतिशत | ४००० | २० | ५० | ५० | ५० |
| फोहर वर्गीकरण र व्यवस्थापनको अभ्यास गर्ने परिवार | संख्या | | | २००० | २००० | २००० |
| सार्वजनिक शौचालय | संख्या | ५ | २ | २ | २ | २ |
| बजार केन्द्रको फोहोर मैला व्यवस्थापन | संख्या | २ | २ | १ | १ | १ |
| फोहोर मैला तथा ढल व्यवस्थापन सम्वन्धि सचेतना कार्यक्रम (वार्षिक) | संख्या | १ | १ | १ | १ | १ |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | १,००० | १,००० | | | १,००० | १,००० | | - | |
| २०८३/८४ | १,०५० | १,०५० | - | - | १,०५० | १,०५० | - | - | |
| २०८४/८५ | १,१०३ | १,१०३ | - | - | १,१०३ | १,१०३ | - | - | |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | बजेट | नतिजा |
|---|---|---|---|---|---|
| १ | फोहोर वर्गीकरण तालिम | नागरिकलाई फोहोर छुट्याउने व्यवहार सिकाउने। | | | |
| २ | कम्पोष्ट बिन वितरण | घरमै सेंद्रिय फोहोरको पुनः उपयोग। | | | |
| ३ | डस्टबिन र फोहोर संकलन केन्द्र | नियमित संकलन र व्यवस्थापन सुनिश्चित गर्ने। | | | |
| ४ | पुनःप्रयोग केन्द्र (Recycle Hub) | प्लास्टिक, टिन, बोतल आदिको व्यवस्थापन। | | | |
| ५ | विद्यालय क्लब र जनचेतना कार्यक्रम | दीर्घकालीन व्यवहार परिवर्तन सुरु गर्ने। | | | |

### ६.२.९ जोखिम पक्ष तथा अनुमान

जोखिम पक्षहरू (Potential Risks):

- जनसहभागिता नहुनु वा चासोको अभाव।
- बजेट ढिलो वा अपुग हुनु।
- संरचना मर्मत अभावले दीर्घकालीन प्रयोग असम्भव बन्नु।
- स्थानीय राजनीतिक हस्तक्षेप वा प्राथमिकता परिवर्तन।

अनुमानहरू (Projections / Potential Outcomes):

- स्रोतमै फोहोर छुट्याउने अभ्यासले १ वर्षमा सिंगो पालिकामा ५०% सम्म फोहोरको मात्रा घटाउन सक्ने।
- कम्पोष्ट प्रयोगबाट सेंद्रिय फोहोरको ४०–५०% भाग घरमै व्यवस्थापन गर्न सकिने।
- सही रणनीति अपनाइएमा ३ वर्षभित्र पालिका स्तरमै पुनः प्रयोग योग्य फोहोरको ६०% सम्म रिसाइकल गर्न सकिने।

## ६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.३.१ पृष्ठभूमि

शैलुङ गाउँपालिका प्राकृतिक दृष्टिले सुन्दर भए तापनि भौगोलिक विकटता, अस्थिर जमिन बनावट र मौसमीय परिवर्तनको कारण जलवायुजन्य विपद्को उच्च जोखिममा रहेको छ। प्रत्येक वर्ष मनसुनको समयमा पहिरो, बाढी, सडक अवरोध र खेतीमा क्षति हुनेजस्ता घटनाहरू नियमित देखिन्छन्। तापमानको असमानता, वर्षा चक्रको अनियमितता, जंगल डढ्ने, सिँचाइ स्रोत सुक्ने र कीरा रोगको प्रकोपले जलवायु परिवर्तनको असर स्पष्ट देखिएको छ। यस्तो अवस्थामा दीर्घकालीन दृष्टिकोणमा आधारित **विपद् जोखिम न्यूनीकरण (DRR)** तथा **जलवायु अनुकूलन** योजना आवश्यक छ, जसले मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्दै दिगो विकासमा टेवा पुऱ्याओस्।

### ६.३.२ समस्या तथा चुनौती

- बाढी, पहिरो, हावाहुरी र डढेलोको बारम्बार घटना।
- विपद् पूर्वतयारी, सुरक्षात्मक संरचना र सूचनाको कमी।
- जलवायु परिवर्तनले कृषि उत्पादनमा गिरावट।
- मौसमसम्बन्धी जानकारी र पूर्वचेतावनी प्रणालीको अभाव।
- विपद्पछिको उद्धार र पुनःस्थापनामा ढिलाइ।
- जनचेतना र स्थानीय दक्ष जनशक्ति कमजोर।

### ६.३.३ सोच

"शिक्षा, स्वास्थ्य,कृषि,पर्यटन र पूर्वाधार; समृद्ध शैलुङ निर्माणको आधार"

### ६.३.४ उद्देश्य

- विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्नु।

- जलवायु परिवर्तनको असरलाई न्यून पार्दै स्थानीय प्रणालीलाई अनुकूल बनाउनु।
- पूर्वचेतावनी प्रणाली, पूर्वतयारी र समन्वय क्षमता अभिवृद्धि गर्नु।
- दिगो र जलवायु संवेदनशील पूर्वाधार विकास गर्नु।

६.३.५ रणनीति

- समुदायमा आधारित विपद् व्यवस्थापन प्रणाली (CBDRM) प्रवर्द्धन।
- जलवायु जोखिम अनुकूल कृषि अभ्यास (जस्तै: सहनशील जातको बीउ प्रयोग)।
- सुरक्षात्मक पूर्वाधार निर्माण (जस्तै: गाभियन पर्खाल, बाढी नियन्त्रण संरचना)।
- पूर्वचेतावनी र सूचना प्रवाह प्रणालीको विकास।
- विद्यालय, टोल र वडास्तरमा DRR तालिम र अभ्यास।

६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को यथार्थ | २०८१/८२ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| वार्षिक विपदबाट प्रभावित हुने घरपरिवार | संख्या | १५ | ६ | ४ | ३ | २ |
| भुकम्प क्षतिग्रस्त संरचना पुनर्निर्माण र पुनस्थापना | प्रतिशत | ९५ | २ | २ | १ | ० |
| भुकम्प प्रतिरोधी भवन निर्माण तालिम | प्रतिशत | २७७ | ४० | ४० | ४० | ४० |
| भूकम्प प्रतिरोधी मापदण्ड अनुसार निर्मित घर | संख्या | ७४९१ | ६ | ५ | १ | १ |
| विपद् व्यवस्थापन कोषको वार्षिक रकम | रू. हजारमा | १०००० | १०००० | १०००० | १०००० | १०००० |
| विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन न्यूनीकरण र अनुकलनसँग सम्बन्धित आयोजना र कार्य | संख्या | १५ | १ | ५ | ५ | ५ |

६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | १,००० | १,००० | | | १,००० | ५०० | | ५०० | |
| २०८२/८३ | १,०५० | १,०५० | - | - | १,०५० | ५२५ | - | ५२५ | |
| २०८३/८४ | १,१०३ | १,१०३ | - | - | १,१०३ | ५५१ | - | ५५१ | |

६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | | नतिजा |
|---|---|---|---|---|---|
| १ | DRR तालिम तथा विपद् अभ्यास कार्यक्रम | जनस्तरमा पूर्वतयारी क्षमताको विकास। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | पूर्वचेतावनी सूचना प्रणाली स्थापना | समयमै जानकारी दिई जनधनको रक्षा गर्नु। | | | |
| ३ | गाभियन संरचना, भू–सुधार, वर्षा पानी व्यवस्थापन | पहिरो, कटान र बाढी न्यूनीकरण। | | | |
| ४ | जलवायु स्मार्ट कृषि प्रवर्द्धन | कृषि उत्पादनमा स्थायित्व र जोखिम न्यूनीकरण। | | | |
| ५ | साना जलाशय निर्माण र सिँचाइ सुधार | वर्षा असमानताको असर न्यूनीकरण। | | | |
| ६ | वातावरणीय शिक्षा तथा जलवायु अनुकूलन कार्यशाला | दीर्घकालीन जनचेतना र व्यवहार परिवर्तन। | | | |

## १.९ जोखिम पक्ष तथा अनुमान

जोखिम पक्षहरू (Potential Risks):

- योजनाको अल्पकालीन सोच र दीर्घकालीन अनुगमनको अभाव।
- राजनीतिक प्राथमिकता परिवर्तन।
- बजेट तथा प्रविधिको पहुँच नहुनु।
- समुदायमा सहकार्य र स्वामित्वको कमी।
- अत्यधिक वर्षा वा चरम मौसमले योजना अवरुद्ध गर्नु।

अनुमानहरू (Projections / Potential Outcomes):

- DRR तालिम, पूर्वचेतावनी प्रणाली र संरचना निर्माणले ३ वर्षभित्र विपद्बाट हुने क्षति ४०% ले घटाउन सकिने।
- जलवायु स्मार्ट कृषि प्रवर्द्धनबाट ५०% कृषकमा उत्पादनमा सुधार हुने अपेक्षा।
- सामुदायिक सहभागितामूलक योजनाले दीर्घकालीन प्रभावकारिता सुनिश्चित गर्ने सम्भावना।

# परिच्छेद ७

# संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा (१) नीति, कानून, न्याय तथा सुशासन, (२) मानब संशाधन तथा क्षमता विकास, (३) राजस्व तथा स्रोत परिचालन, र (४) तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरे पश्चात तीन तहको सरकारले कार्य सम्पादनको अभ्यास गरिरहँदा नागरिक तथा समुदायमा चुस्त र प्रभावकारी सेवा प्रवाहको प्रयत्न पनि थालनी गरेको छ। सरकार सञ्चालनको अभ्यासका क्रममा तीनै तहको सरकारका निर्वाचित जनप्रतिनिधिको एक कार्यकाल समाप्त भै दोस्रो कार्यकाल चलिरहँदा स्थानीय तहले समेत नेपालको संविधान तथा अन्य प्रचलित कानुनको प्रतिकूल नहुने गरी आफैंले कानुन बनाएर कार्य सम्पादन र सेवा प्रवाह गर्न सक्ने कानुनी व्यवस्था समेत रहेको सन्दर्भमा नागरिकको नजिकको सरकारको रुपमा रहेको अनुभूति प्रदान गर्न शैलुङ गाउँपालिका सदैव प्रतिवद्ध रहेको छ। प्रभावकारी र सहज सेवा प्रवाहको लागि विभिन्न कानुनहरु निर्माण गरी कार्यान्वयनमा ल्याउने क्रममा शैलुङ गाउँपालिकाले पनि आवश्यकता अनुसार कानुनहरु निर्माण गरी कार्यान्वयन गरिरहेको छ। आफैंले कानुन बनाएर कार्यान्वयन गर्दा सेवा प्रवाहमा चुस्तता आउने र दैनिक कार्य सम्पादनमा समेत सहजता आउने गरेको अनुभव गाउँपालिका स्वयंले गरेको छ भने आफैंले कानुन बनाएर कार्यान्वयन गर्नु स्थानीय सरकारको लागि नविनतम अभ्यास एवं गौरवको विषय पनि बनेको छ।

### ७.१.२ समस्या तथा चुनौती

स्थानीय तहले आफैंले कानुन निर्माण गरी कार्यान्वयन गर्न सक्ने संवैधानिक तथा कानुनी व्यवस्था हुँदाहुदै कानुन निर्माणको लागि आवश्यक दक्ष जनशक्तिको अभाव स्थानीय सरकारका लागि प्रमुख समस्याको रुपमा देखिएको छ। त्यसैगरी गाउँपालिकाको अन्तिम लेखापरीक्षण गर्ने क्रममा लेखापरीक्षण टोलीले संघीय र प्रदेश कानुनको प्रतिकूल नहुने गरी गाउँपालिकाद्वारा निर्माण गरेका कानुनहरु समेत मान्य नहुने अभिव्यक्तिका साथ गाउँपालिकाको कानुन बमोजिम गरिएका कार्यहरु गैर कानुनी भएको प्रतिवेदन पेश गर्ने गरेकोले स्थानीय सरकारले कानुन बनाएर कार्यान्वयन गर्नु थप चुनौतीपूर्ण रहेको देखिन्छ।

### ७.१.३ उद्देश्य

- कार्यालयको दैनिक कार्य सम्पादनमा आइपर्ने कानूनी अप्ठ्याराहरु अन्त्य गरी कार्य सम्पादन सहज बनाउनु।
- सेवा प्रवाहका क्रममा देखिने कानूनी अल्झन अन्त्य गरी चुस्त प्रभावकारी र सेवाग्राहीलाई सन्तुष्ट हुनेगरी सेवा प्रवाह गर्नु।
- कानुनको अभावमा सम्पादन गरिएका कार्यबाट भविष्यमा आउन सक्ने जटिलता अन्त्य गर्नु।

### ७.१.४. रणनीति

- कानुन निर्माणको लागि जिम्मेवार शाखा वा कर्मचारीबाट मस्यौदा तयार गरी दफावार रुपमा कार्यपालिका र गाउँसभामा छलफल गरी कानुनको अन्तिम रुप दिने।
- कानुन निर्माणमा दक्ष जनशक्तिको व्यवस्थापन गर्ने वा सो सँग सम्बन्धित दक्ष जनशक्तिको परामर्श लिई कानुन निर्माण गर्ने।
- संघीय र प्रादेशिक कानुनको प्रतिकूल नहुने गरी स्थानीय समुदायको भावना सम्बोधन हुने प्रयत्नका साथ कार्यान्वयनको पक्षलाई समेत विश्लेषण गरी कानुन निर्माण गर्ने।

### ७.१.५. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ को यथार्थ | २०८१/८२ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| नीति, कानून, निर्णय र सेवा प्रवाह सन्तुष्ट सेवाग्राही | प्रतिशत | ६५ | ७० | ८० | ८५ | ९० |
| स्वीकृत नीति, कानून र कार्यविधि तथा मापदण्ड | संख्या | | | | | |
| १. नीति | विषय | ५ | ५ | ६ | ७ | ९ |
| २. ऐन | विषय | ३० | ३२ | ३६ | ३८ | ४० |
| ३. नियम तथा विनियम | विषय | ९ | ९ | १० | ११ | १३ |
| ४. कार्यविधि | विषय | ५४ | ५९ | ६५ | ६७ | ७१ |
| ४.निर्देशिका | विषय | १३ | १४ | १६ | १८ | २१ |
| ६ मापदण्ड | विषय | ५ | ५ | ६ | ८ | ११ |
| ७.रणनीति | विषय | १ | १ | २ | ३ | ५ |
| ८.आचारसंहिता/दिग्दर्शन | विषय | २ | २ | ३ | ४ | ६ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | ५ | ५ | ६ | ७ | ९ |
| न्यायिक समिति क्षमता अभिवृद्धि | पटक | ७ | ७ | ९ | ११ | १४ |
| गाउँपालिका र वडा कार्यालयमा नागरिक बडापत्रको कार्यान्वयन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| सार्वजनिक सुनुवाई र सामाजीक लेखापरीक्षण | पटक | ३ | ४ | ४ | ४ | ४ |
| न्यायिक समितिबाट फस्यौट भएका विवाद | संख्या | ११ | १२ | १४ | १५ | १८ |

### ७.१.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | १,००० | १,००० | | | १,००० | | २३१ | ७६९ | |
| २०८२/८३ | १,०५० | १,०५० | - | - | १,०५० | - | २४३ | ८०७ | |
| २०८३/८४ | १,१०३ | १,१०३ | - | - | १,१०३ | - | २५५ | ८४८ | |

### ७.१.७. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | बजेट | नतिजा |
|---|---|---|---|---|---|
| १ | विनियोजन ऐन तथा आर्थिक ऐन तयारी | आयोजना बजेट कार्यान्वयन | | | निरन्तर आवश्यकता अनुसार अन्य ऐनहरु निर्माण हुदै जाने |
| २ | निर्देशिका तथा कार्यविधिहरु निर्माण | | | | निरन्तर |

### ७.१.८ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा कानुन निर्माणका क्षेत्रमा विज्ञ एवं दक्ष जनशक्ति नहुँदा निर्माण भएका कानुनहरु संघीय तथा प्रादेशिक कानुनसँग भुलबश बाझिन सक्ने सम्भावना रहेको देखिन्छ । साथै निर्माण भएका कानुन बमोजिम भएका कार्यहरु संघ सरकारले स्वीकार नगर्ने जोखिम पनि स्थानीय सरकारले झेल्नु पर्ने जोखिम पनि त्यतिकै रहेको छ ।

## ७.२ सङ्गठन, क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

कुनै पनी देशको सरकारद्धारा देशको चौतर्फी विकास र नागरिकको कल्याण एवं हितका लागि गरिने नियमित, आकस्मिक र विकासात्मक गतिविधी संचालनको लागि संगठनको क्षमता विकासका साथ साथै जनशक्तिको उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ। सांगठनिक लक्ष्य हासिल गर्ने प्रयोजनार्थ आवश्यक मानव स्रोत प्राप्त गर्ने, विकास गर्ने, उपयोग गर्ने तथा सम्भार गर्ने सम्मका यावत क्रियाकलाप मानव स्रोत व्यवस्थापन अन्तर्गत पर्दछन ।

संविधानले परिकल्पना गरेको राजनैतिक, आर्थिक र सामाजिक उदेश्य हासिल गर्न होस या भौतिक स्रोत साधनको उच्चतम प्रयोग गर्न किन नहोस यसमा संगठनको विकास, जनशक्ति विकासको महत्वपुर्ण भुमीका रहको हुन्छ। यसको लागि सार्वजनिक सेवा प्रवाहमा संलग्न कर्मचारीलाइ तालिमको आवश्यकता पर्दछ। चुस्तदुरुस्त रुपमा सेवा प्रवाह गर्न समय सापेक्ष पारिश्रमिक,तालिम, भ्रमण जस्ता मौद्रिक तथा गैरमौद्रिक उत्प्रेरणा साधनहरुको आवश्यकता रहने गर्दछ । सूचना प्रविधि क्षेत्रमा पछिल्लो समय भएको विकास सँगसँगै सार्वजनिक सेवा प्रवाहमा प्रविधिको प्रयोगलाई थप व्यवस्थित गर्न यसमा आवद्ध जनशक्तिको व्यवस्थापन पनि त्यतिकै महत्वपुर्ण विषय हो । यसका साथै सेवाग्राही लाई प्राथमिकतामा राख्दै सरल, सहज, पारदर्शी, जनमुखी, गुणस्तरीय सेवा प्रवाह गर्नु गाउँपालिकाको दायीत्व हुन्छ ।

### ७.२.२ समस्या तथा चुनौती

क) कर्मचारीमा कानून, कार्यविधि तथा ज्ञानको कमि रहेको
ख) कर्मचारीलाइ आवश्यक मात्रमा तालिम उपलब्ध गराउन नसकेको
ग) कर्मचारीमा उत्प्रेरणाको कमि रहेको
घ) अत्याधिक कार्य चाप रहेका कर्मचारिलाई अतिरिक्त सेवा सुबिधा उपलब्ध गराउन नसकिएको
ङ) सबै कर्मचारिलाई प्रविधि मैत्रि बनाउन चुनौति रहेको
च) जनप्रतिनिधिको क्षमता बृद्धी गर्न चुनौति रहेको
छ) कर्मचारी र जनप्रतिनिधीलाई आवश्यक पर्ने श्रोत साधन पर्याप्त मात्रामा पुर्याउन नसकिएको

### ७.२.३ उद्देश्य

१. सेवा प्रवाहलाई गुणस्तरीय प्रभावकारी नतिजामुखी बनाउनु ।

२. संगठनको क्षमता विकासका लागि विभिन्न कार्यहरु गर्नु ।

३. सेवा प्रवाहलाई समयसापेक्ष आधुनिक प्रविधि सँग जोड्नु ।

### ७.२.४ रणनीति

१. संगठनको विकासमा सार्वजनिक निजी साझेदारीको अवधारणा लागु गर्ने ।

२. सेवा प्रवाहलाई प्रविधिमैत्री र गुणस्तरीय बनाउने ।

### ७.२.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०८०/८१ को यथार्थ | २०८१/८२को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| पालिकामा कार्यरत मानव संशाधन | संख्या | ९२ | ११० | ११० | १०० | १०० |
| गाउँपालिकाको सेवामा सन्तुष्टी | प्रतिशत | ६५% | ७५% | ७१% | ८०% | ८५% |
| जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि | पटक | २ | ४ | ५ | ५ | ५ |
| जनशक्ति पदपूर्ति | प्रतिशत | ९०% | ९५% | ९५% | ९७% | ९४% |
| नियमित आम्दानी र खर्च सार्वजनिक गर्ने वडा/कार्यालय | प्रतिशत | ८०% | ९०% | ८५% | ९०% | ९५% |
| पालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | ६ | ११ | ११ | ११ | ११ |
| संस्थागत स्वमूल्याङकनको प्राप्तांक प्रतिशत | प्रतिशत | ९०.५% | ९१% | ९१% | ९२% | ९३% |

### ७.२.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा यस उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ:

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८२/८३ | १४९,४६२ | १४८,४६२ | १,००० | | | १४९,४६२ | २८,९०० | |
| २०८३/८४ | १५०,९३५ | १४९,८८५ | १,०५० | | - | १५०,९३५ | ३०,३४५ | - |
| २०८४/८५ | १५८,७८२ | १५७,६७९ | १,१०३ | | - | १५८,७८२ | ३१,८६२ | - |

### ७.२.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

यस उपक्षेत्र अन्तर्गत कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ:

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (हजारमा) | नतिजा |
|---|---|---|---|---|---|
| १. | कार्यक्रम तथा आयोजना | | | | |

### ७.२.९ जोखिम पक्ष तथा अनुमान

संगठनको क्षमता विकास गर्नको लागि गाउँ पालिकामा कार्यरत  कर्मचारीहरुलाई Right man in right place को अवधारणा अनुरुप कर्मचारी व्यवस्थापन गर्न तथा जनशक्ति व्यवस्थापन गर्ने काम मनोवैज्ञानिक पक्ष रहेको कारण जनशक्तिको उचित व्यवस्थापन गर्नु र नेपालमा हाल रहेका जनशक्तिको Brain Drain को समस्या आइरहेको हुनाले जोखिम उत्पन्न भैरहेको छ ।

उपलब्ध जनशक्तिको समय सापेक्ष पारिश्रमिक, तालिम, उत्प्रेरणा लगायतका कार्यक्रमहरु तय गरि लक्षित उपलब्धिहरू हासिल हुने अनुमान गरिएको छ ।

## ७.३ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरी संघीयता कार्यान्वयन भै रहेको सन्दर्भमा, नागरिकको नजिकको सरकारको रुपमा रहेको स्थानीय तहले सम्पादन गरेका कार्य तथा सेवा प्रवाहबाट स्थानीय नागरिक तथा सेवाग्राही सन्तुष्ट हुन सके/नसकेको मापन गरी स्थानीय सरकारले आफ्नो कार्य क्षमता तथा संस्थागत स्वमूल्याङ्कन गर्न सक्ने हुन्छ । सेवाग्राहीले गाउँपालिकामा सम्पादन भएका कार्य तथा सेवा प्रवाहका बारेमा जानकारी प्राप्त गरेको अवस्थामा मात्र उसको सन्तुष्टी/असन्तुष्टी व्यक्त गर्न सक्ने अवस्था रहन्छ । नेपालको संविधान तथा सो बमोजिम बनेका कानुनले पनि सूचना प्राप्त गर्नु नागरिकको अधिकारको रुपमा परिभाषित गरेको छ। कानुन प्रदत्त अधिकार सुनिश्चित गर्न पनि स्थानीय सरकारले सम्पादन गरेका कार्यहरु सार्वजनिक गर्नु आवश्यक छ। यसको सजिलो र भरपर्दो मध्यमको रुपमा पछिल्लो समय विद्युतिय माध्यमलाई लिन सकिन्छ। नागरिकमा मोबाइल तथा इन्टरनेटको पहुँच बढ्दै गएको सन्दर्भमा विकसित भएका विभिन्न सूचना व्यवस्थापन प्रणालीको उपयोग गरी नागरिकलाई स्थानीय तहले थप सुसूचित गर्न सक्ने देखिन्छ।

### ७.३.२ समस्या तथा चुनौती

स्थानीय तहले सम्पादन गरेका कार्य तथा सेवा प्रवाहका सम्बन्धमा व्यवस्थित अभिलेख राख्न सकिए पनि त्यसलाई विद्युतिय प्रणालीमा प्रविष्ट गरी व्यवस्थित गर्न सफ्टवेयर खरिद तथा गाउँ गाउँमा भरपर्दो इन्टरनेट नहुँदा समस्या देखिएको छ भने यसलाई सुरक्षित राख्नु थप चुनौतीपूर्ण रहेको देखिन्छ ।

### ७.३.३ उद्देश्य

- सम्पादन भएका कार्य र सेवा प्रवाहको विवरण व्यवस्थित गर्ने ।
- कुनैपनि सरोकारवाला संस्था वा व्यक्तिलाई आवश्यक परेको बेला विवरण उपलब्ध गराउन सक्नु ।
- सुरक्षित अभिलेख प्रणालीको व्यवस्था गरी संस्थागत क्षमता अभिबृद्धि गर्ने ।

### ७.३.४ रणनीति

- सूचना प्रविधि शाखा मार्फत विभिन्न सफ्टवेयर विकास तथा व्यवस्थापन गर्ने ।

- सम्बन्धित शाखालाई पनि विद्युतिय अभिलेख व्यवस्थापनको क्षेत्रमा क्षमता विकास गरी प्रयोग गर्ने कार्यमा अभ्यस्त गराउने ।
- अन्य निकायबाट गाउँपालिकालाई प्रप्त हुने सूचना तथा अभिलेखहरु समेत गाउँपालिकाको आफ्नै सूचना प्रणालीमा राखी व्यवस्थित गर्ने ।
- हरेक सूचना र अभिलेखको ब्याकअप तयार गरी व्यवस्थित गर्ने ।

### ७.३.५. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०८०/८१ को यथार्थ | २०८१/८२ को अनुमानित | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| योजना तथा प्रगति समीक्षा | पटक | १ | २ | २ | २ | ३ |
| अनलाई सेवा, तथ्यांक तथा सूचना प्रणाली उपलव्धता | प्रतिशत | ६५ | ७० | ८५ | ९० | ९५ |
| पालिकामा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | २ | २ | ३ | ३ | ४ |
| सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ८५ | ९० | ९२ | ९४ | ९५ |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ९९ | १०० | १०० | १०० | १०० |

### ७.३.६. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (हजारमा) | | | | बजेटको स्रोत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | १,५०० | १,५०० | | | १,५०० | - | - | १,५०० | |
| २०८२/८३ | १,५७५ | १,५७५ | - | - | १,५७५ | - | - | १,५७५ | |
| २०८३/८४ | १,६५४ | १,६५४ | - | - | १,६५४ | - | - | १,६५४ | |

### ७.३.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | बजेट | नतिजा |
|---|---|---|---|---|---|
| १ | विभिन्न सूचना प्रणाली विकास तथा व्यवस्थापन गरी सो मा गाउँपालिकाका सम्पूर्ण सुचना रअभिलेख राखिने । | आवश्यक परेको बखत सूचना प्राप्त गर्ने तथा प्रतिवेदनहरु तयार गर्न सक्ने । | | | निरन्तर आवश्यकता अनुसार व्यवस्थापन भएको हुदै जाने । |

### ७.३. ९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले व्यवस्थापन गरेका सूचनाहरु सुरक्षित गर्ने र सम्बद्ध क्षेत्रलाई उपलब्ध गराएको सूचना उपयोगको अवस्थाको बारेमा सुनिश्चितता हुनु गाउँपालिकाको लागि जोखिम पूर्ण रहेको देखिन्छ भने

गाउँपालिकाको प्रत्येक शाखामा अभिलेख व्यवस्थापन गरी सो को यथोचित रुपमा सार्वजनिक गर्ने पद्दतिको विकास गर्न पनि हाललाई चुनौतीपूर्ण रहेको देखिन्छ ।

## अनुसूचीहरू

### अनुसूची १: मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल

| क्र. स. | पद/ शाखा | कार्यदल |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २ | प्रमुख,  शिक्षा | सदस्य |
| ३ | प्रमुख, आर्थिक प्रशासन | सदस्य |
| ४ | प्रमुख, सहकारी तथा सङ्घ संस्था समन्वय | सदस्य |
| ५ | प्रमुख, पूर्वाधार विकास | सदस्य |
| ६ | प्रमुख, प्रशासन तथा पन्जिकरण | सदस्य |
| ७ | प्रमुख, स्वास्थ्य | सदस्य |
| ८ | प्रमुख, सामाजिक विकास | सदस्य |
| ९ | प्रमुख, पशु स्वास्थ्य | सदस्य |
| १० | प्रमुख, कृषि | सदस्य |
| ११ | प्रमुख, विपद तथा बातावरण | सदस्य |
| १२ | प्रमुख, श्रम तथा रोजगार | सदस्य |
| १३ | प्रमुख,जिन्सी | सदस्य |
| १४ | प्रमुख,सूचना प्रबिधि | सदस्य |
| १५ | प्रमुख, योजना तथा अनुगमन शाखा | सदस्य सचिव |

# अनुसूची २: मध्यमकालीन खर्च संरचना तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

## १. पृष्ठभूमि

नेपालको संविधानको भाग ५ को धारा ५६ र ५७ ले तीन तहको राज्य संरचनाको निर्माण गरी तीनवटै तहलाई आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने समेतका अधिकार दिएको छ। यसैगरी नेपालको संविधानको धारा २३० ले गाउँपालिकाको हकमा प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून वमोजिम गाउँ सभामा पेश गरी पारित गराउनु पर्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले पनि गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। साथै वार्षिक अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विश्लेषण गर्नु आवश्यक रहेको छ।

नेपालमा संङ्घीय शासन व्यवस्थाको अभ्याससँगै स्थानीय सरकार संचालनका लागि संरचनागत एवम् व्यवस्थापकीय क्षेत्रमा उपलब्धिमूलक कार्यहरू भएका छन्। जसबाट स्थानीय शासन सञ्चालन, सेवा प्रवाह र विकास उपलब्धी हासिल गर्ने गति तिव्र बनाउँदै जनअपेक्षालाई सम्बोधनका लागि अनुकूल वातावरण बन्दै गएको छ। स्थानीय सरकारहरूले अन्तर सरकार, नीजि क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको समन्वय, साझेदारी र सहकार्यलाई प्रभाबकारी बनाउँदै लगेका छन्।

जनताको सबैभन्दा नजिकको सरकारका रूपमा स्थानीय सरकारले दिगो विकास लक्ष्य प्राप्तिलाई मध्यनजर गर्दै नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन वस्तुपरक ढंगले विकासको मार्गचित्र तयार गर्नु जरुरी देखिन्छ। संङ्घीय संरचनामा आधारित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अनुसार स्थानीय सरकारहरूले स्थानीय धरातलिय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयासहरू अगाढी बढाउनु आवश्यक छ। यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक, सांस्कृतिक तथा प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरूको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक छ।

स्थानीय सरकारले विकास प्रक्रियालाई निदृष्ट गन्तब्यतर्फ उन्मुख गराइ अपेक्षित उपलब्धि हासिल गर्न सरोकारवाला पक्षसमेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम योजना तथा बजेट तर्जुमा प्रक्रिया अबलम्बन गर्न आवश्यक रहन्छ। दीर्घकालीन तथा विषयगत रणनीतिक गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको मनोभावना बुझ्ने र चाहाना सम्बोधन गर्ने गर्नुपर्दछ। योजनाले उपलब्ध हुने सक्ने सम्भाव्य स्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेटको विचमा रहने खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ। कानूनी रूपमा हेर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम गाउँ कार्यपालिकाले प्रत्येक बर्षको असार १० गते भित्र आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित

स्थानीय सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ। यसै गरी उपदफा (५) ले राजस्व र व्ययको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनुपर्ने व्यवस्था गरेको छ। तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शिर्षकहरूको वर्गीकरण र एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्ने समेत यस मार्गदर्शनको उद्देश्य रहेको छ। समग्रमा दिगो विकास लक्ष्य प्राप्तिलाई केन्द्र विन्दुमा राखी व्यवस्थित, प्रभावकारी र नतिजामूलक रूपमा मध्यमकालीन खर्च संरचना समेत आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा स्थानीय विषयगत समिति पदाधिकारी, विषयगत महाशाखा/शाखा, वडा समिति र स्थानीय सरोकारवालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ।

कार्यपालिकाबाट प्राप्त बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रक्रिया बमोजिम यस मार्गदर्शन अनुसार आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना प्रस्ताव तयार गर्नुपर्नेछ।

## २. कार्यक्रम तथा उपलब्धिको समीक्षा

शैलुङ गाउँपालिकाको चालु आर्थिक बर्ष २०८१/८२ को वार्षिक नीति, बजेट तथा कार्यक्रम संङ्घीय तथा प्रदेश सरकार र अन्य विकास साझेदार निकायसँग समन्वय, साझेदारी र सहकार्यमा कार्यान्वयन भइरहेको छ। चालु बर्षको कार्यक्रमहरू अपेक्षाकृत लक्ष्यतर्फ उन्मुख रहेको छ भने स्वीकृत भएका कतिपय आयोजना तथा कार्यक्रमहरू सम्पन्न हुने अवस्थामा रहेका छन्।

बजेट तथा कार्यक्रम कार्यान्वयनको समयतालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न कार्यानुभव, सीप तथा क्षमता र कार्यविधिको कमी महशुस गरिएको छ। आगामी बर्षको बजेट तथा कार्यक्रम तर्जुमा देखी नै कार्यान्वयन कार्ययोजना, खरिद योजना र अनुगमन योजना बनाई यसलाई व्यवस्थित गर्नु पर्ने सिकाई समेत भएको छ। आवधिक योजना अनुमोदन भई कार्यान्वयनमा आउन बाँकि रहेकोले चालु आर्थिक बर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयनको अवस्था र हालसम्मको उपलब्धीलाई नै मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि यथासम्भव आयोजना र कार्यक्रमगत समेत समेटी उप–क्षेत्रगत रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने स्थिति छ।

## ३. योजना तथा बजेट तर्जुमाका आधारहरू

नेपालको संविधानले तिनै तहका सरकारले सरकारी कोषबाट वार्षिक बजेट अनुरूप बजेटको उपयोग गर्ने व्यवस्था गरेको छ। स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो। संङ्घीय शासन व्यवस्था संचालन र उपरोक्त सन्दर्भमा बजेट तर्जुमाको अभ्यास अत्यन्त गहन र महत्वपूर्ण विषय हो। तसर्थ बजेट तर्जुमाको अभ्यासमा संलग्न गाउँपालिका निर्वाचित पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति तथा विषयगत निकाय÷शाखाका कर्मचारी, संलग्न सरोकार पक्ष र व्यक्तिहरू बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन जरुरी छ। मध्यमकालीन खर्च संरचनामा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइनेछः

१. नेपालको संविधानका सान्दर्भिक धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड, भाग १७: धारा २१४ देखी २३०)।
२. गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली,

३. प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद ४: प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)।
४. स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरू (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखी ६८ र परिच्छेद १०: दफा ६९ देखी ८०)।
५. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छेदः वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्यवको अनुमान, परिच्छेद ८: वित्तिय अनुशासन)।
६. आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरू (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)।
७. सावर्जनक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधीसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान)।
८. दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)
९. दीर्घकालीन सोच तथा पन्ध्रौ योजनाको सान्रदभिक बुँदाहरू।
१०. समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६।

## ४. बजेट सीमा

बजेट वर्ष आ.व. २०८२/८३ समेत आगामी ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि बिषय क्षेत्र तथा उपक्षेत्रगत रूपमा बजेट सीमा निर्धारण गरिएको छ। बजेट सीमा आयोजना तथा कार्यक्रम एवम् उपक्षेत्रको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्था तथा सोको स्रोत समेत समावेश गरिएको छ। मध्यमकालीन खर्च संरचना तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनले तयार गरेको कूल बजेट निम्नानुसार छ।

| क.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु.हजारमा) | | | | बजेटको श्रोत (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कूल | नेपाल सरकार | प्रदेश सरकार | आन्तरिक स्रोत, बाँडफाँट र अन्य | ऋण |
| १. | **आर्थिक विकास** | २०८२/८३ | २०,३०० | २०,३०० | – | – | २०,३०० | १४,३०० | ६,००० | – | – |
| | | २०८३/८४ | २१,३१५ | २१,३१५ | – | – | २१,३१५ | १५,०१५ | ६,३०० | – | – |
| | | २०८४/८५ | २२,३८१ | २२,३८१ | – | – | २२,३८१ | १५,७६६ | ६,६१५ | – | – |
| क | कृषि तथा खाद्य सुरक्षा तथा सिंचाई | २०८२/८३ | ६,००० | ६,००० | – | | ६,००० | २,५०० | ३,५०० | – | |
| | | २०८३/८४ | ६,३०० | ६,३०० | – | – | ६,३०० | २,६२५ | ३,६७५ | – | – |
| | | २०८४/८५ | ६,६१५ | ६,६१५ | – | – | ६,६१५ | २,७५६ | ३,८५९ | – | – |
| ख | पशु सेवा | २०८२/८३ | ३,८०० | ३,८०० | – | | ३,८०० | २,३०० | १,५०० | – | |
| | | २०८३/८४ | ३,९९० | ३,९९० | – | – | ३,९९० | २,४१५ | १,५७५ | – | – |
| | | २०८४/८५ | ४,१९० | ४,१९० | – | – | ४,१९० | २,५३६ | १,६५४ | – | – |
| ग | | २०८२/८३ | १,००० | १,००० | | | १,००० | १,००० | | – | |

| क.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु.हजारमा) | | | | बजेटको श्रोत (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कूल | नेपाल सरकार | प्रदेश सरकार | आन्तरिक स्रोत, बाँडफाँट र अन्य | ऋण |
| | उद्योग, व्यापार तथा व्यावसाय | २०८३/८४ | १,०५० | १,०५० | – | – | १,०५० | १,०५० | – | – | – |
| | | २०८४/८५ | १,१०३ | १,१०३ | – | – | १,१०३ | १,१०३ | – | – | – |
| घ | पर्यटन तथा संस्कृति | २०८२/८३ | ३,५०० | ३,५०० | – | | ३,५०० | ३,००० | ५०० | – | |
| | | २०८३/८४ | ३,६७५ | ३,६७५ | – | – | ३,६७५ | ३,१५० | ५२५ | – | – |
| | | २०८४/८५ | ३,८५९ | ३,८५९ | – | – | ३,८५९ | ३,३०८ | ५५१ | – | – |
| ङ | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | २०८२/८३ | ५०० | ५०० | | | ५०० | ५०० | | – | |
| | | २०८३/८४ | ५२५ | ५२५ | – | – | ५२५ | ५२५ | – | – | – |
| | | २०८४/८५ | ५५१ | ५५१ | – | – | ५५१ | ५५१ | – | – | – |
| च | श्रम, रोजगारी र गरिबी निवारण | २०८२/८३ | ५,५०० | ५,५०० | | | ५,५०० | ५,००० | ५०० | – | |
| | | २०८३/८४ | ५,७७५ | ५,७७५ | – | – | ५,७७५ | ५,२५० | ५२५ | – | – |
| | | २०८४/८५ | ६,०६४ | ६,०६४ | – | – | ६,०६४ | ५,५१३ | ५५१ | – | – |
| **२.** | **सामाजिक विकास** | **२०८२/८३** | **२३६,७१२** | **२१४,७१२** | **२२,०००** | **–** | **२३६,७१२** | **२१८,३००** | **१४,४४३** | **३,९६९** | **–** |
| | | **२०८३/८४** | **२४८,५४८** | **२२५,४४८** | **२३,१००** | **–** | **२४८,५४८** | **२२९,१६५** | **१५,१६५** | **४,२१७** | **–** |
| | | **२०८४/८५** | **२६०,९७५** | **२३६,७२०** | **२४,२५५** | **–** | **२६०,९७५** | **२४०,६२३** | **१५,९२३** | **४,४२८** | **–** |
| क | शिक्षा, कला, भाषा तथा साहित्य | २०८२/८३ | १६७,२३३ | १६७,२३३ | – | | १६७,२३३ | १६२,४०० | ३,९९३ | ८४० | |
| | | २०८३/८४ | १७५,५९५ | १७५,५९५ | – | – | १७५,५९५ | १७०,५२० | ४,१९३ | ८८२ | |
| | | २०८४/८५ | १८४,३७४ | १८४,३७४ | – | – | १८४,३७४ | १७९,०४६ | ४,४०२ | ९२६ | |
| ख | स्वास्थ्य तथा पोषण | २०८२/८३ | ४३,७४० | ३८,७४० | ५,००० | | ४३,७४० | ४०,४०० | २,५०० | ८४० | |
| | | २०८३/८४ | ४५,९२७ | ४०,६७७ | ५,२५० | – | ४५,९२७ | ४२,४२० | २,६२५ | ८८२ | |
| | | २०८४/८५ | ४८,२२३ | ४२,७११ | ५,५१३ | – | ४८,२२३ | ४४,५४१ | २,७५६ | ९२६ | |
| ग | खानेपानी तथा सरसफाइ | २०८२/८३ | १७,००० | २,००० | १५,००० | | १७,००० | ९,५०० | ७,५०० | – | |
| | | २०८३/८४ | १७,८५० | २,१०० | १५,७५० | – | १७,८५० | ९,९७५ | ७,८७५ | – | |
| | | २०८४/८५ | १८,७४३ | २,२०५ | १६,५३८ | – | १८,७४३ | १०,४७४ | ८,२६९ | – | |
| घ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | २०८२/८३ | ६,७३९ | ४,७३९ | २,००० | | ६,७३९ | ४,५०० | ४५० | १,७८९ | |
| | | २०८३/८४ | ७,०७६ | ४,९७६ | २,१०० | – | ७,०७६ | ४,७२५ | ४७३ | १,८७८ | |
| | | २०८४/८५ | ७,४३० | ५,२२५ | २,२०५ | – | ७,४३० | ४,९६१ | ४९६ | १,९७२ | |
| ङ | युवा, खेलकुद तथा नवप्रवर्तन | २०८२/८३ | २,००० | २,००० | | | २,००० | १,५०० | | ५०० | |
| | | २०८३/८४ | २,१०० | २,१०० | – | – | २,१०० | १,५२५ | – | ५७५ | |
| | | २०८४/८५ | २,२०५ | २,२०५ | – | – | २,२०५ | १,६०१ | – | ६०४ | |
| **३.** | **पूर्वाधार विकास क्षेत्र** | **२०८२/८३** | **१५६,५०५** | **५००** | **१५६,००५** | **–** | **१५६,५०५** | **११५,६००** | **३९,९०५** | **१,०००** | **–** |
| | | **२०८३/८४** | **१७४,४९७** | **६,५२५** | **१६७,९७२** | **–** | **१७४,४९७** | **१३२,६७२** | **४०,४९०** | **१,३३५** | **–** |
| | | **२०८४/८५** | **१८८,४९०** | **६,५५१** | **१८१,९३८** | **–** | **१८८,४९०** | **१५१,२०४** | **४१,८४९** | **– ४,५६३** | **–** |
| क | आवास तथा भवन, बस्ती र सहरी विकास | २०८२/८३ | ७,५०० | | ७,५०० | | ७,५०० | ७,५०० | | – | |
| | | २०८३/८४ | ७,८७५ | – | ७,८७५ | – | ७,८७५ | ७,८७५ | – | – | |
| | | २०८४/८५ | ८,२६९ | – | ८,२६९ | – | ८,२६९ | ८,२६९ | – | – | |
| ख | सडक तथा यातायात | २०८२/८३ | १४७,५०५ | – | १४७,५०५ | | १४७,५०५ | १०७,६०० | ३९,९०५ | – | |
| | | २०८३/८४ | १६५,०४७ | ६,००० | १५९,०४७ | – | १६५,०४७ | १२४,२७२ | ४०,४९० | २८५ | |

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु.हजारमा) | | | | बजेटको श्रोत (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | कूल | नेपाल सरकार | प्रदेश सरकार | आन्तरिक स्रोत, बाँडफाँट र अन्य | ऋण |
| | | २०८४/८५ | १७८,५६७ | ६,००० | १७२,५६७ | - | १७८,५६७ | १४२,३८४ | ४१,८४९ | -५,६६६ | |
| ग | सूचना, सञ्चार तथा प्रविधि | २०८२/८३ | १,५०० | ५०० | १,००० | | १,५०० | ५०० | | १,००० | |
| | | २०८३/८४ | १,५७५ | ५२५ | १,०५० | - | १,५७५ | ५२५ | - | १,०५० | |
| | | २०८४/८५ | १,६५४ | ५५१ | १,१०३ | - | १,६५४ | ५५१ | - | १,१०३ | |
| **४.** | **वन तथा वातावरण क्षेत्र** | **२०८२/८३** | **१३,०००** | **३,५९३** | **९,४०७** | **-** | **१३,०००** | **११,५००** | **१,०००** | **५००** | **-** |
| | | **२०८३/८४** | **१३,६५०** | **३,७७३** | **९,८७७** | **-** | **१३,६५०** | **१२,०७५** | **१,०५०** | **५२५** | **-** |
| | | **२०८४/८५** | **१४,३३३** | **३,९६१** | **१०,३७१** | **-** | **१४,३३३** | **१२,६७९** | **१,१०३** | **५५१** | **-** |
| क | वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण | २०८२/८३ | ११,००० | १,५९३ | ९,४०७ | | ११,००० | १०,००० | १,००० | - | |
| | | २०८३/८४ | ११,५५० | १,६७३ | ९,८७७ | - | ११,५५० | १०,५०० | १,०५० | - | |
| | | २०८४/८५ | १२,१२८ | १,७५६ | १०,३७१ | - | १२,१२८ | ११,०२५ | १,१०३ | - | |
| ख | वातावरण तथा फाहोरमैला व्यवस्थापन | २०८२/८३ | १,००० | १,००० | | | १,००० | १,००० | | - | |
| | | २०८३/८४ | १,०५० | १,०५० | - | - | १,०५० | १,०५० | - | - | |
| | | २०८४/८५ | १,१०३ | १,१०३ | - | - | १,१०३ | १,१०३ | - | - | |
| ग. | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता | २०८२/८३ | १,००० | १,००० | | | १,००० | ५०० | | ५०० | |
| | | २०८३/८४ | १,०५० | १,०५० | - | - | १,०५० | ५२५ | - | ५२५ | |
| | | २०८४/८५ | १,१०३ | १,१०३ | - | - | १,१०३ | ५५१ | - | ५५१ | |
| **५.** | **संस्थागत विकास क्षेत्र** | **२०८२/८३** | **१५१,९६२** | **१५०,९६२** | **१,०००** | **-** | **१५१,९६२** | **२८,९००** | **२३१** | **१२२,८३१** | **-** |
| | | **२०८३/८४** | **१५३,५६०** | **१५२,५१०** | **१,०५०** | **-** | **१५३,५६०** | **३०,३४५** | **२४३** | **१२२,९७३** | **-** |
| | | **२०८४/८५** | **१६१,५३८** | **१६०,४३५** | **१,१०३** | **-** | **१६१,५३८** | **३१,८६२** | **२५५** | **१२९,४२१** | **-** |
| क. | नीति, कानून, न्याय तथा सुशासन | २०८२/८३ | १,००० | १,००० | | | १,००० | | २३१ | ७६९ | |
| | | २०८३/८४ | १,०५० | १,०५० | - | - | १,०५० | - | २४३ | ८०७ | |
| | | २०८४/८५ | १,१०३ | १,१०३ | - | - | १,१०३ | - | २५५ | ८४८ | |
| ख. | संगठन, मानव संशाधन र क्षमता विकास | २०८२/८३ | १४९,४६२ | १४८,४६२ | १,००० | | १४९,४६२ | २८,९०० | | १२०,५६२ | |
| | | २०८३/८४ | १५०,९३५ | १४९,८८५ | १,०५० | - | १५०,९३५ | ३०,३४५ | - | १२०,५९० | |
| | | २०८४/८५ | १५८,७८२ | १५७,६७९ | १,१०३ | - | १५८,७८२ | ३१,८६२ | - | १२६,९१९ | |
| घ. | तथ्याङ्क, योजना तथा विकास परिचालन | २०८२/८३ | १,५०० | १,५०० | | | १,५०० | - | - | १,५०० | |
| | | २०८३/८४ | १,५७५ | १,५७५ | - | - | १,५७५ | - | - | १,५७५ | |
| | | २०८४/८५ | १,६५४ | १,६५४ | - | - | १,६५४ | - | - | १,६५४ | |
| | **जम्मा** | **२०८२/८३** | **५७८,४७९** | **३९०,०६७** | **१८८,४१२** | **-** | **५७८,४७९** | **३८८,६००** | **६१,५७९** | **१२८,३००** | **-** |
| | | **२०८३/८४** | **६११,५६९** | **४०९,५७०** | **२०१,९९९** | **-** | **६११,५६९** | **४१९,२७२** | **६३,२४७** | **१२९,०५०** | **-** |
| | | **२०८४/८५** | **६४७,७१६** | **४३०,०४९** | **२१७,६६७** | **-** | **६४७,७१६** | **४५२,१३४** | **६५,७४५** | **१२९,८३७** | **-** |

## ५. बजेट तर्जुमा मार्गदर्शन

आगामी आर्थिक वर्ष र त्यसपछिका थप दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही चालू योजना, विषयगत क्षेत्र रणनीतिक तथा गुरुयोजना, आगामी वर्षको लागि प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लिखित विषयहरूलाई

मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण, बजेट अनुमान तथा सांकेतीकरण र आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी तोकिएको समय सीमाभित्र पेश गर्नु हुन अनुरोध छ:

१. नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसुची ८ र ९ मा उल्लेखित अधिकारहरूसँग तालमेल हुने आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ।

२. मध्यमकालीन खर्च संरचना तथा सार्वजनिक खर्च विवरणमा उल्लिखित खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्नुपर्नेछ।

३. विषयक्षेत्र रणनीतिक/गुरुयोजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, विषयगत लक्ष्य तथा उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम अनुसार आयोजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ।

४. चालु आर्थिक बर्षमा संचालित स्थानीय गौरव, रूपान्तरणकारी, क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट अनुमान गर्नुपर्नेछ।

५. आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुक्रे र संख्यात्मक रूपमा धेरै आयोजना छनौट भन्दा ठोस, उपलब्धीमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरूको छनौट गर्नु पर्नेछ।

६. गाउँस्तरीय योजना छनौट गर्दा आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचना समावेश भएका वा कानून अनुसार वातावरण प्रभाव अध्ययन लगायत सम्भाव्यता अध्ययन भई डिजाईन, लागत अनुमान तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रमलाई छनौट गर्नुपर्नेछ।

७. आम नागरिकको आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसरफाई, सशक्तीकरण, रोजगारी र उद्यमशिलता विकास हुने तथा सामाजिक आर्थिक पुनर्लाभिका कार्यक्रमलाई समावेश गर्नु पर्नेछ।

८. स्थानीय तहमा राजस्व अभिवृद्धि गर्ने र आयमूलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।

९. कृषि, खाद्यान्न, पशुपंक्षी तथा पर्यटन उपजको उत्पादन, व्यवसायीकरण, विविधिकरण र औद्योगीकरणलाई सहयोग पु¥याउने कार्यक्रमहरू छनौट गर्नु पर्नेछ।

१०. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।

११. विज्ञान, प्रविधि तथा खेलकुद लगायत युवाको सिर्जनशिलता, नवप्रर्वतनशिलता र उद्यमशिलता विकासमा सघाउ पुग्ने आयोजना तथा कार्यक्रमहरू छनौट गर्नु पर्नेछ।

१२. योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र नवप्रवर्तनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्नु पर्नेछ।

१३. भूउपयोग योजना र क्षेत्र, वस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रममा कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्नेछ।

१४. बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरूको बचाउ, संरक्षण, विकास र सहभागिता सम्बन्धी आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

१५. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरणजस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्नेछ।

१६. विकास निर्माण आयोजनाको हकमा ठोस तथा उपलब्धिमूलक आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ। महिला, विपडिएको वर्ग, विस्थापित, अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम महत्व र प्राथमिकता साथ छनौट गर्नुपर्नेछ।

१७. आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा वातावरणीय प्रभाव अध्ययन र सम्भाव्यता अध्ययन, सर्वेक्षण, ड्रइङ्ग तथा डिजाइन समेत लागत अनुमान तयार भएका प्राविधिक, वातावरणीय, सामाजिक र सांस्कृतिक रूपमा सम्भाव्य देखिएका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ। आयोजना तथा कार्यक्रमको छनौट गर्दा बजेटको स्रोत समेत खुलाइ प्रस्ताव गर्नु पर्नेछ। यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा समयमा संचालन गर्न र बजेट अपुग हुन पाउँदैन।

१८. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक बर्षको खरिद गुरुयोजनालाई समेत ध्यान दिनु पर्नेछ।

१९. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु अगावै सो आयोजना तथा कार्यक्रमबाट लाभान्वित तथा प्रभावित वर्ग तथा समुदाय, साझेदार तथा सहयोगी निकाय र सङ्घ÷राय परामर्श गरी सहमती भएको अवस्थामा मात्र आयोजना तथा कार्यक्रम प्रस्ताव तथा छनौट गर्नु पर्नेछ।

२०. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध बजेट सीमा र मार्गदर्शन अनुसार आयोजना तथा कार्यक्रमगत र विषयगत उपक्षेत्रअनुसार छुट्टाछुट्टै रूपमा तर्जुमा गर्नु पर्नेछ।

२१. उपभोक्ता समिति, नागरिक तथा सामुदायिक संस्था, गैसससँग साझेदारी गर्न र सो मार्फत कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

२२. स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी दिगो विकासका लक्ष्य लगायत वातावरण, सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम व्यवस्थापन, लैंगिक समानता र सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।

२३. योजना तथा बजेट तर्जुमा गर्दा गाउँपालिकाको बिगतको नीति, कार्यक्रम तथा बजेटले लक्षित गरे अनुसारका क्षेत्र, विषयहरूलाई यथासक्य सम्बोधन गर्नुपर्नेछ।

२४. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लेखित ढाँचा तथा फाराममा आयोजना र कार्यक्रम विवरण तयार गर्नु पर्नेछ।

आज्ञाले,

.............................

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची३ : खर्च तथा स्रोतको अनुमान, विषय क्षेत्रगत बजेट, प्राथमिकीकरण र सांकेतीकरण

**आ.व. २०८२ ८३ को क्षेत्रगत उपक्षेत्रगत अनुसारको कार्यक्रम/आयोजनाको बजेट बाँडफाँड र विनियोजन भएपछि यो अनुसुचीमा क्षेत्रगत उपक्षेत्रगत कार्यक्रम/आयोजनाको बजेट र थप आगामी दुई वर्षको प्रक्षेपण समेत अंक राखी  सांकेतिकरण तथा प्राथमिकिकरण समेत गर्न सकिनेछ ।**



# शैलुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

